# पहिलो परिच्छेद

## शोध परिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक स्व. हृषीकेश उपाध्यायका फुटकर कविता सङ्ग्रहहरुको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

### १.२ शोधकार्यको प्रयोजन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय, महेन्द्र रत्न बहुमुखी क्याम्पस इलाम, नेपाली विभाग अन्तर्गत नेपाली विषयको स्नाकोत्तर तह दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

### १.३ विषय परिचय

स्व. डा. हृषीकेश उपाध्यायको जन्म वि.स. १९८८ कार्तिक १० गते स्व. पिता दुर्गाप्रसाद उपाध्याय र स्व. माता देवकुमारी उपाध्यायको कोखबाट पाल्पामा भएको थियो । उनले बाल्यवस्थामा आफ्ना पिताका साथमा आफ्नो अध्ययनलाई अघि बढाए पनि पछि गएर बनारसको हिन्दू विश्वविद्यालयको आयुर्वेद विज्ञान कोर्ष पूरा गरी डाक्टरी उपाधी प्राप्त गरेका हुन् । उपाध्याय बहुमुखी प्रतिभाका धनी भएको देखिन्छ । उनी कर्मठ सामाजिक र राजनैतिक कार्यकर्ता, प्रखर साहित्यकार र समालोचक तथा सफल चिकित्सक थिए । कार्यकर्ता, साहित्यकार र चिकित्सकका रुपहरु उनका व्यक्तित्वका तीन प्रमुख पाटाहरु हुन् र यी तीनै पाटाहरु स्वच्छ र अनुकरणीय रहेका छन् । उपाध्याय साहित्य लेखनका क्रममा धेरैवटा साहित्यिक कृतिहरु प्रकाशन गराउँन सफल देखिन्छन् । उनको पहिलो कृति बगैंचा ( कविता सङ्ग्रह २०२०) हो भने त्यसपछि उनको 'धरतीको वारिस भएर' (कविता सङ्ग्रह २०५६) 'प्रस्थानविन्दु' (निबन्ध सङ्ग्रह २०५९) सरला (सामाजिक काव्य २०६०) अधुरो यात्रा (कथा सङ्ग्रह २०६०) र दुई समालोचनात्मक कृतिहरु 'केही स्रष्टा' द्रष्टाको दृष्टिमा (२०५६) र कृतिकारका अनुहारलाई कृतिभित्र पर्गेल्दा (२०६२) आदि प्रकाशित भएका छन् । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकामा लेखरचनाहरु प्रकाशन भएको देखिन्छ ।

उपाध्याय नेपाली साहित्य परिषद् भद्रपुरका संस्थापक सचिव, भानु पत्रिकाका सल्लाहकार, भद्रपुरनगर बुलेटिनका सम्पादक, अफ्रो एशियन लेखक समिति झापाका अध्यक्ष, ने.रा.प्र.प. को मेची अञ्चल साहित्य सम्पर्क समितिका सदस्य रहेर उनले संस्थागत योगदान पुऱ्याएका थिए । यसरी साहित्य लेखन र विभिन्न संस्थाहरुमा सक्रिय रहने उपाध्याय क्यान्सर जस्तो भयानक रोगबाट पीडित भई २०६७।११।१५ गतेको सूर्योदयसँगै उनले पनि यस धर्तीबाट सदाका लागि विदा लिए ।

साहित्यकार स्व. हृषीकेश उपाध्यायका प्रकाशित कृतिहरुमध्ये निबन्धकारिता र समालोचना तर्फ विस्तृत अध्ययन भई सके तापनि उनका फुटकर कविता सङ्ग्रहहरुको विस्तृत अध्ययन नभएको हुदा उनका फुटकर कविता सङ्ग्रहहरुको विस्तृत अध्ययन गर्दै उल्लेख गर्ने उद्देश्यका साथ यो शोधकार्य तयार पारिएको छ ।

## १.४ समस्या कथन

आफ्नो साहित्य लेखनको प्रारम्भदेखि नै साहित्य क्षेत्रमा योगदान गर्दै आएका हृषीकेश उपाध्यायको फुटकर कविताहरुको बारेमा सुव्यवस्थित र विस्तृत रुपमा अध्ययन नभएको हुँदा प्रस्तुत शोधकार्य निम्न लिखित मुख्य शोध समस्याको विवेचनामा केन्द्रित रहेको छ ।

१. साहित्यकार उपाध्यायको जीवनी के कस्तो छ ?

२.उपाध्यायका कविता सँग्रह भित्रका कविताहरुको अध्ययन के कसरी गर्न सकिन्छ ?

३. वर्तमान नेपाली कविता परम्परामा उपाध्यायको योगदान के कस्तो रहेको छ ?

उक्त समस्यामा केन्द्रित भई साहित्यकार हृषीकश उपाध्यायको बारेमा स्पष्ट सुव्यवस्थित व्याख्या, विश्लेषणका लागि प्रस्तुत शोध कार्य गरिएको छ ।

## १.५ शोधकार्यका उद्देश्यहरु

उपयुक्त शोध समस्याहरुलाई केन्द्रवन्दु बनाई तयार पारिने प्रस्तुत शोध कार्यका उद्देश्यहरु यस प्रकार रहने छन् ।

१. साहित्यकार उपाध्यायको जीवनी र व्यक्तित्वको अध्ययन गर्नु,

२. उपाध्यायका कविताहरुको कृतिगत अध्ययन गर्नु,

३. वर्तमान नेपाली कविताका क्षेत्रमा उपाध्यायको योगदान निरुपण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको कविता, कथा, निबन्ध, समालोचना क्षेत्रका सशक्त प्रतिभा स्व. हृषीकेश उपाध्यायका सम्बन्धमा लक्ष्मी नारायण सापकोटाबाट जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षकमा शोध लेखन कार्य भएको देखिन्छ । त्यस्तै गरी कृष्णप्रसाद दहालबाट उनका निबन्धकारिताको बारेमा शोध लेखन भएको तथा किरण मुखियाबाट समालोचनामा पनि शोध लेखन कार्य भई सकेको पाइन्छ । उनका कृतिमा विभिन्न विद्वान्हरुबाट केही चर्चा परिचर्चा भएता पनि उनले नेपाली कविताका क्षेत्रमा गरेको योगदान र कविताहरुको समीक्षा अध्ययन विश्लेषण तथा मूल्याङ्कन भएको भने पाइँदैन । उनले लेखेका कविताहरुका सङ्ग्रहको भूमिकामा र अन्य केही पत्रपत्रिकामा उनका कविताहरुको सामान्य चर्चा भएतापनि पर्याप्त मात्रामा भने भएको पाइँदैन । कवि हृषीकेश उपाध्याय र उनका बारेमा यस भन्दा पहिले जे जति अध्ययन र विश्लेषण भएका छन् ती मध्ये केहीलाई पूर्वकार्यको समीक्षाका रुपमा प्रस्तुत गरिएको छ ।

- डा. द्रोणकुमार उपाध्यायले ‘सरला’ (२०६०) सामाजिक काव्यको भूमिकामा हृषीकेश उपाध्यायलाई कविका रुपमा कथाकारका रुपमा निबन्धकार  र समालोचकका रुपमा चिनाएका छन् ।
- चन्द्रेश्वर दुबेले बगैचा कविता सङ्ग्रहको भूमिकामा हृषीकेश उपाध्यायको व्यक्तित्वको बारेमा चर्चा गर्दै उनलाई बहुमुखी प्रतिभाको संज्ञा दिएका छन् ।
- चूणामणि रेग्मीले ‘स्वाधिन सम्वाद’ (वर्ष ७ अंङ्क २१, २०५४) मा हृषीकेश उपाध्यायलाई कवि, कथाकार निबन्धकार र समालोचकका रुपमा प्रस्तुत गरेका छन् ।
- मोहनराज शर्माले ‘केही स्रष्टाःद्रष्टाको दृष्टिमा’ २०५६ समालोचना सङ्ग्रहको भूमिकामा हृषीकेश उपाध्यायलाई बहुमुखी प्रतिभाको रुपमा चर्चा गर्दै कर्मठ सामाजिक र राजनीतिक कार्यकर्ता, प्रखर साहित्यकार र समालोचक तथा सफल चिकित्सकको रुपमा वर्णन गरेका छन् ।
- तेराखले जुही साहित्यिक त्रैमासिक पत्रिकाको अङ्क ५८ को साहित्यकार डा. हृषीकेश उपाध्यायको विशेषाङ्कमा साहित्यकार डा.हृषीकेश उपाध्यायलाई झापाका प्रसिद्ध प्रगतिवादी साहित्यकारका रुपमा स्वीकार गरेका छन् ।

- अनिरुद्र तिमसिनाले जुही त्रैमासिक पत्रिकाको हृषीकेश उपाध्यायको विशेषाङ्कमा आशा गरेभन्दा वढी साहित्य सिर्जना गर्न सक्ने सफल साहित्यिक स्रष्टाको रुपमा उपाध्यायको परिचय गराएका छन् ।
- नौलो आवाज साप्ताहिक पत्रिकाको सम्पादकीयमा स्व. डा. हृषीकेश उपाध्यायको मृत्यु पश्चात शोक मन्तव्य प्रकट गर्दै, उपाध्यायले राजनीतिक तथा साहित्यिक क्षेत्रमा लगाएको गुण अविष्मरणीय रहेको र नेपाली साहित्यलाई अघि बढाउन उनको ठूलो योगदान रहेको कुरा चर्चा गरिएको छ ।

यतिका चर्चा भए पनि हृषीकेश उपाध्यायका फुटकर कविताहरुको स्पष्ट विश्लेषण भएको छैन । त्यस कारण यस शोध पत्रमा उपाध्यायका फुटकर कविता सङ्ग्रहहरुको विस्तृत चर्चा गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य र महत्व

प्रस्तुत शोधको औचित्य कवि स्व. हृषीकेश उपाध्यायलाई कविताका माध्यमबाट चिनाउने प्रयासमा आधारित रहेको छ । वि.स. २०२० मा बगैचा कविता सङ्ग्रह प्रकाशन गरेर साहित्य क्षेत्रमा अझ तल्लीन रहेका उपाध्याय २०३५ सालमा 'धरतीको वारिस भएर' भन्ने दोस्रो कविता सङ्ग्रह प्रकाशन गराउन सफल देखिन्छन् । उनका दुई वटा कविता सङ्ग्रहमा ४० वटा कविताहरुलाई समावेश गराएका छन् । यी देखि बाहेक पनि केही फुटकर कविताहरु पत्रपत्रिकामा प्रकाशन भएको पाइन्छ । उपाध्यायका फुटकर कविताहरु विभिन्न टिप्पणीहरु भए पनि सैद्धान्तिक परिप्रेक्ष्यमा उनका कविताहरुको विश्लेषणात्मक अध्ययन र मूल्याङ्कन प्रस्तुत शोधमा गरिने भएकाले उनका माध्यमबाट साहित्यप्रेमि पाठकहरुलाई उनका कविताको बारेमा वस्तुगत ज्ञानको संचार गरिएको छ । हालसम्म उपाध्यायका कविताहरुको समग्र अध्ययन नभएको अवस्थामा यस अध्ययनले एउटा उपलब्धी हासिल गर्नेछन् र यसै उपलब्धीका कुराहरुमा यस शोध कार्यको औचित्य र महत्व स्पष्ट देखिन्छ ।

## १.८ अध्ययन र विश्लेषण विधि

प्रस्तुत शोध कार्यलाई व्यवस्थित र वस्तुगत रुपमा प्रस्तुत गर्नका सङ्कलित सामग्रीहरुलाई वर्णनात्मक र विश्लेषणात्मक ढंगले प्रस्तुत गरिएको छ । यस रुपमा जीवनी र

व्यक्तित्वको अध्ययनका लागि जीवनीपरक र प्रभावपरक पद्धति तथा कृतित्व अध्ययनका लागि समीक्षात्मक तथा विश्लेषणात्मक दृष्टिकोणको अवलम्बन गरिएको छ ।

## १.९ शोधकार्यको सीमाङ्कन

हृषीकेश उपाध्याय नेपाली भाषाको कविता तथा निबन्ध र समालोचनाका क्षेत्रमा बहुमुखी प्रतिभा हुन् । यहाँ उनका कविता सङ्ग्रहहरु बगैचा (२०२०) र 'धरतीको वारिस भएर' (२०३५) दुवै सङ्ग्रहहरुको यस शोध पत्रमा अध्ययन र विश्लेषण गरिएको छ । यी कविता सङ्ग्रहहरुका आधारमा कवि हृषीकेश उपाध्यायको अध्ययन र मूल्याङ्कन गरिने हुँदा यी कृतिमा यस शोधको सीमाङ्कन रहेको छ ।

## १.१० सामग्री सङ्कलन विधि र शोधविधि

प्रस्तुत शोध लेखनका क्रममा पुस्तकालयीय अध्ययनलाई सामाग्री सङ्कलनको मूल आधार बनाइएको छ । यस क्रममा सम्बद्ध पुस्तक पत्रपत्रिकाहरुको अध्ययन गरी सामाग्री सङ्कलन गरिएको छ । यसका साथै विभिन्न व्यक्तिसँग प्रत्यक्ष भेटघाट गरी लिखित र मौखिक रुपमा आवश्यक प्रश्नावली र अन्तर्वार्ताका माध्यमबाट जानकारी लिइएको छ । यसै गरी उपाध्यायका कृति तथा सम्पादीत कृतिका बारेमा लेखिएका भूमिका मन्तव्यहरुलाई पनि सामग्रीको रुपमा लिइएको छ । यसका अतिरिक्ति उनका घरपरिवारका सदस्य समकालीन व्यक्ति र उनका सहयोगी आदिसँग सोधपुछ गरी सामग्री सङ्कलन गरिएको छ ।

## १.११ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको संरचना पक्षलाई सगठित र व्यवस्थित पार्नका लागि निम्नलिखित विभिन्न परिच्छेदहरुमा विभाजन गरी अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

१. पहिलो परिच्छेदः शोधपत्रको परिचय

२. दोस्रो परिच्छेदः कवि स्व. हृषीकेश उपाध्यायको जीवनी र व्यक्तित्व

३. तेस्रो परिच्छेदः कविताको सैद्धान्तिक परिचय

४. चौथो परिच्छेदः कवि उपाध्यायका कविताहरुको अध्ययन र विश्लेषण

५. पाँथौ परिच्छेदः उपसंहार  एवम् समग्र मुल्याङ्कन

उपयुक्त पाँचवटा परिच्छेदहरुलाई आवश्यकता अनुसार विभिन्न उपशीर्षकहरुमा विभाजन गरिने छ । अन्तमा सन्दर्भ सूची र परिशिष्टहरु राखिएका छन् ।

***

# दोस्रो परिच्छेद

## हृषीकेश उपाध्यायको जीवनी, व्यक्तित्व र साहित्य लेखनमा प्रेरणा

### २. जीवनी

### २.१ जन्म र जन्मस्थान

पिता दुर्गाप्रसाद उपाध्यायका दुई भाइ छोरा र चार बहिनी छोरीहरू मध्ये तेस्रो सन्तानका रुपमा जन्म लिएका हृषीकेश उपाध्यायको वास्तविक एवम् न्वारनको नाम चोत्रप्रसाद उपाध्याय भएपनि उनका माता पिताबाट उनको नाम हृषीकेश उपाध्याय राखिएको हो भन्ने कुरा होम सुवेदीसँग गरिएको कुराकानीमा उल्लेख गरिएको छ ।[१] उनको जन्म वि.सं. १९८८ कार्तिक १० गते, तदनुसार २६ अक्टोबर १९८१ मा भएको थियो । यही मिति नै उनका शैक्षिक प्रमाणपत्रहरूमा समेत रहेको पाइन्छ ।[२]

हृषीकेश उपाध्यायको पुर्ख्यौली थलो स्थायी रूपमा रहेको पाइँदैन । यिनका पुर्खाहरू घुमन्ते खालका थिए । यिनका बराजु टंकनाथ उपाध्याय पहाडी प्रदेशको गोरखा जिल्लाको वरपीपल भन्ने गाउँका आदिवासी थिए ।[३] त्यसपछि यिनका बाजे लक्ष्मीनाथ उपाध्याय वानेश्वरका स्थायी बासिन्दा भए । यिनका बुबा दुर्गाप्रसाद उपाध्यायको जन्म त्यही भएको थियो । हृषीकेश उपाध्यायको जन्म चाहिँ पाल्पा जिल्लाको तानसेनमा भएको कुरा उनको जीवनी व्यक्तित्व र कृतित्वको शोधलेखबाट थाहा पाइन्छ ।[४]

### २.२ बाल्यकाल एवम् शिक्षादीक्षा

योग्य मातापिताको तेस्रो सन्तानका रूपमा जन्म लिएका हृषीकेश उपाध्यायमा पितृगुणरूपी विद्वत्ताका साथै मातृसुलभ कोमलता र मिलनसारिता निस्सङ्कोच रूपमा

---

[१].हृषीकेश उपाध्यायले जुही साहित्यिक पत्रिकाको अंक ५८ मा होम सुवेदीसँग गरेको कुराकानीबाट प्राप्त जानकारी ।

[२].पूर्ववत् ।

[३].पूर्ववत् ।

[४].उपाध्यायको जीवनी, व्यक्तित्व र कृतित्वमा, लक्ष्मी नारायण सापकोटाले उल्लेख गरेबाट प्राप्त जानकारी ।

आएको थियो । जुन कुरा स्वयम् उनको जीवनको व्यवहार कुशलता र मिलनसारिताले प्रष्ट्याएको पाइन्छ ।[५]

हृषीकेश उपाध्यायको जन्म पाल्पाको तानसेनमा भएकाले त्यहीको माटो, खोलानालासँग खेल्दै अगाडि बढेको पाइन्छ । यिनी सानै हुँदा यिनको भाइ आदिकेशव उपाध्यायको जन्म भएकाले मातृस्नेहबाट बञ्चित हुन पुगेको देखिन्छ । यिनका बुबा बिहान चार बजे उठ्ने गरेको हुँदा यिनी पनि बुबासँगै बिहानै उठेर धार्मिक कार्यमा संलग्न रहनेगरेको र त्यतिबेला बुबाले सिकाएको गणेशस्तोत्र, सरस्वतीस्तोत्र, दीप प्रज्जवलित गरेपछि ढोग्ने मन्त्र कण्ठ गरेको कुरा शोधनायकबाट थाहापाइन्छ ।[६] पारिवारिक पृष्ठभूमि नै संस्कृतमय धार्मिक, साँस्कृतिक रहेको कारणले गर्दा बाल्यकालमा संस्कृतको प्रभाव परेको देखिन्छ ।

यसरी सुरूमा यिनको बाल्यकाल हर्षोल्लासमय तरिकाले बिते पनि बाबुको मृत्युपछि अनेक समस्याको कारणले कष्टप्रद जीवन बितेको पाइन्छ ।[७]

हृषीकेश उपाध्यायको अक्षरारम्भ घरमै आफ्नै बुबाबाट भएको थियो । त्यसपछि भाषा पाठशालामा चण्डी र अमरकोष अध्ययन गरी । ब्रतबन्धपछि मामा घरमा गएर वेद पढ्न थालेको पाइन्छ । यसै क्रममा कृष्णप्रसाद उपाध्यायसँग लघुकौमदी पढेका थिए । त्यसपछि मटिहानी संस्कृत महाविद्यालयमा मध्यमासम्म पढे र बनारस गएर बनारस विश्वविद्यालय अन्तर्गत वाराणसेय संस्कृत विश्वविद्यालयमा अध्ययन गरेका थिए ।[८] त्यसपछि प्रिमेडिकल कोर्स दुई वर्ष पढेका थिए । वनारस विश्वविद्यालयमा आयुर्वेद विज्ञान तर्फ अध्ययन गरी ए.बी.एम.एस. को अध्ययन पूरा गरेका थिए ।

---

५. पूर्ववत् ।

६. पूर्ववत् ।

७. पूर्ववत् ।

८. उपाध्यायको जीवनी व्यक्तित्वको शोधलेखबाट प्राप्त जानकारी ।

यसरी हृषीकेश उपाध्ययले पहिलो संस्कृत तर्फको प्रभाव प्राप्त गरेपनि पछिल्ला दिनहरूमा उनको झुकाब अंग्रेजीको अध्ययनतर्फ बढेको देखिन्छ ।[९]

## २.३ पारिवारिक जीवन

हृषीकेश उपाध्यायको विवाह वि.सं. २०१० सालमा सुमित्रा उपाध्यायसँग सम्पन्न भएको थियो । २०१३ सालमा झापा आएर स्थायी रूपमा बसोबास गरेको पाइन्छ । २०१३ देखि २०१७ सालसम्म आफ्नो डाक्टरी पेशाबाट धेरै धन आर्जन गरेको र त्यही पैसाले आफ्नो व्यवहारिक जीवनयापन गरेका थिए । उनकी श्रीमती सुमित्रा उपाध्याय केही वर्ष शिक्षिका भएकी थिइन् आफ्नो धेरै समय महिला हकहितका लागि खर्च गर्ने सुमित्रा उपाध्यायले महिला सङ्गठनकी जिल्ला सचिव भएर केही वर्ष काम गरेकी थिइन् ।[१०]

हृषीकेश उपाध्यायका दुई छोरा र दुई छोरी रहेका छन् । तत्कालीन समयमा झापा जिल्लाको भद्रपुरमा शिक्षाको त्यति राम्रो व्यवस्था नभएकाले आफ्ना छोराछोरीलाई काठमाण्डौं, दार्जिलिङ, राजस्थान आदि ठाउँमा लगेर अध्ययन गराएका थिए । शिक्षाले नै मान्छेलाई महान बनाउँछ, शिक्षा नै मान्छेको सम्पत्ति हो भन्ने उपाध्याय छोराछोरीको उज्जवल भविष्यको लागि जग्गा जमिन विक्री गरेर भए पनि राम्रो शिक्षा दीक्षा दिएको कुरा उल्लेख गरिएको पाइन्छ ।[११]

उनको जेठो छोरो अनिमेष उपाध्यायले एम.एल.(कानून)र कान्छो छोरा अखिलेष उपाध्यायले एम.एस. गरेर काठमाण्डौंमा आफ्नो जीवन यापन गरिरहेका छन् । छोरीहरू पद्मा उपाध्यायले बी.ए. र शैलजा उपाध्यायले बी.एस्सी गरेर आफ्नो दाम्पत्य जीवन सुखमय रूपमा बिताइरहेको पाइन्छ ।[१२] भनिन्छ बेलाबेलामा नियतिले मान्छेलाई ठग्छ र उपायहीन बनाउदै अप्ठ्यारो स्थितिमा पुऱ्याउँछ । यसरी नै ठगेको

---

[९]. पूर्ववत् ।

[११]. पूर्ववत् ।

[१२]. घरायसी कामका सहयोगी सत्यनारायण केवटबाट प्राप्त जानकारी ।

छ हृषीकेश उपाध्यायलाई पनि । पहिले ९ विगाह जमिनका मालिक उपाध्याय आफ्नो जीवनको अन्तिम समयसम्म आइपुग्दा ६ कट्ठामा सिमित हुन पुगेका छन् । सबै छोराछोरी आ-आफ्नो बाटो लागेकाले बृद्ध अवस्थामा पनि डाक्टरी पेशालाई नै आय आर्जनको मुख्य बाटो बनाएको पाइन्छ । आफ्नो ७७-७८ वर्षको उमेरमा पनि आफ्नी श्रीमतीको र भाइको उपचारमा आफै तल्लीन भएर लाग्दा लाग्दै दुवैको मृत्य भएपछि आफ्नो एक्लो वेसहरा जीवन बिताउन बाध्य उपाध्यायलाई अन्तिम अवस्थामा घाँटीको क्यान्सर भएपछि छोराहरूको शरणमा काठमाण्डौं पुगेर उपचारमा सम्लग्न रहँदा रहँदै मिति २०६७-११-१५ गते सूर्योदयसँगै उनको जीवन लिला पनि समाप्त भएको कुरा उल्लेख गरिएको पाइन्छ ।[१३]

## २.४ आर्थिक अवस्था र पेसा

हृषीकेश उपाध्याय आर्थिक दृष्टिले हेर्दा बिपन्न परिवारको व्यक्ति थिए । उनको परिवारमा आर्थिक सङ्कटको कारणले सङ्घर्षपूर्ण जीवनयापन गर्नुपरेको थियो । उनले विभिन्न छात्रबृत्तिको माध्यमबाट पढाइ सम्पन्न गरेका थिए यसरी उनको परिवारको आर्थिक अवस्था सुदृढ नभए पनि विद्यार्थी जीवनमा कुनै जागिर खाएका थिएनन् । जब उनले बनारस विश्वविद्यालयको आयुर्वेद विज्ञान तर्फ अध्ययन गरी ए.बी.एम.एस. को अध्ययन पूरा गरेपछि जीवनयापनको बाटो यसैलाई बनाएको पाइन्छ । उपर्युक्त कुराहरूलाई आधार बनाएर हेर्दा हृषीकेश उपाध्याय निम्न आयस्रोत भएका व्यक्ति थिए भन्न सकिन्छ ।

## २.५ स्वभाव र रूचि

मानिस जुन किसिमको वातावरणमा हुर्किन्छ र बढ्छ उसको स्वभाव र बानी व्यवहार पनि सोही अनुरूपको हुन्छ । हृषीकेश उपाध्यायमा पनि यो कुरा लागू भएको देखिन्छ । निम्न मध्यमवर्गीय शिक्षित हिन्दू ब्राहमण परिवारमा जन्मिएका हुनाले उनको स्वभाव शान्त र सौम्य प्रकृतिको रहेको कुरा उपाध्याय सँगको भेटघाटबाट जानकारी

---

[१३]. पूर्ववत् ।

हुन्छ । त्यसैले उनी मृदुभाषी र शिष्ट प्रकृतिका छन् । बढी तडकभडकबाट टाढै रहन खोज्ने उनको स्वभाव रहेको देखिन्छ । उनी बाहिरबाट हेर्दा कठोर स्वभावका देखिए पनि उनको मनचाहिँ कोमल रहेको कुरा उनका छिमेकी तथा उनकामा आउने बिरामी रमेश सापकोटाले बताएका छन् ।[१४]आफू भन्दा ठूलालाई आदर-सत्कार गर्ने र सानालाई माया गर्ने स्वभाव उपाध्यायको रहेको देखिन्छ ।[१५]

हरेक व्यक्तिमा आ-आफ्नै प्रकृतिको रूचि हुने गर्दछ । एक व्यक्तिको रूचि अर्को व्यक्तिको रूचिसँग नमिल्न सक्छ । पारिवारिक पृष्ठभूमि नै अध्यात्मिक भएकाले त्यसबाट छुट्कारा पाउन हृषीकेश उपाध्यायले सकेनन् ।[१६]

अंग्रेजी भाषाको अध्ययन गर्न चाहेका उपाध्यायले आर्थिक कमजोरीका कारण सो चाहाना पूरा गर्न पाएको देखिदैन, जसको कारण नेपाली भाषा साहित्यको सेवामा पनि असर परेको देखिन्छ । उनको इच्छा आकाङ्क्षा यस्तो हुँदाहुँदै पनि बाध्यता तथा विवशताको कारण डाक्टरी पेसामा लाग्न पुगे ।[१७]

सानैदेखि पठनपाठनमा क्रियाशील उपाध्यायले पछिल्लो समयसम्म पनि लेखनकार्यलाई निरन्तरता दिएको र साहित्यका अन्य विधा भन्दा समालोचनातर्फ उनको क्रियाशीलता बढेको पाइन्छ ।

आफ्नो जीवनकाल भरी घरायसी काममा नै व्यस्त रहन्थे । घर सफासुधार राख्ने तथा फुलबारीमा चासो देखाउने उपाध्याय हरेक दिन फूलबारीको गोडमेलमा आफ्नो अमूल्य समय व्यत्तीत गर्थे । खानातर्फ शुद्ध शाकाहारी मात्र ग्रहण गर्ने उपाध्याय मांसाहारी भोजनबाट अलग्गै हुन्थे । दिउँसो अनेक प्रकारको खाना भन्दा फलफूल नै प्रयोग गर्ने गर्थे । पहिला दौरा सुरूवाल कोट, टोपी लगाउने उपाध्याय

---

१४. रमेश सापकोटाबाट प्राप्त जानकारी ।

१५. नाति दिनेश भट्टराइबाट प्राप्त जानकारी ।

१६. रमेश सापकोटाबाट प्राप्त जानकारी ।

१७. उपाध्यायले जुही साहित्यिक पत्रिकाको अङ्क ५८ मा होम सुवेदीसँग गरिएको कुराकानीबाट प्राप्त जानकारी ।

पछिल्लो समयमा उमेरको कारणले हल्का लुगाको रूपमा पेन्टसर्ट तथा सामान्य खालका कुर्तासुरूवाल प्रयोग गदर्थे ।[१८]

## २.६ साहित्य क्षेत्रमा संलग्नता र कृतिहरू

### २.६.१ साहित्य लेखनमा प्रेरणा र लेखन आरम्भ

साहित्यलेखन तर्फ विभिन्न साहित्यकारका साथै रचनाको पनि प्रभाव परेको देखिन्छ । उनी लेखनाथ पौड्यालको 'पिँजडाको सुगा' बालकृष्ण समको आगो र पानी खण्डकाव्य र महाकवि लक्ष्मीप्रसाद देवकोटाका रचनाबाट पनि प्रभावित भएका थिए । हृषीकेश उपाध्यायको निबन्धको विश्लेषणात्मक अध्ययनको शोधपत्रमा कृष्णप्रसाद दाहालले होम सुवेदीसँग गरेको कुराकानी[१९] त्यस्तै विदेशी साहित्यकार प्रेमचन्द्र, गोर्की, चेखव आदिका रचनाबाट प्रभावित हुनाका साथै प्रेरणा पनि ग्रहण गरेका थिए । पिताजीले गरेको संस्कृतको श्लोक गायनले उनका कवितातर्फको मोह बढाएको पाइन्छ ।[२०]

उच्च शिक्षाको लागि बनारस पुगेका हृषीकेश उपाध्याय हाम्रो स्वास्थ्यको आधार (इ.१९५६ छात्रवाणी वाराणसी) पत्रिकामा निबन्धात्मक लेख प्रकाशित गरेर लेखनतर्फ प्रवेश गरेको देखिन्छ । त्यसपछि विभिन्न लेखनका साथै कथा, कविता, सामाजिक काव्य, निबन्ध र समालोचनातर्फ पनि कलम चलाएर सबै विधाहरूमा सफल्ता प्राप्त गरेको पाइन्छ ।[२१]

### २.६.२ प्रकाशित कृतिहरू

हृषीकेश उपाध्यायले छ दशकजतिको समयवधिमा साहित्यका विभिन्न विधा मध्ये, कविता, कथा, निबन्ध, सामाजिक काव्य र समालोचनामा सफलतापूर्वक कलम चलाएको पाइन्छ । यस मध्ये समालोचना प्रमुख विधा हो  भन्ने धारणा उपाध्यायको थियो ।

---

१८. सत्यनारायण केवटबाट प्राप्त जानकारी ।

१९. म.र.ब. क्याम्पस इलामको विद्यार्थी कृष्ण प्रसाद दाहाल : कवि हृषीकेश उपाध्यायको निबन्धको विश्लेषणात्मक अध्ययन २०६६ ।

२०. पूर्ववत् ।

२१. पूर्ववत् ।

उनले आफ्ना साहित्यिक रचनाहरूमा कला र भाव पक्षलाई भन्दा विचारपक्षलाई प्रमुखता दिएको पाइन्छ, जुन सरल सहज सरस एवम् बोध्य समेत रहेका छन् । पद्यपरक रचना प्रारम्भिक कालका र साहित्यमा प्रवेश गराउने निकै महत्वका छन्  र सामाजिक काव्यसम्म सिर्जना गराउने क्षमता भए पनि गद्य क्षेत्रमा नै पछिल्लो समय प्रभावकारी रहेको पाइन्छ । हृषीकेश उपाध्यायका पुस्तकाकार कृति निम्न अनुसार रहेका छन् -

क. बगैंचा (कविता सङ्ग्रह, २०२०)

ख. धरतीको वारिस भएर (कविता सङ्ग्रह, २०३५)

ग. केही स्रष्टाः द्रष्टाको दृष्टिमा (समालोचना सङ्ग्रह, २०५६)

घ. प्रस्थानविन्दु (विविध रचनाहरूको सङ्ग्रह, २०५९)

ङ. सरला (सामाजिक काव्य, २०६०)

च. अधुरो यात्रा (कथा सङ्ग्रह, २०६०)

छ. कृतिकारका अनुहारलाई कृतिभित्र पर्गेल्दा (समालोचना सङ्ग्रह, २०६३)

### २.६.३ साहित्यिक मान्यता र जीवनदर्शन

कुनैपनि साहित्यकारको साहित्यिक कृतिको यथार्थ मूल्य निर्धारण गर्नका लागि उसको जीवनजगतको दृष्टिकोणलाई पनि बुझ्नु नितान्त आवश्यक छ । यस सन्दर्भमा हृषीकेश उपाध्यायलाई हेर्दा उनी मार्क्सवादी विचारधाराबाट प्रभावित भएर साहित्य लेख्छन् । यो विचार वा मान्यता उनको साहित्यमा कुनै न कुनै माध्यमबाट प्रस्तुत भएको देखिन्छ भने न्यून संख्यामा रहेका केही रचनामा फ्रायडीय मनोविज्ञानको पनि प्रभाव रहेको देखिन्छ ।

हृषीकेश उपाध्याय अन्धविश्वास, रूढिवादी परम्पराको विरोध गर्ने र  आफ्नो मनमा लागेका कुराहरू स्पष्ट रूपमा व्यक्त गर्न सक्नु पर्छ भन्ने धारणा उनको रहेको थियो । जातभातको विरोध गर्ने उपाध्यायमा मिलेर बस्नु नै मान्छेको महानता हो भन्ने

दृष्टिकोण रहेको पाइन्छ ।साहित्यले समसामयिक यथार्थको दुरूस्त चित्रण गर्न सक्नु पर्छ भन्ने दृष्टिकोण पनि उनमा रहेको पाइन्छ ।[२२]

## २.६.४ सम्मान र पुरस्कार

कुनै पनि व्यक्तिलाई प्रोत्साहन वा हौसला दिनका लागि सम्मानित गर्नुपर्छ तब मात्र उ आफ्नो कार्यमा दत्तचित्त भएर लाग्छ । हृषीकेश उपाध्यायलाई पनि विभिन्न संघ संस्थाले विभिन्न सम्मान पत्र, कदर पत्र तथा नगद पुरस्कार प्रदान गरेको पाइन्छ ।[२३]

हृषीकेश उपाध्यायलाई २०३४ सालमा सेवापदक, २०३६ सालमा आदरपत्र, २०३९ सालमा महेन्द्र रत्नभूषण[२४] कवि शिरोमणि लेखनाथ पौड्यालको ११२ औं जन्मजयन्तीको समारोहमा सम्मानपत्र, भद्रपुर नगरपालिकाद्वारा २०५५ सालमा अभिनन्दन, देवकोटा सालिक निर्माण स्थानमा जागृति अभिनन्दन, लेखनाथ वाचनालय तथा पुस्तकालयद्वारा अभिनन्दन गरेको पाइन्छ । नवरङ्ग साहित्य प्रतिष्ठान धरमपुर २०५६, रेडक्रस शाखा चन्द्रगढी २०५९ कनकाई साहित्य प्रतिष्ठान सुरूङ्गा २०५९ ले पनि उनलाई सम्मान गरेको पाइन्छ । त्यस्तै गरी देवीप्रसाद उप्रेती निजाश्रम घैलाडुब्बाबाट २०५९ सालमा सम्मानपत्र तथा नगदपुरस्कार समेत प्राप्त भएको थिया ।[२५] यस्तै राष्ट्रिय स्तरदेखि गाउँस्तरसम्म चर्चित रहेका हृषीकेश उपाध्यायलाई स्व. श्री ५ महेन्द्रबाट रु.२,०००।- नगद पुरस्कार समेत प्रदान गरिएको थियो ।[२६]

## २.७ यात्रा तथा भ्रमण

हृषीकेश उपाध्यायले देशका १४ अञ्चलका ६८ जिल्ला तथा विदेशका विभिन्न भागको भ्रमण गरेको पाइन्छ । विदेश यात्रामा भने नेपाल पत्रकार सङ्घको सहयोगमा

---

[२२].पुर्ववत् ।

[२३].पूर्ववत् ।

[२४].हृषीकेश उपाध्याय, प्रस्थानविन्दु (झापाः सुमित्रा उपाध्याय, २०५९) पृ. चिनारी ।

[२५]. पूर्ववत् ।

[२६].पूर्ववत् ।

थाइल्यान्डसम्म भ्रमण गर्ने सुअवसर प्राप्त भएको थियो । साथै आफ्नै लगानीमा उनले मलेसियासम्मको भ्रमण गरको पनि जानकारी पाइन्छ ।[२७]

## २.८ हृषीकेश उपाध्यायको व्यक्तित्वका विविध पक्ष

कुनैपनि व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक वातावरण, संस्कारका साथै समकालीन साथीहरूको सङ्गतले उल्लेखनीय भूमिका खेलेको हुन्छ । उसमा रहेको सिर्जनशील प्रतिभा, चिन्तनमनन् तथा उच्च महत्वाकाङ्क्षाले पनि गम्भीर प्रभाव पारेको हुन्छ । हृषीकेश उपाध्यायको व्यक्तित्व विकासमा समेत एकातिर पारिवारिक वातावरणले सघाएको थियो भने अर्कोतिर बनारस तथा नेपालका विभिन्न वरिष्ठ व्यक्ति तथा साथीभाइहरूको सङ्गतले पनि महत्वपूर्ण प्रभाव पारेको थियो । यसरी हृषीकेश उपाध्यायको राजनैतिक कार्यकर्ता साहित्यकार र चिकित्सक तीनवटै व्यक्तित्वका प्रमुख पाटाहरू स्वच्छ र अनुकरणीय रहेका छन् ।[२८]

अझ निष्कर्षमा भन्दा राजनीतिक, सामाजिक व्यक्तित्व भन्दा साहित्यिक व्यक्तित्व नै उनको महत्वपूर्ण पाटो रहेको छ । [२९] ठूलो निधार, ठूलो नाक, मिलेका दाँत, आँखा ठूला दाह्री तथा कपाल फुलेको गोरो र उज्यालो अनुहार, झट्ट हेर्दा नै प्रभाव पार्न सक्ने व्यक्तित्व उपाध्यायमा देखिन्थ्यो । पहिला दौरासुरूवाल कोटटोपी लगाउने उपाध्याय उमेरको कारणले पछिल्लो समयमा हल्का लुगा लगाउने भलाद्मी पाराका अति रमाइला व्यक्ति देखिन्थे ।[३०]

---

[२७]. पूर्ववत् ।

[२८]. मोहनराज शर्मा 'दुई शब्द' केही श्रष्टाःद्रष्टाको दृष्टिमा (काठमाण्डौं, सुमित्रा उपाध्याय २०५६)

[२९]. होम सुवेदी 'लेखक चिनारी' केही श्रष्टाःद्रष्टाको दृष्टिमा (काठमाण्डौंःसुमित्रा उपाध्याय, २०५६)

[३०].सत्यनारायण केवटबाट प्राप्त जानकारी ।

२.८.१ साहित्यिक व्यक्तित्व

हृषीकेश उपाध्यायको अन्य व्यक्तित्वभन्दा साहित्यिक व्यक्तित्व नै उच्च देखिन्छ ।[३१] उनले २०२० सालमा नेपाली सहित्यि परिषद् भद्रपुरको संस्थागत सचिव, २०२१ सालमा भानु पत्रिकाको सल्लाहाकार, २०२३ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको मेची अञ्चल साहित्यिक सम्पर्क समितिको सदस्य २०४७ सालदेखि जीवनको अन्तिम अवस्थासम्म महानन्द पुरस्कार समितिको अध्यक्ष र देशव्यापी साहित्य सेमिनार आदिमा भाग लिएर सफलतापूर्वक काम गरेका छन् ।[३२] हृषीकेश उपाध्याय बहुमुखी व्यक्तित्व भएका साहित्यकार हुन् । नेपाली साहित्यका धेरै विधामा उनका रचनाहरू प्रकाशन भएको पाइन्छ ।[३३]उपाध्यायको साहित्यिक व्यक्तित्वलाई देहाय बमोजिम अध्ययन गर्न सकिन्छ ।

**२.८.१ .१ कवि व्यक्तित्व**

हृषीकेश उपाध्यायले निबन्धात्मक लेख रचनाको लेखनपछि कविता विधालाई अङ्गीकार गरेको पाइन्छ । २०१४ सालमा पहिलो कविता ‘छानोमा कराएको काग’ प्रकाशित भयो र यो एक व्यङ्ग्यात्मक रचना भएको कुरा उल्लेख गरिएको छ ।[३४] त्यसपछि उनको कविता लेखनमा बाढी नै आएको पाइन्छ र सर्वाधिक सफल पनि भएका देखिन्छन् । बगैंचा २०२०, ‘धरतीको वारिस भएर’२०३५ कविता सङ्ग्रह कवितात्मक कृति हुन् ।  बगैंचा कविता सङ्ग्रहमा १९ वटा कविता र धरतीको वारिस भएर कविता सङ्ग्रहमा २१ वटा कविताहरू सङ्ग्रहित छन् । यस बाहेक

---

[३१]. होम सुवेदी पूर्ववत् ।

[३२]. घनश्याम घिमिरे, नेपाली साहित्यको प्रतिनिधि सेमिनार (अ.प्र.स्नाकोत्तर शोधपत्र ने.के.वि.त्रि.वि. २०६३)

[३३].मोहनराज शर्मा पूर्ववत् ।

[३४]. पूर्ववत् ।

विभिन्न समाचार-साहित्यिक पत्रपत्रिकाहरूमा थुप्रै फूटकर कविताहरू छरपष्ट भएर रहेका छन् ।[३५]

यी कविताको अध्ययन गर्दा उपाध्याय २०१३ सालदेखि नै कविताका क्षेत्रमा कलम चलाएका अथक मानवतावादी प्रगतिवादी कविका रुपमा प्रस्तुत भएका छन् । उनका अधिकांश कविताले समाजमा छरपष्ट भएर छिरोलिएका रतिरागात्मक प्रेमको अभिव्यक्ति दिंदै प्रेम भाव र प्रकृतिको सुन्दरतामा मोहित भएका छन् ।[३६] गद्य पद्य दुवै लयविधानलाई अँगालेर लेखिएका उनका कवितामा अलङ्कार विम्बप्रतिकको प्रचुर प्रयोग गरेका छन् । सर्वसाधारणले बुझ्न सक्ने सरल भाषाको प्रयोगले कविता सम्प्रेष्य बनेका छन् । सुरु-सुरुका कविता भन्दा पछिल्ला कविताहरूमा रतिराकात्मकताको न्यूनिकरण हुँदै गएको छ ।[३७] पछिल्लो समयमा लेखिएका कवितामा मानवतावादी, प्रगतिवादी विचारका साथै जातीय प्रेम र राष्ट्रिय भावना घनिभूत भएर आएको छ । व्यङ्ग्यवाणहरू झन्झन् धारिला र चोटिला बन्दै गएका छन् । समाजमा रहेका दुःख पीडा अभाव औडाहरूको यथार्थ शब्दचित्र जिउँदो भएर उभिएका छन् । भाषा, शिल्पभाव र विचारले खारिएका अनुभवजन्य अनुभूतिहरूले सिँगारिएका उपाध्यायका कविता राष्ट्रिय स्तरसम्मै उठेका छन् । त्यसैले उनी बढी योगदान पुऱ्याउन सफल भएका छन् । उनका दुई कविता सङ्ग्रहदेखि बाहेक पछिल्ला दिनमा विभिन्न पत्रपत्रिकामा प्रकाशित कविताहरू अत्यन्तै परिष्कृत छन् ।[३८]गहिरा भाव स्पष्ट विचार बोकेका यी कविताको काव्यात्मक उचाइले चुली छोएका छन् । यसरी हेर्दा उनको कवि व्यक्तित्व पनि उत्कृष्ट देखिन्छ ।

---

[३५]. चूडामणि वशिष्ट (जुही साहित्यिक त्रैमासिक पत्रिका उपाध्यायको विशेषाङ्क) ।

[३६]. पूर्ववत् ।

[३७]. पूर्ववत् ।

[३८]. पूर्ववत् ।

### २.८.१.२ काव्यकार व्यक्तित्व

जीवनमा एउटा छन्दोबद्ध सामाजिक काव्य लेखेर काव्यकारको रूपमा पनि उनले आफूलाई प्रस्तुत गरेका छन् । यस काव्यले पाण्डुलिपिको रूपमा रहेको धेरै समयपछि मात्र प्रकाशन हुने सुअवसर प्राप्त गरेको थियो ।[३९] सरला काव्य सामाजिक घट्ना वृत्तमा आधारित सामाजिक चेतनाकै एक विशिष्ट उद्‌गार हो । सामान्ती संस्कारद्वारा प्रताडित आफ्नो स्वतन्त्रता र स्वयत्तता गुमाएकी नारीको कथा हो । कवि उपाध्यायले शोषित दमित समाजको मर्मलाई विवेकहीनता र विषमतालाई नङ्ग्याउने र व्यङ्ग्यात्मक प्रहार गर्ने सार्थक प्रयास गरेका छन् । सहज संवेद्य सरल भाषा शैलीमा परिष्कृत प्राञ्जल अभिव्यक्ति छ । दश सर्गको काव्यमा दश भन्दा बढी नै छन्दहरूको प्रयोग भएको पाइन्छ । प्रेम प्रीतिका भावनाहरू अत्यन्त शिष्ट शालीन र मर्यादाका साथ प्रस्तुत भएका छन् । प्रकृतिको वर्णनमा राष्ट्रिय सौन्दर्यको अभिव्यञ्जना लयात्मक संवेदनाले मधुर लाग्दछ । विचार भन्दा कलाको सौन्दर्य प्रभावकारी रहेको पाइन्छ । कवि उपाध्यायका प्रस्तुत काव्यमा राष्ट्रियताको भावना र सामान्ती उत्पीडनका विरुद्ध मुक्तिको चाहना मुखरित छ भन्न सकिन्छ । अमानवीय व्यवहारका विरूद्ध सामाजिक न्याय र मानवीय मूल्यलाई अगाडि सारेको देखिन्छ । कविताहरूमा भन्दा काव्यात्मक अभिव्यक्ति र वस्तु सँगठनका साथै संरचनात्मक पक्षमा कवि निकै सफल रहेका छन् ।

सरला काव्य भित्र ठाउँ-ठाउँमा उपाध्यायले कविता लेखे भन्नु भन्दा पनि उनलाई कविताले टिपेर लगेको प्रतीत हुन्छ । काव्यात्मक शैली परिष्कार परिमार्जन मात्रै नभएर प्रगतिवादी विचारको तिख्खर अभिव्यक्तिले वजन वढाएको छ । वर्गीय द्वन्द्व मार्फत मार्क्सवादी चेतनाको अभिव्यक्ति पनि यस काव्यले गरेको छ । यस काव्यका ५५३ श्लोकलाई १० वटा सर्ग र ७१ पृष्ठको संरचनामा ढालेर अनुभूतिको विस्तार यात्रा उपाध्यायले पूरा गरेका छन् । कवि उपाध्यायको कवित्वको उचाइलाई यही काव्यले मापन गरेको छ । सम्पत्ति र कूलीनताको आडम्बर भन्दा स्वच्छ मानवीय मन नै ठूलो हो भन्ने निष्कर्ष काव्यले निकालेको छ । यो काव्य उपाध्यायको प्रगतिशील विचार भएको उच्च

[३९]. पूर्ववत् ।

कोटिको सामाजिक काव्य हो । यसरी हेर्दा उनको काव्यात्मक व्यक्तित्व पनि प्रवल रहेको पाइन्छ ।

### २.८.१.३ कथाकार व्यक्तित्व

हृषीकेश उपाध्यायले कथाकारको रूपमा पनि आफूलाई स्थापित गराएको देखिन्छ । वि.सं. २०२१ सालमा भद्रपुरबाट निष्कने 'भानु' त्रैमासिक पत्रिकामा 'पराजय' शीर्षकको कथा छापिएपछि उनको कथा यात्रा प्रारम्भ भएको देखिन्छ । त्यसपछि विभिन्न पत्रपत्रिकाहरूमा बेग्ला बेग्लै छापिएका नौवटा कथाहरू अहिले अधुरो (२०६०) सङ्ग्रहमा सङ्कलित छन् । कवि उपाध्यायका यो कथा सङ्ग्रहका यी नौवटा कथाहरू सरल शैलीमा प्रस्तुत गरिएका छन् । प्राय सबै कथाहरूको विषयवस्तु प्रेम भावना रहेको पाइन्छ । केही कथामा विचार पनि प्रस्तुत भएको पाइन्छ । आफ्नो परिवेशको चित्रण गर्ने क्रममा कथाकारले केही आफू बसोबास गरेको ठाउँको वर्णन गरेका छन् भने केही कथामा घुमे-फिरेका ठाउँको वर्णन गर्ने मोह भएको पाइन्छ । भावनाका सन्दर्भमा भन्ने हो भने प्रेम भावका अनेक रूपलाई कथाकारले बढो सालिन ढङ्गले प्रस्तुत गरेका छन् । विचारको प्रवाह गर्न पनि खारिएका पात्र उभ्याएको पाइन्छ । यस कथा सङ्ग्रह भित्रका कथाहरूमा निम्न वर्गीय र निम्न मध्यम वर्गीय पात्रको चयन गरिएको पाइन्छ । शैलीका दृष्टिले यस सङ्ग्रहका कथाहरू कुनै एकलापीय मनोवादात्मक ढाँचामा लेखिएका प्रथम पुरुषात्मक शैली अँगालिएका छन् । कुनै सम्वादात्मक ढाँचामा लेखिएका नाटकीय शैली अँगालिएका छन् । कुनै तार्किक शैलीका छन् । सबै कथाहरूको गठन विधि चुस्त र सरल छ । सामाजिक यथार्थ, समाज मनोविज्ञान, अस्तित्ववाद, विसँगतिवादलाई अन्याय अत्यचार, शोषणविहीन समाजको परिकल्पना, वर्गीय विषमताको पदर्शन र विश्लेषण गर्नु उपाध्यायका कथाहरूको प्रमुख विशेषता रहेको देखिन्छ ।

समग्रमा उपाध्यायका कथाहरूको अध्ययन गर्दा उपाध्यायलाई एक सशक्त आधुनिक कथाशिल्पीका पङ्क्तिमा उभ्याएको पाइन्छ । प्रत्येक कथाको आफ्नै विशेषता

र तिनले पाठकको हृदयमा सहजै छाप छोड्ने भएकाले कथाकारका रूपमा उनी सफल रहेका छन् ।

### २.८.१.४ समालोचक व्यक्तित्व

हृषीकेश उपाध्याको समालोचक व्यक्तित्व अन्य व्यक्तित्व भन्दा निकै उर्वर देखिन्छ । आफ्नो जीवनको अन्तिम अवस्थातिर आए पछि अन्य सृजनातिर भन्दा समालोचना तर्फ नै बढी मात्रामा सक्रिय रहेको पाइन्छ । समालोचक उपाध्यायले २०५६ सालमा केही 'स्रष्टाः द्रष्टाको दृष्टिमा' नामक समालोचना सङ्ग्रह प्रकाशित गरेका छन् भने २०६३ सालमा आएर 'कृतिकारका अनुहारलाई कृति भित्र पगैल्दा' नायक अर्को समालोचनात्मक ग्रन्थ प्रकाशन गराएका छन् । यी दुवै ग्रन्थमा गरी जम्मा २७ वटा समालोचनाहरू सङ्कलित छन् । ती समालोचनाहरूको अध्ययनबाट उनका विविध समालोचकीय विशेषताहरू खुट्याउन सकिन्छ ।

समालोचक उपाध्याय मूलतः मार्क्सवादी समालोचक हुन् । उनको समालोचना गर्ने मूल दृष्टिकोण मार्क्सवादी छ । त्यस्तै गरी प्रगतिशील स्रष्टा र सृजनालाई पनि समीक्षार्थ छानेको पाइन्छ । युद्धप्रसाद मिश्र, मोदनाथ प्रश्रित, गोकुल जोशी जस्ता अन्य विभिन्न प्रगतिवादी फाँटका सर्जकहरूको व्यक्तित्व र कृतित्वको निष्पक्ष मूल्याङ्कन गर्ने प्रयास उपाध्यायले आफ्ना समालोचनाहरूमा गरेका छन् । विभिन्न लेखहरूमा उपाध्यायले प्रगतिशीलताको राम्रो खोजी गर्नुका साथै कुन कृति वा कृतिकारका सवल वा दुर्वल भएर व्यक्त भएको छ भन्ने तथ्यको सन्तुलित उद्घाटन भएको कुरा मोहनराज शर्माको टिप्पणी छ ।[४०]

समालोचक उपाध्यायको समालोचना गर्ने शैली प्रभाववादी छ । कृतिलाई पढेर त्यसले पारेको प्रभावका आधारमा विवेचना र मूल्याङ्कन गर्ने त्यस पद्धतिलाई उपाध्यायले आत्मसाथ गरेका छन् । आफूलाई समालोचक भन्नु भन्दा रसास्वादक भन्न

---

[४०]. पूर्ववत् ।

रुचाउने समालोचक उपाध्यायका प्रायजसो समालोचनामा प्रभाववादी पद्धति नै प्रमुख रूपमा आएको पाइन्छ ।[४१]

उपाध्याय जीवनीपरक समालोचक पनि हुन् । उनले युद्धप्रसाद मिश्र, गोकुल जोशी आदि केही प्रगतिवादी स्रष्टाका जीवनीको पनि खोजी गरी तिनका व्यक्तित्व र कृतित्व पक्षको समेत मूल्याङ्कन गरेका छन् । उनका जीवनीपरक समालोचनामा शोधपरकता पनि अपनाइएको छ । यसर्थ उनको समालोचकीय पद्धतिमा शोधपरकता पनि पाउँन सकिन्छ । सम्बद्ध व्यक्ति-व्यक्तित्व र कृतिबारे तथ्यहरूको अन्वेषण गरी अनुसन्धानपरक ढङ्गले पनि केही समालोचना उनले गरेका छन् । समालोचक उपाध्यायले समालोचनाका लागि विशेषतः कविता विद्या र त्यसका सर्जकलाई छानेको देखिन्छ । दुई-चार समालोचनालाई छाडेर उनका समालोचना कविता काव्य एवम् कविमै केन्द्रित रहेका छन् ।[४२]

उपाध्यायले नयाँ र पुराना दुवै खाले सर्जकहरूका सिर्जनाको समालोचना गरेका छन् । नयाँ सर्जकका सिर्जनाको समालोचना गरिदिएर उनीहरूमा प्रेरणा र हौसला बढाइ दिने काम गरेका छन् । उपाध्यायले समालोचनाको निम्ति छानेका कृतिको रौचिर गरी त्यसको उचित मूल्याङ्कन गर्नु कृतिमा रहेका अधुरा अपुरा पक्षको सङ्केत गर्दै त्यसको परिपूति समेत गरिदिन उनका समालोचना सक्षम छन् । सरल सहज भाषामा निर्भीक भएर गहन विचार दिन सक्ने उपाध्यायका समालोचनाले कृतिभित्रको दोष पक्षको आलोचना गर्नु भन्दा पनि सबल पक्षको पारख गरेका छन् । कृतिहरूलाई नेपाली सामाजिक, राजनैतिक परिवेश र प्रगतिवादी चश्माले नियाल्नु, समालोचकको वैशिष्ट्रयता रहेको पाइन्छ ।[४३]

---

[४१]. पूर्ववत् ।

[४२]. पूर्ववत् ।

[४३]. पूर्ववत् ।

यसरी समालोचक हृषीकेश उपाध्यायका समग्र समालोचनाहरूलाई नियाल्दा उनका समालोचनाले सर्जकलाई प्रेरणा हौसला र उत्साह भने मात्र नभई उचित न्याय पनि दिएका छन् ।

### २.८.१.५ निबन्धकार व्यक्तित्व

हृषीकेश उपाध्यायको साहित्यिक यात्राको प्रारम्भ साहित्यका विविध विधाहरूमध्ये निबन्ध विधासँग सम्बन्धित विभिन्न गद्यलेखनहरूबाट भएको पाइन्छ । विद्यार्थी जीवनदेखि नै रचना लेख्दै आएका उपाध्यायको निबन्धलेखन २०२४ सालमा 'सौगात' मा प्रकाशित 'लेखकका समस्या र समाधान' भन्ने निबन्धबाट शुरु हुन्छ । उनले आफ्ना फुटकर निबन्धहरूलाई 'प्रस्थानविन्दु' नामक निबन्ध सङ्ग्रह (२०५९) मा सङ्ग्रहीत गराएका छन् । यस सङ्ग्रह भित्र १९ वटा निबन्धहरू संकलित छन् ।[४४]

निबन्धकार डा. उपाध्यायको प्रस्थान विन्दु (२०५९) मा संकलित उन्नाइसवटा निबन्धहरूको संक्षिप्त अवलोकन गर्दा साहित्यकार उपाध्यायले आफ्नो कथ्यलाई सरल ढङ्गले इमान्दारीपूर्वक प्रस्तुत गर्ने जमर्को गरेको पाइन्छ । यस निबन्ध सङ्ग्रहमा उनका झण्डै एकचालिस वर्ष भित्रका निबन्धात्मक रचनाहरू सङ्कलित भएका छन् । वि.सं. २०१३ सालमा 'छात्रवाणी' मा प्रकाशित 'हाम्रो स्वास्थ्यको आधार, देखि लिएर सुखानी ( २०५५) मा प्रकाशित 'प्रगतिशील साहित्य र यसमा देखिएका केही समस्याहरु' सम्म सङ्कलित छन् । उनको निबन्ध यात्रा निकै लामो देखिन्छ तापनि जटिल भने छैन् । सरल एवम् संवेद्य भाषामा लेखिएका निबन्ध यात्रालाई विभिन्न चरणमा बाँड्न सकिन्छ तापनि प्रवृत्ति र शैलीगत दृष्टिले हेर्दा यी निबन्धहरूका बीच तात्विक भिन्नता पाइदैन । पछिल्लो चरणमा आएर लेखकमा सामाजिक चेतना केही बृद्धि भएको र ती निबन्धहरूमा सामाजिक वैचारिक सन्दर्भ केही भिन्न रूपमा जोडिएको भए पनि स्पष्ट सामाजिक दृष्टिकोणको अभाव भने पछि सम्म नै खड्किरहने भेटाइन्छ । यसरी उपाध्यायका निबन्धहरूमा समाज सन्दर्भ भन्दा व्यक्ति सन्दर्भको प्रबलता चाहिँ दुर्बलता हो भन्न सकिन्छ । धार्मिक अन्तविश्वास र रुढीको विरोध सामाजिक, आर्थिक परिवर्तनको चाहना,

---

[४४].होम सुवेदी प्रस्थान विन्दू निबन्धको सङ्ग्रहको भूमिकामा ।

राष्ट्रियताप्रति चिन्ता र चासो लेखनमा इमानदारीता र स्वाभिमानी चेत एवम् समष्टिमा प्रगतिशील आग्रह बोकेका उपाध्यायको 'प्रस्थानविन्दु' एक समष्टि स्वरुपमा निबन्धात्मक अभिव्यक्तिको प्राप्ति हो भनेर मान्नु पर्दछ ।[४५] उपाध्यायका निबन्धहरू कतै आत्मापरक कतै वस्तुपरक शैलीमा लेखिएका यी निबन्धहरूमा विकृति विसँगति विरोधाभाषप्रति व्यङ्ग्य पनि गरिएको छ । जनचेतना भरिएको छ र स्वाधीनता र स्वतन्त्रताको उद्घोष गरिएको छ । विविध विषयका सामाग्रीहरूको संयोजन गरेर लेखिएको यो कृति अत्यन्तै पठनीय भन्न पुगेको छ । यस कृतिले उपाध्यायलाई एउटा सफल निबन्धकारका रूपमा उभ्याएको छ ।

### २.८.१.६ सम्पादक व्यक्तित्व

हृषीकेश उपाध्यायले झापा जिल्लाको भद्रपुर अन्तर्गत नगरपञ्चायत बुलेटिनको सम्पादक भएर २०११ सालमा काम गरेको देखिन्छ । त्यस्तै कस्तुरी पत्रिकाको २०३६ सालमा र झापा जिल्ला पञ्चायतको मासिक प्रकाशनको पनि सम्पादक भएर काम गरेबाट उनको सम्पादक व्यक्तित्व पनि उत्कष्ट रहेको देखिन्छ ।[४६]

### २.८.१.७ प्रवक्ता व्यक्तित्व

बनारसबाट आफ्नो पढाई पूरा गरी भद्रपुर फर्केपछि हृषीकेश उपाध्याय सामाजिक, राजनीतिक, साहित्यिक आदि विभिन्न कार्यमा सम्लग्न रहे । कुनै समितिको गठन गर्नु पऱ्यो भने साहित्यिक प्रवचन, गोष्ठी आदि गर्नु पऱ्यो भने उनको नाम त्यस्तो क्षेत्रमा प्रवक्ताको रूपमा आउने गर्दथ्यो ।[४७] उनी कुनै पनि कार्य भनेपछि मरिमेट्ने व्यक्ति भएकाले त्यस कार्यलाई जहिले पनि पूरा गरी छाड्थे । उनी विषयको प्रस्तुततीकरण पनि अति प्रभावकारी ढङ्गले गर्थे । आवश्यकता अनुसार कविताको वाचन गर्न पनि पछि पर्दैनर्थे । स्पष्टबादीता उनको असल गुण भएकाले वक्ताको रूपमा होस् वा गफ गर्दा

---

[४५].मोहनराज शर्मा दुई शब्द केही स्रष्टा द्रष्टाको दृष्टिमा' पूर्ववत् ।

[४६].पूर्ववत् ।

[४७]. रूद्र खरेलबाट प्राप्त जानकारी ।

शंकास्पद कुरा कहिल्यै गर्दैनथे । उनी आफ्नो चित्तमा लागेको कुरा हृदय खोलेर प्वाक्क भन्ने गर्थे तर चित्त नबुझेका कुरामा कस्सर विरोध गर्थे ।[४८]

### २.८.१.८ सामाजिक व्यक्तित्व एवम् धार्मिक

मान्छे सामाजिक प्राणी भएकाले समाजबिना एक्लै बस्न सक्दैन । उसलाई हरदम समाजको आवश्यकता पर्छ । उनी पेसामा डाक्टर भए पनि समाजका लागि उनले धेरै योगदान गरेको पाइन्छ ।

उनले सरकारी तथा गैरसरकारी संस्थामा कार्यरत भएर समाजसेवा गरेको देखिन्छ । नेपाल रेडक्रस सोसाइटीको अध्यक्ष, बहुउद्देश्य मा.वि. को अध्यक्ष मेची बहुमुखी क्याम्पसको निर्माण समितिको अध्यक्ष, देवकोटा स्मृति भवनको संस्थापक अध्यक्ष, भद्रपुर गौशालाको सदस्य, प्राकृतिक चिकित्सालयको संस्थापक सदस्य, लेखनाथ पुस्तकालयको सल्लाहाकार, डा. नरेन्द्र चापागाई स्मृति प्रतिष्ठानको संस्थापक सदस्य, भानुस्मारक समितिको अध्यक्ष, मिल्स एवम् मर्चेन्ट्स सार्वजनिक आर्थिक सहयोग समितिको अध्यक्ष पदमा रहेर पनि उनले काम गरेको देखिन्छ  यी संघ सस्थाहरूले उनको कार्य असल भएको मूल्याङकन गरेका छन ।[४९]

हृषीकेश उपाध्याय पेसाले डाक्टर भएपनि आध्यात्मिकतातिर पनि उनको उत्तिकै मन गएको पाइन्छ । यिनी बिहानै चार बजे उठेर दैनिक दुई घण्टा पूजापाठमा आफ्नो समय बिताउने गर्थे । यसमा उनलाई आनन्दको अनुभव हुने कुरा उनी व्यक्त गर्थे । त्यसै गरी चाडपर्वहरूमा मन्दिरहरूमा गएर पूजापाठ पनि गर्ने गर्थे ।[५०] यी कुराहरूबाट उनको धार्मिक व्यक्तित्व पनि रहेको स्पष्ट हुन्छ ।

---

[४८]. पूर्ववत् ।

[४९]. पूर्ववत् ।

[५०]. सत्यनारायण केवटबाट प्राप्त जानकारी ।

### २.८.१.९ राजनीतिक व्यक्तित्व

हृषीकेश उपाध्यायको राजनीतिक व्यक्तित्व पनि उत्तिकै प्रबल रहेको देखिन्छ । विश्वेश्वरप्रसाद कोइरालाबाट प्रभावित भएका उपाध्यायमा महात्मा गान्धीको मृत्युपश्चात पूर्णतः बिचारमा परिवर्तन आएको थियो त्यस्तै उनका साथी द्रोण आचार्य र भवानी घिमिरेबाट पनि उनी राजनीतिमा प्रभावित भएका थिए ।[५१]

सुरूमा हृषीकेश उपाध्यायमा मार्क्सवादी बिचार वा धारणा दिमागमा भएपनि त्यसलाई वाह्य रूपमा प्रस्तुत गरेका थिएनन् । २०१३ सालदेखि उनी झापाको भद्रपुरमा स्थायी रूपमा बसोवास गर्न थालेपछि राजनीतिक व्यक्तित्वको विकास पनि क्रमशः वढ्दै गएको पाइन्छ । २०१७ सालको राजनीतिक घटनाको कारणले उनी पञ्च बनेको पाइन्छ ।[५२]

२०१९ सालदेखि २०३१ सालसम्म नगर पञ्चायतको सदस्य २०२१ सालमा प्रधानपञ्च २०३६ सालमा युवक सङ्गठनको सचिव नेपाल प्रौढ सङ्गठन झापाको सभापति २०३२ दखि २०३५ सालसम्म गाउँफर्क समितिको केन्द्रीय सल्लाहाकार, प्रौढ सङ्ठनको जिल्ला सभापति र २०४० सालमा पञ्चायत नीति तथा जाँचबुझ समितिको सदस्य भएर पनि उनले काम गरेका थिए ।[५३]

२०४६ सालमा प्रजातन्त्रको लागि आन्दोलनहरू भएपछि त्यसबाट पनि उपाध्याय अलग बस्न सकेनन् । यस आन्दोलनमा उनी सक्रिय भएर लागे । यो क्रममा पहिलेदेखि दिमागमा बसेको मार्क्सवादी बिचारलाई खुल्ला रूपमा प्रस्तुत गर्दै २०४७ सालमा नेपाल कम्युनिष्ट पार्टी बर्मा समूहमा प्रवेश गरे । त्यसपछि नेपाल कम्युनिष्ट पार्टी संयुक्तमा प्रवेश गरे । पछिल्लो समयमा आएर नेपाल कम्यनिष्ट पार्टी

[५१]. उनको जीवनीबाट प्राप्त जानकारी ।

[५२]. पूर्ववत् ।

[५३]. पूर्ववत् ।

संयुक्तकै केन्द्रीय सदस्य भएर अन्त्यसम्म काम गरेको पाइन्छ ।[५४] यी विभिन्न घटना क्रमवाट हृषीकेश उपाध्यायको राजनीतिक व्यक्तित्व पनि अरूभैँ उत्तिकै प्रवल रहेको कुरा स्पष्ट हुन्छ ।

### २.८.१.१० चिकित्सक व्यक्तित्व

आफ्नो जीविकोपार्जनको मुख्य आधार डाक्टरी पेशालाई बनाउने उपाध्याय यस कार्यमा दत्तचित्त भएर लागेका छन् । बिरामीहरूको सहीतरिकाले सेवा गर्ने बानी उनमा रहेको पाइन्छ । जे रोग लागेको छ त्यही भनिदिने र निको हुन्छ नआत्तिनुहोस् भनेर सान्त्वना दिने कुरामा पनि उनी पछि पर्दैनथे । बाटामा वा गाडीमा कसैले रोगको बारेमा केही सोधेको खण्डमा झर्को नमानी उत्तर दिने र बिरामी त्यही भएको खण्डमा रोगको उपार गर्न पनि तयार हुने उनको बानीरहेको पाइन्छ । बिरामीको अवस्था हेरी आफ्नै घरमा तथा बिरामीकै घरमा गएर उपचार गर्थे ।[५५] पैसामा मात्र लिप्त हुने भन्दा पनि बिरामीको उपचारमा दिनरात लागिरहन उनी रूचाउँथे ।

गरिब दु:खीहरूलाई नि:शुल्क उपचार गर्थे । उनको उपचारात्मक व्यावहारबाट खुशी भएको जानकारी उनीकहाँ आउने बिरामीहरूले बताएका छन् । यसरी उनको डाक्टरी ब्यक्तित्व पनि उत्तिकै प्रवल रहेको देखिन्छ ।

## २.९ निष्कर्ष

डाक्टर, साहित्यकार, समाजसेवी, पत्रकार र राजनीतिज्ञ आदि विविध व्यक्तित्वको विकास गरेका हृषीकेश उपाध्यायको साहित्य एउटा पाटो हो । साहित्यमा पनि कथा, कविता, निबन्ध र समालोचना आदि जस्ता विधामा कलम चलाउने उपाध्याय नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । आफ्नो जीवनको युवक अवस्थादेखि बृद्ध अवस्थासम्म नै साहित्य साधनामा लागि परेर सातवटा कृतिको प्रकाशन र त्यतिनै संख्यामा प्रकाशोन्मुख कृतिको प्रकाशन र त्यति नै संख्यामा प्रकाशोन्मुख कृतिको सिर्जना गर्नु उनको

---

[५४]. पूर्ववत् ।

[५५]. पूर्ववत् ।

साहित्यप्रतिको तपस्याको प्रतिफल हो । उपाध्याय आफ्नो चिकित्सक पेशा र साहित्यमा बढी सफल छन् । साहित्यमा पनि समालोचना र कविता उस्तै भए पनि कवितामै उनलाई सर्वाधिक सफलता मिलेको छ । गुणात्मक र परिमाणात्मक दुवै हिसाबले उनका कृति कम छैनन् । नेपाली साहित्यको राष्ट्रिय स्तरमा नै स्थापित प्रगतिवादी साहित्यकार हुन् उपाध्याय । यसरी साहित्यिक दृष्टिकोणले उपाध्यायलाई हेर्दा नेपाली साहित्यका विशिष्ट प्रतिभा मध्येका एक हुन् र मुख्यतः कवि, कथाकार समालोचक निबन्धकारको रूपमा चिनाउनु उपयुक्त हुने निष्कर्ष निकाल्न सकिन्छ ।

***

# तेस्रो परिच्छेद

## कविताको सैद्धान्तिक परिचय

### ३.१ कविताको सैद्धान्तिक परिचय

#### ३.१.१ कविताको परिचय

साहित्यका विविध विचारहरूमध्ये कविता एउटा प्राचीन र समृद्ध विद्या हो । साहित्यको ऐतिहासिक पृष्ठभूमिमा कविताको महत्वपूर्ण स्थान रहेको छ । कविता लयात्मक भाषिक कलाका रूपमा चिनिन्छ अनि यो सौन्दर्य परक लयात्मक भावुक अभिव्यक्तिको वाङमय पनि हो ।[५६]कविता सर्जकलाई कवि भनिन्छ । कविले सिर्जना गरेको भावात्मक, श्रृङ्गारिक एवम् लयात्मक रचनालाई कविता भनिन्छ । कविताको आयममा बृद्धिहुँदैजाँदा आख्यान वा कथांशका योगले कविताको रचनापरम्परामा बृद्धि हुन्छ । अहिले काव्य शब्दले कविता खण्डकाव्य, सामाजिक काव्य र गीतिकाव्यलाई समेत बुझाउँछ । कविताका विभिन्न उपविधाका सन्दर्भमा आख्यानीकरण र नाटकीकरणको सम्भाव्य भूमिकालाई दृष्टिगत गर्दा साहित्यका आख्यान र नाटक जस्ता विधासँग तुलना गरी कविता विधालाई प्रस्ट्याउन सकिन्छ । कविताका कला र भाव गरी दुई पक्ष रहेका हुन्छन् । कविताका लागि यी दुई आवश्यक पक्षको रुपमा चिनिन्छन् । कलाले कविताको बाहिरी संरचना वा रूपलाई अँगाल्छ । कविताको शरीरका रूपमा रहेको यस पक्षको बेग्लै महत्व रहेको पाइन्छ । त्यस्तै भाव पक्ष भन्नु कविताको आन्तरिक पक्ष हो । कविताको आत्मा नै भाव हो । कविता बन्नका लागि कला र भाव अथवा शरीर र आत्मा दुवै अनिवार्य पक्ष बनेका छन् । यी दुईमा कुनै एक पक्षको उपस्थिति नभए कविताले कविताको स्तर पाउँन सक्दैन ।

कविता लेखनको थालनी हुनु अगाडि यसको सम्बन्ध लोकजीवनसँग रहेको पाइन्छ । लोक जीवनसँग सम्बन्धित भएर प्रकट भएको लोकगीतले कविताको रूप प्राप्त गरेको हो, भन्न सकिन्छ । त्यसपछि कविता लेखनको कार्य थालियो । पूर्वमा “ऋग्वेद” “रामयण” “महाभारत” जस्ता ग्रन्थहरू देखा परे भने पश्चिममा “ओडेसी” र

---

[५६].नेपाली कविता भाग ४ ।

"इलियड" जस्ता बृहत आकारका काव्यकृतिहरू देखा परेर यी काव्य कृतिबाट नै कविताले व्यापक रूपमा विस्तारित हुने अवसर प्राप्त गऱ्यो ।[५७] कविता लेखनको क्रममा तीब्रता पनि यही समयदेखि आएको पाइन्छ । यी परिभाषाबाट कविता भावात्मक लोकजीवनसँग सम्बन्धित कलात्मक छोटो आख्यानयुक्त वा लामो आख्यान भएको भावपरक रचना हो भन्ने स्पष्ट हुन्छ ।काव्य साहित्यको एक विधा हो । पूर्वीय तथा पाश्चात्य साहित्यमा छुट्टाछुट्टै रूपले यसलाई चिनाउने काम भएको छ । कवितालाई चिनाउन यहाँ काव्यको व्युत्पतिमूलक अर्थ र परम्पराको सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ ।

### ३.१.२ कविताको पूर्वीय मान्यता

पूर्वीय साहित्य परम्परामा कविता काव्य शब्द प्राचीनकालदेखि नै प्रयोगमा आएको पाइन्छ । पूर्वीय आचार्यहरूले काव्य र साहित्यलाई पयार्यवाची अर्थमा प्रयोग गरेका छन् । कविता काव्यको परिभाषा दिने क्रममा पूर्वीय विद्वान् "भामह" (छैटौं शताब्दी) देखि 'जगनाथ' (सोह्रौ शताब्दी) सम्म आइपुग्दा कविता सम्बन्धी मान्यताहरूमा अनेकरूपता देखिएको पाइन्छ । उनीहरूले सुन्दर चमत्कारयुक्त गुणालङ्कारपूर्ण काव्य गुणले भरिएको बक्रोक्तिपूर्ण रमणीय अर्थ दिने रसात्मक शब्द र अर्थयुक्त पदावलीलाई कविताको रूपमा रचिएको पाइन्छ ।

चौधौं शताब्दीतिर विश्वनाथको "साहित्य दर्पण" ग्रन्थदेखि यता श्रव्य र दृश्य गरी दुई वर्गमा बाँडी श्रव्य वर्ग अन्तर्गत पद्य र गद्यलाई अनि दृश्य वर्ग अन्तर्गत रूपकलाई राखिएको भेटिन्छ । भामह देखिको पूर्व परम्परातर्फ दृष्टि दिंदा भने काव्यका सिधै गद्य र पद्य जस्ता विधा वा भेद स्वीकारीएको भेटिन्छ ।[५८]यस श्रृङ्खलामा दण्डीको काव्यका पद्य, गद्य र मिश्र तीन भेद पाइन्छ । पूर्वीय आचार्यहरूमा भामहले अलङ्कारलाई प्रधानता दिएका छन् भने आनन्दवर्धनले ध्वनीलाई प्रधानता दिएका छन् । वामनले रीति मिलेको रचना काव्य हो भनेर भनेका छन् र कुन्तकले बक्रोक्तिपूर्ण रचना नै काव्य हो भन्ने देखाएका छन् ।

---

[५७].नेपाली कविता काव्य र साहित्य तत्व, यादवप्रकाश लामिछाने ।

[५८].नेपाली कविता भाग ४ वासुदेव त्रिपाठी ।

पूर्वीय आचार्यहरूको काव्य सम्बन्धी परिभाषा आ-आफ्नै र मौलिक छन् । यिनमा आनन्दवर्धन तथा रसवादीबाहेक अन्य सबैले काव्यको वस्तुवादी भाषावादी परिभाषा गरेका छन् भने ध्वनीवादी, रसवादी चिन्तकहरूले भाषावादी दृष्टिलाई अपेक्षाकृत कम महत्व दिंदै आत्मवादी ध्वनीवादी परिभाषा प्रस्तुत गरेका छन् ।[५९] पूर्वीय साहित्य चिन्तनमा सर्वत्र काव्य शब्दको प्रयोग साहित्यको पर्याय रूपमा भएको पाइन्छ ।

### ३.१.३ कविताको पाश्चात्य मान्यता

पाश्चात्य साहित्यमा पनि कविताको प्रयोग प्राचीनकालदेखि नै हुँदै आएको पाइन्छ । ई.सन्. उन्नाइसौं शताब्दी यता पाश्चात्य कविताका विधागत यात्रामा देखा परेका नव घटनाहरू मध्ये लघुरूपको फुटकर कविता र गीति कविताका रूपमा निकै मौलाउनु र पत्रपत्रिका तथा गोष्ठीका कारणबाट समेत अत्याधिक लोकप्रिय हुनु अनि मझौला रूपको एवम् सो फुटकर कविता भन्दा अपेक्षाकृत लामो कविता पनि विभिन्न भाव प्रवाह र रूपकृति तथा ढाँचामा केही मात्रामा जागृत हुनु स्वच्छन्दावादी युगमा तेजिला कविता प्राप्ति हुनु । उन्नाइसौं शताब्दीको अन्त्य तिर र खास गरी २० औं शताब्दीको यात्रा क्रममा युरोपेली वा अध्यत्मक कविताले अझ नवीन प्रवृत्ति विश्रृङखलाहरूलाई उत्तरोत्तर प्रयोग गऱ्यो जसलाई मोटामोटीमा स्वच्छन्दतावादी प्रयोगवादी र पूर्व आधुनिक एवम् उत्तर आधुनिक पनि भन्ने गरिन्छ । यसरी पाश्चात्य साहित्य जगतमा कविता मौलाउँदै आउने क्रममा पश्चिममा विद्वान्हरूले आ-आफ्नो तरिकाले कविताको व्याख्या गरेको पाइन्छ ।

त्यस्तै गरी अर्का विद्वान् जोन्सनले कविताको बृद्धिको सहायता लिएर कल्पनाको प्रयोग गरी कलात्मक भाषामा अभिव्यक्त गरिने सत्य र प्रसन्नताको समिश्रण भएको रचना हो भनेका छन् । त्यस्तै प्रकारले अर्का विद्वान् क्रोचेले अभिव्यञ्जनालाई आए.ए रिचर्डस्ले काव्य मूल्यलाई र एडगर एलेन पो ले सौन्दर्यपरक लयात्मक रचनालाई कविता भनेर आफ्नो दरिला मान्यता अगाडि सारेका छन् उनीहरू भन्दा अगाडिका विद्वान्हरू अरिस्टोटल स्पेन्सर, पोप आदिले पनि कविताको सम्बन्धमा आफ्ना विचार प्रस्तुत गरेका छन् । यिनीहरूले कविताको भावपक्षलाई जोड दिएको पाइन्छ ।

---

[५९]. पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त प्रा. मोहनराज शर्मा, डा. खगेन्द्र प्रसाद लुइटेल ।

यसरी पूर्वीय र पाश्चात्य मान्यतालाई हेर्दा सबैको एकमत हुन सकेको देखिदैन तर के स्पष्ट हुन्छ भने कविताका दुई पक्षहरू कला र भावमा दुई तिरकै विद्वान् सहमत देखिन्छन् । त्यसमा पनि कुनै विद्वान्ले भाव पक्षलाई बढी जोड दिएको र कुनै विद्वान्ले कला पक्षलाई विशेष उल्लेख गरेबाट के भन्न सकिन्छ भने आ-आफ्ना मान्यतालाई स्थापित गराउन विद्वाहरूले गहन विचारहरू प्रस्तुत गर्नाले कविताका सैद्धान्तिक चर्चाले विशेष महत्व राखेको स्पष्ट हुन्छ ।[६०]

### ३.१.४ काव्यको परिभाषा

पूर्वीय एवम् पाश्चात्य साहित्यमा प्राचीन समयदेखि नै 'काव्य' शब्द प्रयोग भएको पाइन्छ । प्राचीनकालमा समुच्चय साहित्यलाई वाङ्मय भनिन्थ्यो । वाङ्मय भनेको शब्दहरूले भरिएको रचना हो ।[६१]कालान्तरमा वाङ्मय शब्दले शास्त्र र साहित्य दुवैको प्रतिनिधित्व गरे तापनि साहित्यलाई भिन्नै ढङ्गले परिभाषित गर्न थालियो ।

समाजमा हित गर्ने भाव रहेको साहित्यको एउटा शाखा काव्य हो । काव्य वाङ्मय र साहित्य भन्दा भिन्न विद्या हो । साहित्य अन्तर्गत काव्य, नाटक, आख्यान र निबन्ध जस्ता विधा पर्दछन् । प्राचीनकालमा यी विविध विधा मध्ये फस्टाएको विधा काव्य हो । त्यस कारण प्राचीन समयमा साहित्य भन्नाले काव्य भन्ने बुझिन्थ्यो । तर आधुनिक साहित्यमा आएर काव्यको अर्थ फेरिएको छ । अहिले काव्य भन्नाले कविताको गद्यात्मक र पद्यात्मक भेदलाई मात्र बुझाउन थालेको छ ।

पूर्वीय साहित्यमा संरचनागत आयामका दृष्ट्रिले कवितालाई लघुतम, लघु, मझौला, बृहत र बृहत्तर रूपमा विभाजन गरिएको पाइन्छ । लघुतममा मुक्तक, लघुमा फुटकर कविता मझौलामा खण्डकाव्य र बृहत र बृहत्तरमा सामाजिक काव्य पर्दछन् ।[६२]पाश्चात्य साहित्यमा भने कवितालाई फुटकर र बृहत मात्र भनिएको छ ।

---

[६०]. नेपाली कविता भाग ४ ।

[६१]. वासुदेव त्रिपाठी र अन्य, साझा कविता (काठमाडौं सा.प्र.)

[६२]. वासुदेव त्रिपाठी र अन्य, नेपाली कविता भाग ४ ।

साहित्य गतिशील र परिवर्तनशील विधा भएकाले यसको कुनै ठोस परिभाषा दिन कठिन छ । पूर्वीय देखि नै काव्यका बारेमा विचार विमर्श गर्दै आएका छन् तर पनि आजसम्म कुनै सर्वमान्य परिभाषा स्थापित हुन सकेको देखिँदैन । कविताको सैद्धान्तिक चिनारीका क्रममा पूर्वीय र पाश्चात्य दुवै साहित्य शास्त्रीहरूका मान्यताहरूलाई तुलनात्मक रूपमा हेर्न उपयुक्त हुने हुँदा यहाँ काव्य सम्बन्धी मुख्य मुख्य परिभाषा क्रमशः प्रस्तुत गरिएको छ ।

## क. पूर्वीय साहित्यशास्त्रीहरूका काव्य सम्बन्धी परिभाषा

१) "कोमल र ललित शब्दयुक्त गुण शब्द र अर्थ नभएको, सबैले सजिलै बुझ्नसक्ने नृत्यमा सजिलै प्रयोग गर्न सकिने, अनेक रसहरू भएको सन्धियुक्त काव्य नै श्रेष्ठ काव्य हो ।"[६३]

२) "शब्द र अर्थको सहभाव नै काव्य हो ।"[६४]भामह

३) "अभीष्ट अर्थले भरिएको पदावली काव्य हो ।"[६५]दण्डी

४) रीतिआत्मा हुने गुण र अलङ्कारद्वार सुसज्जित शब्द र अर्थ नै काव्य हो ।[६६] वामन

५) "दोष मुक्त गुण तथा अलङ्कारयुक्त शब्दार्थ नै काव्य हो ।"[६७]मम्मट

६) "रसिलो वाक्य नै काव्य हो ।" विश्वनाथ

## ख. पाश्चात्य साहित्यशास्त्रीहरूको परिभाषा

१) कवि हुनका लागि दैवी प्रेरणा आवश्यक हुन्छ ।"[६८] होमर

२) "काव्य कविता भनेको भाषाद्वारा अभिव्यक्त हुने अनुकरणात्मक कला हो ।"[६९] होमर

---

६३. टंक प्रसाद न्यौपाने, साहित्यको रूपरेखा, (काठमाण्डौं सा. प्र. २०३८) ।

६४. भानुभक्त पोखरेल साहित्य र सिद्धान्त (विराटनगर श्यामपुस्तक भण्डार २०४०) ।

६५. भोलनाथ तिवारी (सस्था बृहत पयार्यवाची शब्दको दोस्रो संस्करण इ. १९६२ )।

६६. पूर्ववत् ।

६७. भानुभक्त पोखरेल पूर्ववत् ।

६८. टेकलुई खटर्स (न्यौक फङ्क एण्ड बागनल्स कम्पनी, १९४०) ।

३)	"कविता भनेको वास्तविक संसारभन्दा राम्रो संस्कारको सृजना गर्नु हो ।"[७०]अरिस्टोटल

४)	"कल्पना र भावनाद्वारा गरिएको जीवनको व्याख्या नै कविता हो ।"[७१] फ्रान्सिस बैकन

५)	"कविता शक्तिशाली अनुभूतिको उच्छलन हो । यसको उत्पत्ति शान्त समयमा सम्झना गरिएका आवेगहरूबाट हुन्छ ।"[७२]

**ग. नेपाली विद्वान्हरूका काव्यसम्बन्धी परिभाषा**

१)	"कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुदर प्रकाशन हो । सत्य तीन प्रकारका हुन्छन् -व्यवहारीक, दार्शनिक र काल्पनिक । म म काल्पनिक सत्यलाई ज्यादा रूचाउँछु ।"[७३]

२)	"भावनाको बौद्धिक कोमलता नै कविता हो ।"[७४] बालकृष्ण सम

३)	"कविता जीवनजगतका मूल्यवान अनुभवको काल्पनिक कलात्मक अथवा मुक्त लगायत्मक शीर्षक सङ्कलन हो ।"[७५]वासुदेव त्रिपाठी

४)	"कविता भावात्मक वा बौद्धिक कथ्यको पद्यालयात्मक संरचना हो ।"[७६] मोहनराज शर्मा

५)	"तीब्रगामी कल्पनाको घोडा माथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चडेको नै कविता हो । केदारमान व्यथित

यसरी काव्य सम्बन्धी उपर्युक्त परिभाषालाई हेर्दा विद्वान्हरूको काव्यसम्बन्धी धारणामा मतऐक्यता पाइन्न । पूर्व र पश्चिमका विभिन्न विद्वान्हरूले आ-आफ्नै प्रकारले कवितालाई परिभाषित गरे तापनि सक्षेपमा "विषय वस्तुलाई लयात्मक भाषाका

---

[६९]. भानुभक्त पोखरेल, पूर्ववत् ।

[७०]. बर्टन स्टे भेन्स (सम्पा. द होम बुक फ कोटेसन नवौ संस्करण (न्यूयोर्क फङ्क वागनल्स कम्पनी, १९४०)

[७१]. विलियम हेनरी हड्सन ।

[७२]. पूर्ववत् ।

[७३].लक्ष्मीप्रसाद देवकोटा कला र जीवन" लक्ष्मी निबन्ध सँग्रह (काठमाण्डौं सा.प्र.) ।

[७४].बालकृष्ण सम मेरो भन्नु, आँगो र पानी, दोस्रो संस्करण काठमाण्डौं सा.प्र. ।

[७५].बासुदेव त्रिपाठी र अन्य नेपाली कविता भाग ४, (का, सा.प्र.) ।

[७६].दयाराम श्रेष्ठ र मोहनराज शर्मा नेपाली साहित्यको संक्षिप्त इतिहास का. सा.प्र. ।

माध्यमबाट अभिव्यक्त गरीने सौन्दर्य मूलक रचना नै काव्य हो ।" भनेर परिभाषा गर्न सकिन्छ ।

### ३.१.५ कविताको तत्व

कुनैपनि वस्तुलाई अस्तित्वमा ल्याउने वा निश्चित संरचना प्रदान गर्ने कारक वा अवयवलाई तत्व भनिन्छ । तत्वको योगबाट नै सिङ्गो संरचना निर्माण हुन्छ । साहित्य पनि एउटा सिङ्गो संरचना भएकाले यसका हरेक विधाका आ-आफ्नै प्रकारका संरचक तत्व वा घटकहरू हुन्छन् । लय पक्ष बाहेक कविताका अन्य तत्वहरू करिब करिब साहित्यकै तत्वहरूसँग मेल खान्छन् साहित्यका तत्वका बारेमा पूर्वीय र पाश्चात्य दुवै तर्फ नै पुराना नयाँ अनेक दृष्टिकोण पाइन्छन् । तिनमा केही समानता र केही मतभेद समेत रहेको छ । पूर्वीय साहित्यमा सर, शब्दार्थ, सौन्दर्य, रीति, ध्वनि आदिलाई कविताको तवत्व मानिएको छ भने पाश्चात्य साहित्यमा विषयवस्तु, अनुप्रास, शब्दयोजना, वाक्यविज्ञान, छन्द, लय, भाषाशैली आदिलाई पनि कविताको तत्व मानेको पाइन्छ । कविता विधागत भेदमध्ये मुक्तक, फुटकर कवितादेखि खण्डकाव्य र सामाजिक काव्यसम्मको रचनालाई ध्यानमा राख्दा मुख्य रूपमा कविताका तत्वहरू निम्न लिखित छन् ।

क. शीर्ष

ख. संरचना

ग. विषयवस्तु/भाव विधान

घ. कथन पद्धति

ङ. आयाम

च. भाषाशैली

छ. लय विधान

ज. विम्वविधान/अलङ्कार

झ. दृष्टिविन्दु

क. शीर्षक

शीर्षक कविताको नामाकरण मात्र नभएर कृतिका सारभूत भावविचारको सूचक सङ्केत वा उद्घाटनसमेत हो । त्यसको शीर्षकलाई कविताको महत्वपूर्ण तत्व मानिन्छ । कृतिमा वर्णन भएको विषय र शीर्षक बीच अन्न सङ्गति रहनु पर्छ । शीर्षक अभिधात्मक वा प्रतिकात्मक हुन सक्छ । शीर्षक विशेषीकृत भउका यसले कृतिका अन्तर बाहय संरचना वा भाषाशैलीले बहन गरेका समग्र विषयवस्तुको केन्द्रिय भावलाई जाहेर गर्दछ ।[७७]शीर्षक र केन्द्रिय कथ्य बीचमा बाहिरी वा आन्तरिक सङ्गति भने हुनै पर्छ ।

ख. संरचना

संरचना कुनै पनि वस्तुको मुख्य स्वरुप हो । संरचना विना कुनै पनि वस्तु पूर्ण हुन सक्दैन् । कृतिको संरचना भनेको पनि कृतिको सिङ्गो वा पूर्ण रूप हो । कविता आवश्यक बस्तु भएकाले यसको संरचना भन्नाले कविताका सबै तत्वहरूको कुल योग भन्ने बुझिन्छ । जसबाट कविताको निर्माण भएको हुन्छ ।[७८] प्राचीन काव्य रचनामा रस, छन्द अलङ्कार सर्ग र ढाँचालाई काव्यको संरचना मानिन्थ्यो भने आधुनिक कवितामा सर्ग, अनुच्छेद पाउ, हरफ आदिलाई संरचनाका तत्व मानिन्छ । कवितामा सामान्यत तीन प्रकारका संरचना पाइन्छ ।

१. आख्यानात्मकता

२. प्रगीतात्मक

३.. नाटकीयता

ग. विषयवस्तु/भावविधान

कविताको अनिवार्य तत्वको रूपमा विषयवस्तुलाई लिन सकिन्छ । कविता रचनाका लागि छनौट गरिएको भाव विचार, कथ्य वा वस्तुलाई नै विषयवस्तु भनिन्छ । काव्यमा प्रयोग गरिने विषयवस्तु जति सशक्त र उपयुक्त हुन्छ कविता पनि त्यति नै

[७७].वासुदेव त्रिपाठी र अन्य, नेपाली कविता भाग ४ ।

[७८].मोहनराज शर्मा, शैली विज्ञान (काठमाण्डौं ने. रा. प्र. प्र.) ।

सशक्त र जीवन्त बन्दछ । रचनाकार विषयवस्तु छान्न स्वतन्त्र हुन्छ । यही विषयवस्तुमा कविता रचना गर्नुपर्छ भन्ने अनिवार्य छैन । कविलाई जीवन भोगाइका क्रममा जुन वस्तुले अभिप्रेरित गर्दछ त्यही उत्प्रेरक वस्तु नै कविताको विषय हुन्छ । विषयवस्तुलाई भावविधान पनि भनिन्छ । भाव शब्दले अर्थ प्रकट गर्ने र शब्दको अस्तित्वलाई उजिल्ट्याएर देखाउने काम गर्दछ ।[७९]कविता शब्द शब्दका क्रममा श्रृङ्खलित भाषिक संरचना भएकाले यसमा भाव वा विचारको अभिव्यक्ति प्रकट भएको हुन्छ । यिनै शब्दमा अन्तनिर्हित सत्ता वा अस्तित्व नै भाव हो । कविता मानव जीवनको अनुभवकै प्रस्तुतीकरण भएकाले कवि हृदयमा उत्पन्न भाव अनुभूतिलाई स्वतन्त्र रूपले अभिव्यक्त गरी कवितात्मक रूप प्रदान गरिन्छ । यसमा जीवन जगतको कुनै एक अंश वा भावलाई अनुभूतिमय वा भावमय तुल्याई काव्यात्मक रूपमा प्रस्तुत गरिन्छ ।

घ. कथन पद्धति

कथन पद्धति कविताको एक महत्वपूर्ण पक्षका रूपमा रहेको हुन्छ । यदि कवितामा कविले आफ्ना आत्मलापी कथ्य कुरालाई आख्यानीकृत गर्दछ भने त्यो पनि कथन पद्धति नै हो । यहाँ कथयिता वा आत्मालापी कविले आफ्नै वस्तुपरक वा आत्मपरक कथ्य आफै गुन्गुनाउँदा पनि अप्रत्यक्षत कसैप्रति सम्बोधित गरी भन्दछ र यो कथन खास गरी तृतीय पुरुष वा प्रथम पुरुषमा कहिले काही द्वितीय पुरुषमा पनि कथित वा आत्मलापी हुन सक्छ । कवितात्मक कथनमा कवि कथन आख्यानीकृत कथन र नाटकीयकृत कथन जस्ता पद्धतिहरूको संयोजन वा मिश्रण पनि सम्भव हुन्छ ।

ङ. आयाम

कुनै पनि कविता कृतिको आयाम भन्नु त्यस कृतिको कथन श्रवणकालको लम्बाई हो र यो मुख्यत समयगत रूपमा मापन हुने गर्दछ । सरल भाषामा भन्नु पर्दा कविताको चौडाई, लम्बाई र उचाई नै आयाम हो । यसलाई कविता विधाको मुख्य तत्वका रूपमा मानिन्छ । आयामबाट नै पाठकको हृदयमा पर्ने र वस्तुतः त्यस कविता भित्र पनि अन्तनिर्हित रहने हुन्छ  लय वा पङ्क्तिको संरचनाको चौडाइ एवम् कथ्य भाव

[७९].वासुदेव त्रिपाठी नेपाली कविता भाग ४ ।

विम्वका स्वरुप र प्रभाव दुवैको चौडाइ लम्बाइसहित साधनता समेत बोध हुन्छ ।[८०]कविता विधाको आफ्नै कालिक वा स्थानिक आयामको बाह्य आन्तरिक ढाँचा वा रूप संरचना हुन्छ र त्यसका मुक्तकदेखि विकासशील सामाजिक काव्यसम्मका स्वरुप संरचना तथा कतिपय वैकल्पिक सम्भावना समेत हुने गर्दछन् ।

च. भाषाशैली

विचारविनिमयको सशक्त साधन भाषा हो । भाषाकै माध्यमबाट कविता सम्प्रेषित हुन्छ । सामान्य जनभाषा कच्चा भाषा हो भने साहित्यमा प्रयोग हुने भाषा परिस्कृत भाषा हो । कविता विशिष्ट भाषामा नै लेखिएको हुन्छ । भाषा शैली भनेको चाहिँ भाव प्रकाशनका लागि चाहिने अभिव्यक्ति कौशल हो । भाषाशैलीले कवितालाई लयात्मक बनाउँछ । मुक्त लयमा लेखिएका कवितामा आन्तरिक संरचना नै लयात्मक हुन्छ भने बद्धलयमा लेखिएका कवितामा बाह्यान्तरिक संरचना नै लयात्मक हुन्छ । विविध भाषिक विकल्प मध्येबाट बढी ललित र रागात्मक व्यञ्जक र लयात्मक हुने वर्ण पद पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेद विधान सिर्जना गर्नुलाई नै रचनाकारको विशिष्ट भाषाशैली मानिन्छ ।[८१] कवितामा प्रयोग गरिने सङ्कथनगत पद्धतिलाई शैली भनिन्छ । शैली व्यक्ति पिच्छे फरकफरक हुने गर्दछ । सरल आलङ्कारिक, नाटकीय, वर्णात्मक आदि शैली कवितामा प्रयुक्त हुन्छन् । भावाभिव्यक्तिका लागि कवितामा अति आवश्यक तत्व भाषाशैली हो । कवितालाई काव्यात्मक उचाइ थप्ने र सर्जकको निजी पहिचान दिने काम भाषाशैलीले गर्दछ ।

छ. लयविधान

'लय' शब्द सङ्गीतका क्षेत्रबाट आएको शब्द हो । सङ्गीतका क्षेत्रबाट आएको लय शब्दले गायन, वादन, नर्तक आदिलाई परस्पर सूत्रबद्ध गर्ने काम गर्दछ ।[८२] साहित्यमा प्रयोग हुने भाषालाई सामान्यतः गद्य र पद्य गरी छुट्याउने गरिन्छ । साहित्यका कथा, उपन्यास नाटक निबन्ध आदि विधामा गद्य भाषा प्रयोग हुन्छ भने

---

[८०]. नेपाली कविता भाग ४ वासुदे त्रिपाठी ।

[८१]. पूर्ववत् ।

[८२]. पूर्ववत् ।

सामाजिक काव्य, खण्डकाव्य, फुटकर कविता र मुक्तकमा पद्य भाषाको प्रयोग भएको हुन्छ तर विचार पुऱ्याउनु पर्ने कुरा के भने पद्य हुँदैमा कविता हुने र गद्य हुदैमा कविता नहुने कुराचाहिँ हुँदैन गद्यमा पनि उत्कृष्ट कविताहरूको रचना हुन सक्छ । तर त्यस गद्यभित्र कलात्मकता र लयात्मक हुनु अनिवार्य हुन्छ । पद्य वा छन्दमा लेख्दैमा कविता हुन्छ भन्न सकिंदैन । कवितालाई चाहिने सम्पूर्ण तत्वहरू भएनन् भने कविताको स्तरमा ह्रास आउँछ । कविता गद्या वा पद्य जे भएपनि लयात्मक नै हुन्छ । कवितालाई अन्य विधाबाट अलग देखाउने तत्व नै लय भएकाले लयविधान कविताको महत्वपूर्ण पक्ष हो ।

ज. विम्व विधान/अलङ्कार विधान

प्रस्तुतबाट अप्रस्तुतको बोध गराउनु वा प्रयुक्त शब्दका माध्यमबाट अन्यार्थको बोध गराउनु नै विम्व विधान/अलङ्कार विधान हो । कुनै वस्तुको लक्षणिक अर्थ बुझाउँन विम्वको प्रयोग गरिन्छ । साँसारिक वस्तु वा जीवनजगतका व्यापक सन्दर्भबाट टिपिएका सामग्रीहरू नै विम्व हुन् । विम्वले शब्द/वस्तुको प्रतिछाँयाका रूपमा विशिष्ट अर्थको बोध गराउँछ । विम्वकै कारणबाट अर्थमा आलङ्कारिक चमत्कार उत्पन्न हुन्छ । कवितामा विम्वको प्रयोगले कलात्मक सौन्दर्य थप्ने काम गर्दछ । विम्वलाई शब्दशक्तिका लक्षणाकृति वा व्याञ्जनाकृति पनि भनिन्छ । कविताको भाव सम्प्रेषणका लागि विम्व विधान/अलङ्कार विधान आवश्यक हुन्छ ।

झ. दृष्टिविन्दु

दृष्टिविन्दु भन्नाले कविको आफ्नो भाव विचार अनुभूति वा अभिव्यक्तिलाई पाठक समक्ष पुऱ्याउने माध्यम भन्ने बुझिन्छ । दृष्टिविन्दुलाई उपस्थापन पद्धति पनि भनिन्छ । कवि र पाठकका बीच विचार विनिमय गर्ने साधन दृष्टिविन्दु हो । दृष्टिविन्दु दुईप्रकारका हुन्छन् ।

१. प्रथम पुरुष दृष्टिविन्दु (आन्तरिक)

२. तृतीय पुरुष दृष्टिविन्दु (बाह्य)

### ३.१.६ कविताको वर्गीकरण


कवितालाई साहित्यको सबैभन्दा पुरानो र विकसित विधाका रूपमा लिएको पाइन्छ । यस कविता विधालाई पनि पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले आ-आफ्नै तरिकाले वर्गीकरण गरेको पाइन्छ । जसमा पूर्वीय विद्वान् भामहले सर्वप्रथम कविताको वर्गीकरण गरेको पाइन्छ । उनले कवितालाई बृतबन्ध र अबृतबन्ध गरी दुई भागमा वर्गीकरण गरेका छन् । त्यस्तै अर्का विद्वान् रूद्रटले पनि 'महान र लघु' गरी दुई भागमानै वर्गीकरण गरेको पाइन्छ । आनन्दवर्धनले कवितालाई 'मुक्तक''युग्मक' 'विशेषक' 'कलापक' र 'कुलक' गरी पाच भागमा वर्गीकरण गरेका छन् । त्यसरी नै अर्का विद्वान् विश्वनाथले कवितालाई चार भागमा वर्गीकरण गरेको पाइन्छ । 'काव्य कोषकाव्य खण्डकाव्य र सामाजिक काव्य' यसरी पूर्वीय विद्वान्हरूले कवितालाई आ-आफ्नै तरिकाले वर्गीकरण गरेतापनि पाश्चात्य साहित्यमा पनि आफ्नै तरिकाले कविताको वर्गीकरण गरेको पाइन्छ । समग्र रूपमा पाश्चात्य साहित्यमा कवितालाई तीन भागमा वर्गीकरण गरेको पाइन्छ ।

१. प्रबन्ध सामाजिक काव्य (EPIC)

२. नाट्य काव्य (Dramatic)


३. गीतिकाव्य (Lyric)

त्यस्तै गरी पाश्चात्य साहित्यमा कवितालाई यसरी वर्गीकरण गरेको पाइन्छ ।





अनुभूतिप्रधान

त्यस्तै गरी पाश्चात्य साहित्यमा अर्को तरिकाबाट पनि कविताको वर्गीकरण गरेको पाइन्छ ।




यस प्रकार पूर्वीय पाश्चात्य साहित्यमा कविताको वर्गीकरण आ-आफ्नै तरिकाले गरिएको भए तापनि यिनीहरूलाई संक्षेपमा हेर्दा नेपाली साहित्यमा कवितालाई चार भागमा वर्गीकरण गरेको पाइन्छ । ती यस प्रकार छन्-



क. लघुतमरूप (मुक्तक)

लघुतम रूप मुख्यतय मुक्तकका नाउँले संस्कृत र नेपाली भाषामा प्रसिद्ध रहेको छ । सामान्यतया मुक्तकलाई फुटकर कविताकै रूपमा सम्झे पनि संरचनात्मक दृष्टिले फुटकर कविता भन्दा पनि सानो एकाई भित्र कविताको लघुतमरूप वा मुक्तकलाई राखिन्छ । यसमा दुईदेखि पाँच वा नौ श्लोकसम्मका रचना पर्दछन् । यो ज्यादै छोटो हुने भएकाले शब्दको मितव्ययमा विचार पुऱ्याइन्छ (मुक्तकको अभिव्यक्ति निकै कसिलो र तिख्खर हुन्छ ।[८३]

ख. लघुरूप (फुटकर कविता)

लघुतम रूप भन्दा माथिल्लो मध्यम रूप भन्दा तल्लो एकाइका रूपमा रहेको रचनालाई लघुरूप वा फुटकर कविता भनिन्छ । अहिले कविताका रूपमा पत्र पत्रिकामा र गोष्ठीमा निकै प्रस्तुत हुने गरेको अधिकांश साना कविताहरू फुटकर कविता हो । फुटकर कवितामा दुईहरफ देखि लिएर पन्ध्र बीस अथा बढीमा तीस पैतीस हरफ वा श्लोकसम्म विस्तार भएको पाइन्छ । कविताका चार रूप मध्ये यही लघुरूप वा फुटकर कविता बढी मात्रामा लोकप्रिय छ । फुटकर कवितालाई एकिकृत गरेर कविता सङ्ग्रहको रूपमा पुस्तकाकारका रूप दिने प्रचलन पनि छ । पत्र पत्रिका कवि गोष्ठीहरूमा यो फुटकर कविता प्रकाश एवम् वाचन गरिने हुँदा यसले निकै लोकप्रियता पाएको छ ।

ग. मध्यम रूप (खण्डकाव्य)

कविताविधाको लघु रूप मानिने फुटकर कविता र बृहत् रूप मानिने सामाजिक काव्यको बीचमा रहेको कवितात्मक रचना नै मध्यम रूप वा खण्डकाव्य हो । नेपाली कविताको विकास परम्परामा देखा परेको लामो कविता पनि खण्डकाव्यकै स्तरमा स्थापित भएको पाइन्छ । यसमा जीवनजगतको सट्टा जीवनको कुनै एक अंश वा खण्डको प्रस्तुति हुन्छ । जीवन जगत्का व्यापक क्षेत्रबाट टिपिएको कथानकमा क्रमबद्धता भए पनि कुनै एक पक्षमा पूर्णता प्राप्त गरेको छोटो आकार भएको सर्गवद्ध

[८३]. पूर्ववत् ।

वा भाग खण्डमा विभक्त कविताको मध्यम रूपलाई खण्डकाव्य भनिन्छ ।[८४] सामाजिक काव्यको तुलनामा छोटो कथानक कम पात्र एउटै घट्ना तथा छोटो परिवेश र प्रभावलाई खण्डकाव्य समेटिएको हुन्छ ।

घ. बृहतरूप (सामाजिक काव्य)

कविता क्षेत्रको सबैभन्दा ठूलो रूपलाई बृहतरूप वा सामाजिक काव्य भनिन्छ । कविताको बृहतरूपमा रहेको सामाजिक काव्यमा जीवनको सम्पूर्णताको चित्रण गरिएको हुन्छ । यसमा आख्यानको अनिवार्यता रहन्छ । कथानकका दृष्टिले समेत सामाजिक काव्य बृहत रचना भएकाले यसमा पात्रहरूको बहुलता रहनु स्वभाविक ठहरिन्छ ।[८५] यसका अतिरिक्त सामाजिक काव्यमा कुनै एक रसको प्रमुखता रहेता पनि अन्य रसहरू पनि आउँन सक्ने सम्भावना रहन्छ । आदि र अन्त मिलेको अनुभूतिका व्यापक र विशिष्ट रूपाकृतिलाई सामाजिक काव्य भनिन्छ ।

## ३.२ नेपाली कविताको विभिन्न काल खण्डको चर्चा

### ३.२.१ पृष्ठभूमि

कविता साहित्यको एक विधा वा भेद हो भने साहित्य भाषाको माध्यमबाट प्रकट भएको एक सिर्जनात्मक वा कलात्मक अभिव्यक्ति हो । नेपाली कविता नेपाली भाषाको थालनी भएदेखि नै साहित्य जगतमा देखा परेको अनुमान गरिएको छ । विक्रमको एघारौं शताब्दीतिर भारतवर्षीय अन्य नव्य आर्यभाषा सरह नेपाली भाषाको उद्भव भएको मानिन्छ ।[८६]

यही समयदेखि नै नेपाली भाषाका लोक स्तरका गीत र गाथाहरूको माध्यमबाट नेपाली कविताको मौखिक परम्परा थालिएको अनुमान गर्न सकिन्छ । नेपाली भषाको लेखन परम्पराको सबभन्दा पुरानो सामाग्रीको रूपमा दामुपालको अति संक्षिप्त दुल्लु

[८४]. नेपाली कविता, खग्रेन्द्र लुइँटेल ।

[८५]. नेपाली कविता काव्य र साहित्यतत्व- यादवप्रसाद लामिछाने ।

[८६]. नेपाली कविता भागा १ वासुदेव त्रिपाठी ।

अभिलेख फेला पर्न आएको छ । जुन विक्रमको एघारौ शताब्दीमै थालिएको अवगत हुन आउँछ भने नेपाली वाङमयको सब भन्दा पुरानो साक्ष्य “भास्वती टिका (वि.सं. १४५७ अनुमानित) ले प्रदान गरेको छ ।[८७]

नेपाली भाषामा बंशावली लेखनको परम्परा उपयुक्त ग्रन्थ भन्दा पनि पुरानो हुन सक्छ तर समय निश्चित रूपमा थाहा भएको त्यस्तो कुनै वंशावली ग्रन्थ फेला पर्न सकेको छैन । हालै रास्कोटी वंशावलीको पूर्वाद्ध भागको वंशावली वर्णन अन्तर्गतको एक अंशलाई प्राध्यामक बालकृष्ण पोखरेलले “बडे राजा मलय बम्व” शीर्षक दिई गद्यकविताका रूपमा प्रस्तुत गरी जेठो नेपाली कविता ठहऱ्याएको र यसका रचनाकार मलयबम्वका छोरा मेदिनीबम्वका ज्ञात समयका आधारमा त्यस बंशावली अंशलाई वि.सं. १४५० तिरको ठानेको पाइन्छ ।

जेहोस् नेपाली भाषामा लेख्य वाङ्मय परम्परा विक्रमको पन्ध्रौ शताब्दी तिरको हुन सक्ने अनुमान यसैबाट गर्न सकिन्छ । यसरी नेपाली मौखिक परम्परामा नेपाली कविताको लोकधारा विक्रमको एघारौं शताब्दीदेखि नै थालिए पनि त्यसको प्रतिनिधित्व गर्ने लोक सामग्री भने विक्रमको चौधौ शताब्दीको पूवधिको अन्त्यतिरमात्र पाउँन थालिएको र नेपाली लेख्य परम्परामा चाँहि उक्त पन्ध्रौ शताब्दीको मध्यावधिदेखि वाङ्मय रचना थालिएको अनि त्यस अर्न्तगत “राजा गगनि राजको यात्रा” गद्यकविता ( वि.सं. १५५० तिर) देखिए जस्तै कवितात्मक प्रारूप पनि फेला पार्दै जाने सम्भावना छँदैछ । चौधौ शताब्दीदेखि अठाह्रौ शताब्दका बीच लेख्य परम्परामा ज्योतिष, धर्मशास्त्र, औषधापचार, वंशावली, जीवनी आदि साहित्येत्तर गद्य लेख्य वाङमयका कृतिसँगै मौखिक परम्परामा लोक धाराका गीत गथा र लोक पद्य पनि प्रवाहित भएको ठान्न सकिन्छ ।[८८]

नेपाली भाषामा लेख्य र शिष्ट कविताको खास परम्परा चाँहि विक्रमको उन्नाइसौं शताब्दीमा श्री ५ वडामहाराजधिराज पृथ्वीनारायण शाहको नेपाल एकीकरण पृथ्वीनारायण दिग्विजय वा नयाँ नेपालको निर्माण सँग सँगै रघुनाथ भाट, सुवानन्द दास आदिबाट नेपाली कविताको लेख्य रूप थालिएको हो र त्यसैलाई नेपाली कविता

---

[८७]. नेपाली कविता भाग ४ वासुदेव त्रिपाठी ।

[८८].पूर्ववत् ।

परम्पराको उद्घाटक कृति मानि आएको छ । प्रारम्भतिरका कविका कवितामा कथ्य भाषा लोक संस्कृति र लोक शैली प्रष्ट रूपमा पाइन्छ । उनीहरूले लोकगीतको लयात्मक परम्परालाई आत्म गरेको देखिन्छ । तत्कालिन कविहरू संस्कृत परम्पराबाट नभएर लोक परम्पराबाट बढी प्रभावित देखिन्छन् । यसरी कथ्य भाषाले लेख्य रूप प्राप्त गर्न थाल्यो र पृथ्वीनारायण शाहको राज्यकालमा नेपाली भाषाले राष्ट्रभाषाको रूपमा वैधानिक स्वीकृति पायो । यो क्रमशः विस्तार र विकास हुँदै साझा भाषाका रूपमा विकसित हुन थाल्यो । विभिन्न कविहरूले नेपालीमा वीर र भक्ति रसका कविता लेख्न थाले । यसै क्रममा स्वदेश तथा विदेशबाट पत्रपत्रिका प्रकाशित हुन थाले यिनले पनि नेपाली कविताको विकासमा टेवा पुऱ्याएको देखिन्छ । साहित्य लेखनमा तत्कालीन युगीन परिवेशले स्पष्ट रूपमा प्रभाव पार्दछ र यस्तो प्रभाव नेपाली कवितामा पनि पाइन्छ । नेपालीमा कहिले वीर भाव कहिले भक्ति भावका र कहिले श्रृङ्गारिक भावका कविता रचिनुमा तत्कालीन युगीन वा राष्ट्रिय परिवेशकै प्रभाव हो । वि.सं. २००७ साल पछि त्यक्तिगत र संस्थागत रूपमा समत साहित्य सिर्जना हुन थाल्यो ।

विगत सवा दुई सय वर्षको नेपाल राष्ट्रको निर्माणक्रम र इतिहासका घात प्रतिघातका साथै पूर्वीक्त पछिल्ला पार्ने एक सय वर्षका नेपाली समाजमा सामाजिक साँस्कृतिक एवम् राजनैतिक आर्थिक क्रिया प्रतिक्रिया तथा नेपाल वाहिरको बृहत नेपाली समाजका जीवनक्रममा घुम्तीहरूलाई नेपाली शिष्ट लेख्य कविताका परम्पराले बहन गर्दै आएको छ । यस सन्दर्भमा राष्ट्रियता र नेपाली जातीयताका साथै अन्तराष्ट्रीय पूर्वीय र पाश्चात्य मूल्य एवम् पद्धति प्रतिनिधिका बीच र परम्परा एवम् आधुनिकताका बीचका द्वन्द्व प्रतिद्वन्द्व र आरोह अवरोह तथा समन्वय र संश्लेषणका विभिन्न मोड घुम्ती हुँदै नेपाल र बृहत नेपाली समाजले भोगेका मानसिक बौद्धिक चेतनापुञ्जको सारलाई लयात्मक वा विविध माध्यमबाट सौन्दर्यपूर्ण रूपले नेपाली भाषामा व्यक्त गर्ने सिर्जनात्मक प्रतिभाहरूको गतिशील परम्परा शिष्ट लेख्य नेपाली कविताको विक्रमीय अठारौं शताब्दीसम्मको प्रारूप र त्यसपछिको विगत सवा दुई सय वर्षको शिष्ट लेख्य नेपाली कविताको प्रवाहक्रम नै यहाँ नेपाली कविताको विकास प्रक्रियाको विवेच्य कालका रूपमा देखा पर्दछ ।

### ३.२.२ नेपाली कविताको विकासक्रममा विभिन्न विद्वान्हरूले गरेको काल विभाजन

१. रत्नध्वज जोशी

क) आदिकाल भानुभक्त/मोतीराम

ख) मध्यकाल (लेखनाथ)

ग) आधुनिककाल (बालकृष्ण सम)[८९]

२. बाबुराम आचार्य

क) पुरानो युग (१९६१) पूर्व

ख) नयाँ युग (१९६१) उत्तर[९०]

३. यज्ञराज सत्याल

क) प्राथमिक काल (१८....-१९४०)

ख) माध्यमिक काल (१९४१-१९७०)[९१]

४. ईश्वर बराल

क) प्राथमिक काल (१८३३-१९४०)

ख) माध्यमिक काल (१९४१-१९८५)

ग) आधुनकिकाल (१९८६-२००७)

घ) प्रजातन्त्रकाल (२००७-२०१८)

ङ) पञ्चायतकाल (२०१९ देखि )[९२]

५. तारानाथ शर्मा

क) भानुभक्त पूर्व युग

ख) भानुभक्त युग

ग) मोतीराम युग

घ) क्रान्ति पूर्व युग

ङ) क्रान्ति उत्तर युग ।[९३]

---

[८९].चर्चा शारदा (२०००) नेपाली भाषाको नुतन साहित्य ।

[९०].पुराना कवि र कविता (२००३) ।

[९१].नेपाली साहित्यको भूमिका (२०१६) ।

[९२].नेपाली साहित्यको काल विभाजन ।

[९३].नेपाली साहित्यको इतिहास (२०२७) ।

६. दिनानाथ शर्मा

क) आदिकाल (सन् १७७६-१८४१) उदयानन्द काल

ख) पूर्व मध्यकाल (सन् १८४१-१८८२) भानुभक्त काल ।

ग) उत्तर मध्यकाल (सन् १८८३-१९१२) मोतीराम भट्ट

घ) आधुनिककाल (सन् १९१३-१९४४) लेखनाथ काल[९४]

७. दयाराम श्रेष्ठ र मोहनराज शर्मा ।

क) आदिकाल वा वीरगथा काल (१७९९-१८७२)

ख) पूर्व मध्य वा भक्तिकाल (१८७३-१९३९)

ग) उत्तर मध्यकाल वा श्रृङ्गार काल (१९४०-१९७४)

घ) मध्य आधुनिक काल वा नव्य काल (१९७५-२००७)

ङ) आधुनिक काल (२००८ देखि यता)[९५]

८. मोहनराज शर्मा

क) प्राथमिककाल (१८००-१८७२)

ख) पूर्व मध्यकाल (१८७३-१९४०)

ग) उत्तरमध्यकाल (१९४०-१९७४)

घ) आधुनिककाल (१९७५ देखि यता) आदि[९६]

यसरी नेपाली कविताको विकास क्रमलाई कसैले केन्द्रीय प्रतिभाका आधारमा कसैले राजनैतिक मोडका आधारमा कसैले प्रवृत्तिका आधारमा विभाजन गरेका छन् । विभिन्न विद्वान्हरूले आ-आफ्नै तरिकाबाट उल्लेख गरे तापनि समग्ररूपमा अध्ययन अध्यापन गर्न सजिलो र योग्य होस् भन्नको खातिर धेरै विद्वान्हरू र राष्ट्रिय स्तरका साहित्यिक संघ संस्थाहरूको सहमतिमा निम्न प्रकारले काल विभाजन गरेको पाइन्छ ।

१) प्राथामिककाल (१८२६-१९४०)

२) माध्यमिककाल (१९४१-१९७४)

३) आधुनिककाल (१९७५ देखि यता)

---

[९४]. नेपाली साहित्यको इतिहास (२०३१) ।

[९५]. नेपाली साहित्यको संक्षिप्त इतिहास वि.सं. २०३४ ।

[९६]. नेपालीको केही आधुनिक साहित्यकार (२०४०) ।

### ३.२.३ नेपाली कविताको प्राथमिक काल (वि.सं. १८२६-१९४०)

शिष्ट लेख्य नेपाली परम्पराको थालनीको नाताले लेखोट कालका रूपमा नेपाली कविताको थालनीका नाताले यस काललाई चिनिन्छ । यो पृथ्वीनारायण शाहको वीर वन्दनाबाट सुरू हुन्छ । पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियान सुगौली सन्धि, नेपाल अङ्ग्रेज युद्ध त्यस्तै गरी कोतपर्व जहानिया राणाशासनको घट्नाक्रम आदिबाट निर्मित भएको छ । यस प्राथमिक कालको समयावधि लगभग ११४ वर्ष रहेको पाइन्छ । पृथ्वीनारायण शाहको नेपाल एकीकरणको हाराहारीमा आरम्भ भएर मोतीराम भट्टको उदयसम्म नेपाली कविताको प्राथमिककाल विस्तारित भएको देखिन्छ । नेपाली राष्ट्रियता र वीरताको उन्मेष र विस्तार एवम् त्यसमा देखा परेका अवरोध र शिथिलताका युगसन्दर्भहरूले यस प्राथमिक काल अन्तर्गत विभिन्न धाराको निर्माणमा भूमिका खेलेको पाइन्छ । यस समय अवधिमा लिखित कविताहरूलाई प्रवृत्तिगत भिन्नताका आधारमा दुई चरणमा बाँड्न सकिन्छ । ती यस प्रकार छन् ।

क. पूवार्द्ध (वि.सं. १८२६-१८७२)

ख. उत्तरार्द्ध (वि.सं. १८७३-१९४० सम्म)

यो पूवार्द्ध वा पूर्व प्राथमिक काललाई मुख्यतया वीरधाराका रूपमा चिनिन्छ भने उत्तरार्द्धलाई भक्ति धाराका रूपमा चिनिन्छ ।

#### ३.२.३.१ पूवार्द्ध (१८२६-१८७२ वीरधारा काल)

नेपाल एकीकरणको विजयाभियानमा जुटेका पृथ्वीनारायण शाहको “वीरवन्दना’बाट सुरु भएको नेपाली कविताको वीरधाराकाल लगभग ४० वर्ष सम्म रह्यो । यस समयावधिमा वीरतापूर्ण भाव भएका वीर रसयुक्त कविता बढीमात्रामा लेखिए तर यसका अतिरिक्त हास्य श्रृङ्गार एवम् आध्यात्मिक तथा नैतिक सामाजिक प्रवृत्तिहरू भएका कविताहरू पनि फाटफुट रूपमा फेला पर्दछन् । तापनि प्रधानताका दृष्टिले प्राथमिक कालको यस प्रथम चरणलाई वीरधाराका रूपमा स्वीकारीएको हो । यस वीरधाराका उत्प्रेरक कारकका रूपमा नव नेपालको निर्माण र विस्तारका क्रममा प्रकट भएका वीर वन्दना राजभक्ति, राष्ट्रियता र देशप्रेमको भावधार रहेको छ ।

सुवानन्द दासले "पृथ्वीनारायण" शीर्षकबाट सुरु गरेको वीरवन्दना अथवा वीरताको व्यानबाट बीरधाराले उर्वरता प्राप्त गर्दछ । यस क्रममा एक पछि अर्को गर्दै वीरधारालाई सञ्चित गर्ने उद्देश्यले अन्य कविताहरूले पनि वीरहरू प्रधान भएका कविताहरू रचना गरेको पाइन्छ । यस धाराका अन्य कविहरूमा शक्तिवल्लव अर्याल, उदयानन्द अर्याल, राधा वल्लभ, सुन्दरानन्द बाँडा, यदुनाथ पोखरेल, रामचन्द्र रेग्मी, लोकराज पन्त आदि रहेका छन् ।[९७] हाल ज्ञानमणि नेपालबाट प्राप्त हुन आएका नयाँ जानकारीलाई समेत दृष्टिगत गर्दा यस वीर धाराको केन्द्रीय कविका रूपमा उदयानन्द अर्याल देखा पर्दछन् । उनको "बेताल पचीसी" खण्डकाव्य र पृथ्वीन्द्र काव्यले वीरधाराको कवित्वलाई निकै ठूलो रचना परिमाणका साथै मौलिक सामाजिक काव्यात्मक अल्प व्याप्ति समेत प्रदान गरेको छ । यसै क्रममा शक्तिवल्लव अर्यालको 'तनहुँ भुकुण्डो' उदयानन्दको 'पुरानो वातको अर्ती' अज्ञात कविको साङ्याको कवित् यस धाराका उल्लेखनीय कविता हुन् । यस धाराका उपलब्ध कविता कृतिमा वस्तुगत विवरण र वर्णनको प्रवृत्ति निकै मात्रामा पाइन्छ । यस क्रममा खास गरी युद्धवर्णन वीरवन्दना, राजभक्ति राजनैतिक सचेतना, शासकस्तुति देशप्रेम राष्ट्रियता, नैतिकचेत र व्यङ्ग्यचेतना आदि भाव प्रकट भएका छन् । यस धाराका कविता कृतिमा यस अवधिका कविताको अपेक्षाकृत मुक्त गद्य कविता निकट गीतिचेतनाको प्रयोगका साथै नेपाली सिलोक परम्परा अनुरुप अनेक संस्कृत वर्णमात्रिक छन्दको प्रयोगका साथमा लोक विम्व अनेक प्रतीक, कुट संकेत र अलङ्कार प्रयोग तर्फ पनि तत्कालीन कविहरूले चासो राखेका छन् । कतिपय आगन्तुक स्रोतका शब्दका साथै तत्कालीन काव्य लेखन नेपाली भाषाका आधारभूत रूपरेखा भित्र कवितात्मक भाषाशैली खोजका छन् ।[९८]

### ३.२.३.२ उत्तरार्ध (वि.सं. १८७३-१९४०० भक्तिधारा

वि.सं. १८७३ देखि १९४० सम्म लगभग ६७ वर्षको समयावधिलाई नेपाली कविताको इतिहासमा भक्ति काल भनिन्छ । पृथ्वीनारायण शाहले अघि सारेको नेपाल एकीकरणको अभियानलाई उनी पछिका वीर वीराङ्गनाहरूले पनि कायमै राखे । नेपाल एकीकरणमा जुटेका सबै वीरहरूको वीरता एवम् साहसपूर्ण कार्यको वयान गर्ने क्रममा

---

[९७].नेपाली कविता काव्य र साहित्य तत्व यादवप्रसाद लामिछाने ।

[९८].नेपाली कविता भाग -४ वासुदेव त्रिपाठी ।

वि.सं. १८७३ पछि इतिहासले कोल्टे फेर्दछ । नेपाल र अंग्रेजका बीचमा भएको युद्धमा नेपालको हार भएपछि मुलुकमा नैराश्यको भावनाले ढाक्दछ । वीरतापूर्ण भावना बोकेका नेपाली कविहरू पनि वीरधाराबाट टाँढिदै भक्तिधारामा समाहित हुन पुग्दछन् । सुगौलीको सन्धिबाट आहत बनेका नेपालीहरूलाई ईश्वरभक्तिमा समर्पित बनाएर आतङ्कको त्रासबाट मुक्ति दिलाउने उद्देश्य भक्तिधाराका कविहरूको रहेको छ । ईश्वरको स्तुति गरी भक्तिभावमा लाग्नाले ईश्वरबाट रक्षा हुन्छ भन्ने धारणा यस धाराका कविहरूको रहेको पाइन्छ । वि.सं. १८७२/७३ तिर नेपाल राज्यको सीमा विस्तार वा नेपाल एकीकरणको काम रोकियो नेपालले अंग्रेजसँगको युद्धमा पराजित भई सुगौली सन्धि गरेपछि नेपालीहरूको वीरताको जोश सेलाउँदै गयो । तत्कालीन कविहरूको ध्यान पनि वीरतापूर्ण वर्णबाट भक्तिमार्ग तिर मोडियो । युद्धबाट पराजित र आफन्तहरूको वियोगबाट तड्पिएका नेपालीहरूको मनस्थिति ईश्वरीय चिन्तनतर्फ रहयो । तत्कालीन नेपाली कविहरू पनि यस परिवेशबाट अलग रहन सकेनन् । फलतः नेपाली कविता नै वीरबन्धनाबाट ईश्वरका स्तुतितर्फ रुपायित भयो । कविहरूले ईश्वरका सकार र निराकाररूपको वर्णन आ-आफ्नो पाराले गर्न थाले ।[९९]यसरी उत्तराद्ध वा भक्तिधारा कालको सुरुवात हुन्छ । यस भक्ति धारालाई २ भागमा बाँडिएको छ ।

१. सगुण भक्ति धारा

२. निर्गुण भक्ति धारा

**३.२.३.२.१ सगुण भक्ति धारा**

सगुण भक्ति धारा अर्न्तगतका केही कविहरू श्रीकृष्णलाई र केही कविहरू श्री रामलाई आ-आफ्नो अराध्य देव मानी तिनको स्तुति गर्न थाले यसर्थ यो धारा पनि दुई भागमा वर्गीकरण हुन पुग्यो । जो यस प्रकार छ ।

क कृष्ण भक्तिधारा

ख राम भक्तिधारा

[९९].नेपाली कविता भाग २ बासुदेव त्रिपाठी ।

क. कृष्ण भक्तिधारा

श्रीकृष्ण भगवानको जीवनीसँग सम्बन्धित विविध पक्षलाई विषयवस्तु बनाइ आफ्ना भावना व्यक्त गर्ने कविहरू यस धारा अर्न्तगत पर्दछन् । कृष्णलाई आस्थाका केन्द्रविन्दु मानेर उनकै जीवन चरित्रसँग सम्बन्धित भएर कवितात्मक, अभिव्यक्ति दिने कविहरूमा इन्दिरस, विद्याख्यकेशरी, बसन्त शर्मा, वीरशाली पन्त, यदुनाथ पोखरेल, हीनव्याकरणी विद्यापति, पतञ्जली गजुऱ्याल, छविलाल नेपाल र हरिदास आदि हुन् । यस उपधाराको वीरशाली पन्तको र षडानन्द लोहनीको कृष्ण चरित्र भन्ने कृति चर्चित छ तर उपलब्ध हुन सकेको छैन । यस उपधाराका कवि इन्दिरस र विद्यारणय केशरीका कवितामा ब्रज अवधी भाषाको बढी प्रभाव परेको पाइन्छ । यस उपधाराका केन्द्रिय कविका रूपमा बसन्त शर्मालाई मान्न सकिन्छ भने वीरधाराका अवशिष्ट कविका रूपमा चाँहि यदुनाथ पोखरेल शक्तिशाली छन् ।[१००]सगुण भक्तिधारालाई उत्तर प्राथमिक कालका रूपमा पनि चिनिन्छ । मुख्यत यस कालमा संस्कृत वर्ण मात्रिक छन्दहरूको केही मात्रा लहरी र सवाईका कविहरूमा ब्रज भाषा अवधी भाषाको बढी प्रभाव देखिए पनि अधिकांश कविहरूले तत्कालीन काव्य लेखनमा नेपाली भाषाको दोहोरो उपयोग गरेको पाइन्छ । यस अवधिमा शैली शिल्पको सौन्दर्य एवम् रस भावको रमणीयता प्रतिको आकर्षण केही मात्रामा प्रकट भएको तर अनुवाद रूपान्तरण एवम् अध्यात्म दर्शनप्रति पादन तथा भगवान स्तुतिले नै भक्तिधाराका कविहरूलाई बढी प्रेरित गरेको कुरा समीक्षकहरूले देखाएका छन् ।

ख. राम भक्तिधारा

श्रीराम भगवानका जीवनीसँग सम्बन्धित विविध पक्षलाई विषयवस्तु बनाइ आफ्ना भावना व्यक्त गर्ने कविहरू यस धारा अर्न्तगत पर्दछन् । यस धारामा रामभक्तिलाई कवितात्मक अभिव्यक्ति दिने वा रामको स्तुतिगान गर्ने मुख्य कविहरूका रूपमा रघुनाथ पोखरेल, भानुभक्त आचार्य पतञ्जली गजुऱ्याल, रामदास आदि हुन । यस उपधाराका केन्द्रीय कवि भानुभक्त आचार्यले सामाजिक सांस्कृतिक र राजनैतिक परिवेशलाई स्पर्श गर्दै सरल र सरस शैलीमा कवितात्मक

[१००].नेपाली कवि र कविता, खगेन्द्र लुइटेल ।

अभिव्यक्ति दिएका छन् । बाल्मीकीको अध्यात्म रामायणलाई आधार सामग्रीको रूपमा लिएर रामको गाथा गाउँने कार्यमा भानुभक्तले सफलता हासिल गरेका छन् । नेपाली भाषामा लेखिएको रामायणाले नेपालीको पहिलो सामाजिक काव्य बन्ने अवसर पाएको छ । त्यस्तै प्रकारले रघुनाथ पोखरेलको सुन्दर काण्डले राम भक्तिको उत्तम नमुना पेश गरेको छ । यस रामभक्तिधारा कालमा रामलाई केन्द्र मानेर कवितारचना गर्ने कविहरूले रामको कष्टकर अनुशासित तथा आदर्श जीवनबाट प्रेरित भएर रामप्रति भक्तिभाव दशार्उने कार्य गरेको पाइन्छ ।

### ३.२.३.२.२ निर्गुण भक्तिधारा

नेपाली कविताको विकास प्रक्रियामा प्राथमिक काल भित्रिइ भक्ति धारा अर्न्तगत निर्गुण भक्ति धारा देखा पर्दछ । यस धाराको आरम्भ जोशमनि सन्तका रचनाबाट भएको हो । सगुण भक्तिधाराका कविहरू चाँहि अदृश्यता माथि विश्वास गर्दै वास्तविक ईश्वरका रूपमा ब्रह्मलाई स्वीकार गरेका छन् । निर्गुण ब्रह्मका पक्षपाती सन्तहरूद्वारा सगुण ब्रह्मको निषेध गरेको पाइदैन । यिनीहरूलाई ईश्वरको साकार र निराकार भक्तिधारा गरी दुई भागमा बाँड्न सकिन्छ । सन्त कविहरूको मुख्य उद्देश्य जातिगत विभेद अत्याचार दुराचारको विरोध र मानवतावादको समर्थन गरी मुक्तिको चाहना राख्नु हो ।

यस धाराका कविहरू शशिधर, दैवज्ञ केशरी, अगम दिलदास, अखण्ड दिलदास, ज्ञानदिलदास आदि मध्ये केन्द्रीय प्रतिभा चाँहि ज्ञानदिलदास हुन् । ज्ञानदिलदासले कविताका माध्यमबाट तत्कालीन सामाजिक प्रशासनिक र आर्थिक स्थितिको यथार्थ चित्रण गरी व्यङ्ग्यात्मक अभिव्यक्ति गरेको पाइन्छ ।[१०१]

सन्त ज्ञानदिलदासका उदयलहरी, झ्याउरे, भजन, टुङ्ना गरी जम्मा तीनवटा रचना उपलब्ध छन् । यसरी सुवानन्द दासबाट थालनी भएको कविताको लेखन प्रक्रिया अविरत गतिमा बढ्दै गयो । वि.सं. १८२६ देखि शुरु गरिएको वीरबन्दना युक्त कविताको समयावधी वि.सं. १८७३ को सुगौली सन्धिसम्म रहेको पाइन्छ । वि.सं. १८७३

[१०१]. नेपाली कविता भाग १ वासुदेव त्रिपाठी ।

पछिको वातावरणले भक्ति धारामा कविता रचना गर्ने स्थिति निम्त्याउँछ । यस धारामा केन्द्रित भएर कविता लेख्ने कवि मध्ये भानुभक्त आचार्य यस धाराका केन्द्रीय कवि हुन् ।

यसरी नेपाली कविताको प्राथमिक कालमा नै विभिन्न धाराहरूको जन्म भै कवितात्मक विषय वस्तुमा समेत विविधता पाइएकाले नेपाली कविताको विकासक्रममा यस कालको महत्वपूर्ण भूमिका रहेको पाइन्छ ।

### ३.२.४ नेपाली कविताको माध्यमिक काल (वि.सं. १९४१-१९७४)

नेपाली कविताको प्राथमिक काललाई लिखित कविताको काल भनिन्छ भने कविताको माध्यमिक काललाई चाँहि छापाखानाको युगका रूपमा चिनिन्छ । यस युगका प्रवर्तक मोतीराम भट्ट हुन् । उनले नै यस युगको सिङ्गो रूपमा नेतृत्व प्रदान गरेका छन् । माध्यमिक कालीन नेपाली कविताको परिचायक केन्द्रीय प्रवृत्ति श्रृङ्गारिक भावधारा हो । यस युगको नेपाली कवितामा विभिन्न रसभाव अभिव्यक्त रहे पनि यसलाई चिनाउने मुख्य नवप्रवृत्ति श्रृङ्गारिकता नै हो ।[१०२] सुरूमा मोतीराम भट्ट भारतेन्दु हरिश चन्द्रबाट प्रभावित भएर मोतीमण्डलीको गठन गरी नेपाली कवितामा श्रृङ्गारिक कविता र समस्यापूर्ति लेख्ने कार्यमा आकृष्ट भएका छन् ।[१०३] यस कालमा प्रशस्त श्रृङ.गारिक कविता रचिएको पाइन्छ । यसै समयावधिमा परिष्कृत र परिमार्जित कविताहरू पनि प्रशस्त लेखिएका छन् । राष्ट्रको ढुकुटी मनोरञ्जनमा खर्चने तथा राणाहरूले राणाहरूको चरम सुखका लागि तत्कालीन कविहरूले पनि श्रृङ्गारिक प्रवृत्तिका कविताहरू सिर्जना गर्न थालेको पाइन्छ ।[१०४] यसै समयमा शिष्टता मर्यादा र अनुशासन भित्र रहेर श्रृङ्गारिक कविताहरू सिर्जना गर्ने तर्फ ध्यान पुऱ्याएको पाइन्छ । श्रृङ्गारिक कवि मोतीरामका कृतिहरूमा पिकदूत, कमल, भ्रमर संवाद, भ्रमर गीत, सुक्ति सिन्धु आदि प्रमुख मानिन्छन् । यस कालमा पनि पृष्ठभूमिकालीन लोकधारा सवाई लहरी आदिका माध्यमबाट सञ्चालित छ भने खास गरी लहरीकाव्यले श्रृङ्गारिक धारालाई यस कालको

[१०२]. नेपाली कविता भाग -४, वासुदेव त्रिपाठी ।

[१०३]. नेपाली कवि र कविता खगेन्द्र प्र. लुइँटेल ।

[१०४]. नेपाली कविता काव्य र साहित्यतत्व -यादवप्रकाश लामिछाने ।

उत्तरार्द्धमा निकै नै उदुवेल्लित पनि तुल्याएको पाइन्छ ।[१०५]माध्यमिककालीन नेपाली कविताको श्रृङ्गारिक धाराले मुख्यत नरनारीको यौवन र श्रृङ्गारिक भावलाई आफ्नै कविताको विषयवस्तु बनाएको छ र यस क्रममा उद्दीपन विभावको रूपमा प्रकृति र ऋतुचक्रको पनि प्रयोग गरेको छ । संस्कृत काव्यको श्रृङ्गारिक काव्य र समस्यापूर्ति परम्पराबाट एकातर्फ यो धारा प्रेरित रहेको छ भने अर्को तर्फ हिन्दी कविताको रीतिवादी युगबाट पनि यसले शैली शिल्पमा उति नभए पनि श्रृङ्गारिक पक्षमा केही प्रेरणा लिएको छ । अनि उर्दूमार्फत गजल सायरीको फारसी परम्पराबाट पनि प्रेरित हुनु यसको पहिचान रहेको छ ।

यस नेपाली कविताको माध्यकिकालीन केन्द्रिय प्रतिभा मोतीराम भट्टले प्राथमिक कालीन केन्द्रिय प्रतिभा भानुभक्त आचार्यको जीवनी लेखी छपाएर प्रकाशनमा ल्याउने काम गर्नुको साथै आदि कवि भानुभक्तको गहिरो अनुसन्धान गरी संसार भरि नै चिनाउने काम गरे । उनले 'गोरखा भारत जीवन' नामक पत्रिका बनारसबाट प्रकाशन गरे । समस्यापूर्ति जीवनी, लेखन, पत्रपत्रिका संञ्चालन गरी गीत र गजल लेखन क्रमको थालनीका अतिरिक्त अरूलाई समेत प्रोत्साहित गर्ने मोतीरामको उल्लेखनीय योगदान रहेको पाइन्छ । समस्यापूर्ति, गजल, फुटकर कविता र खण्डकाव्य समेतका माध्यमबाट श्रृङ्गार धारालाई मोतीरामले प्रतिष्ठित तथा समृद्ध तुल्याएको पाइन्छ । युवा कवि मोतीराम भट्टमा सहज प्रतिभा र कल्पना शक्ति तथा तिख्खर सौन्दर्य चेत रहेको तर अल्पायुमै उनको निधन भएकाले उनका कविताले भाव र भाषाशैली एवम् शिल्पको परिपाक भने पाउँन बाँकी रहेको भेटिन्छ ।[१०६]यिनले थोरै समयमा पनि नेपाली कविताफाँटलाई धेरै फराकिलो पारेको पाइन्छ । यिनका कृतिहरू पँचक, पुचक, गजेन्द्र मोक्ष, तीजको कथा पिकदुत प्रल्हाद भक्तिकथा, उषा चरित्र, मनोद्वेग प्रवाह, गजलहरू आदि धेरै श्रृङ्गारिकताले पूर्ण रचनाहरू छन् । उनी कवि मात्र नभएर पत्रकार, समालोचक, नाटककार लेखक, प्रकाशक आदि बहुमुखी प्रतिभाका धनी थिए । तीस वर्षको उमेरमै यिनको निधन भए पनि यिनी यस युगका प्रवर्तक एवम् सम्वर्धक बनेर नेपाली साहित्यकै श्रीवृद्धिमा यिनको योगदान महत्वपूर्ण र अविस्मरणीय बन्न

---

[१०५]. नेपाली कविता भाग -४ पूर्ववत् ।

[१०६]. पूर्ववत् ।

पुगेको छ । यसरी मोतीरामको अवसान भएपछि उनलाई उछिनेर कविता सिर्जना गर्ने तथा नेतृत्व गर्ने अरु कवि नदेखिएकाले यस माध्यमिक कालको मूलधारा श्रृङ्गार भएकाले यसको नेतृत्वकर्ता तथा शीषस्थ व्यक्तित्व मोतीराम भट्ट नै मानिन्छन् ।

माध्यमिक काललाई वि.सं. १९४१ देखि वि.सं. १९६० सम्मको अवधिलाई पूवार्ध र वि.सं. १९६१ देखि १९७४ सम्मको अवधिलाई उत्तरार्ध गरी विभाजन गर्दा पूवार्धको पुरै नेतृत्व मोतीराम भट्टले गरेको देखिन्छ । माध्यमिक कालको उत्तरार्धमा लेखनाथ पौड्याल जस्ता कविले श्रृङ्गार धारालाई नेपाली कवितामा नव युगको आमन्त्रणको प्रयास गरिरहेतापनि सुक्तिसिन्धु श्रृङ्गारिकधाराले पद्यक्षेत्रमै समेत शिष्टताको सीमा केही मिचे पनि श्रृङ्गारिकता र कविताका शैलीशिल्पको दृष्टिले श्रृङ्गारिक कविता धारा चहकिएकै पाइन्छ । 'सुक्तिसिन्धु' को प्रकाशन कालमा माध्यमिक कालको उत्तरार्धमा मोतीरामको अनुपस्थितिमा आँशुकवि शम्भूप्रसाद ढुंगेल प्रमुख व्यक्तित्वका रूपमा रहेको पाइन्छ । यस खण्डमा छिटफुट रूपमा अरु रचनाहरू श्रृजना भए पनि यस खण्डको कविताको मूलस्वर भने श्रृङ्गारिक नै रहेको पाइन्छ । शम्भूप्रसाद ढुंगेल पनि मूलभूत रूपमा श्रृङ्गारिक कवि नै कहलिन्छन् ।[१०७]उनका यस धाराका कृतिहरूमा "शम्भुभजन माला" र वेश्यावर्णन जस्ता श्रृङ्गारिक रचना प्राप्त भएका छन् । माध्यमिक कालीन अन्य मुख्य कविहरूमा तीर्थराज पाण्डे, राजिवलोचन जोशी, शिखरनाथ सुवेदी, लक्ष्मीदत्त पन्त, कृष्णप्रसाद रेग्मी, तारानाथ शर्मा, रामप्रसाद सत्याल, वैजनाथ सेढाई पहलमान सिंह स्वार, तीर्थप्रसाद आचार्य, केदारनाथ खतिवडा, ईश्वरीराज पन्त, तुलसीदत्त भट्टराई आदि पर्दछन् । उत्तर प्राथमिक कालमा थालिएको भक्तिधाराको रहलपहल रचनाक्रम र प्रकाशन श्रृङ्खला पनि समानन्तर गौण रूपमा चलेको पाइन्छ । पौराणिक आख्यानलाई श्लोकबद्ध गरी भानुभक्तीय परम्परा धान्दै रामायण, श्रीमद् भागवत, महाभारतदेखि भागवत र अन्य पौराणिक आख्यान श्रोतका साना ठूला अनेक प्रवृत्तिको रचना माध्यमिक कालकै समयावधिमा पनि हुँदै रहेको पा्इन्छ भने यस्ता आख्यानका प्रकाशनमा माध्यमिक काल नमुनानै रहेको छ । यसर्थ माध्यमिक कालमा श्रृङ्गारिक धाराको बाहुल्य रहेको पाइन्छ । प्राथमिक कालीन काव्य प्रवृत्तिमा लोकगीत लोकगाथाबाट आधार विन्दु प्राप्त भएको पाइन्छ भने माध्यमिक कालमा आएपछि

[१०७].नेपाली कविता भाग -१, वासुदेव त्रिपाठी ।

कवितात्मक सौन्दर्य चेतना प्राप्त भएको पाइन्छ । यस माध्यमिक कालमा श्रृङ्गारिक भाव धारा केन्द्रविन्दुका रूपमा देखिए पनि शिष्ट र शालीन लेखन प्रक्रियाको शुभारम्भ हुनु निश्चय नै सकारात्मक पक्ष मानिन्छ ।[१०८]

### ३.२.५ नेपाली कविताको आधुनिक काल (वि.सं. १९७५ देखि यता )

नेपाली कविताको आधुनिक काल माध्यमिक कालीन श्रृङ्गारिक कविता सङ्ग्रह सुक्तिसिन्धु (वि.सं. १९७५) पछि थालियो । यो काल वि.सं. १९७५ देखि  अहिलेसम्म पनि गतिशील नै छ । नेपाली कविताले माध्यमिक कालको दोस्रो प्रहर चलिरहेकै समयदेखि केही उत्साही कविहरूले पत्रपत्रिका मार्फत आफ्ना रचनाहरू प्रस्तुत गर्दै काव्य भाषामा सामाजिक एवम् सांस्कृतिक जागरणका स्वरहरू सुसेल्न थालेको पाइन्छ । यस क्रममा 'सुन्दरी र 'माधवी' पत्रिकाको उच्च स्थान रहेको छ । माधवी पत्रिकाको हलन्त वहिस्कार आन्दोलनले पनि निकै सहयोग पुऱ्याएको छ । लेख्य नेपाली व्याकरणको स्थापना क्रमसँगै त्यसलाई शिष्ट लेखक समुदायले स्वीकार्दै जानु कविताको गुणस्तर र स्तरीयता प्रति चासो राखी कविता सौन्दर्यका शिखरहरुलाई ताक्नु कविहरुको र कविता रचनाको संख्यात्मक वृद्धि तीब्र गतिमा हुँदै जानु प्रथमतः पूर्वीय कविताका गुणस्तरप्रति र आधुनिक पाश्चात्य प्रणालीका शिक्षाका क्रममा आधुनिक भारतीय कविताका नवनव धारा र प्रकृतिप्रति अ ाकर्षित हुन लाग्नु अनि पाश्चात्य कविताका विभिन्न धारा र प्रवृत्तिप्रति आकर्षण र अन्तर्राष्ट्रिय भाषा अंग्रेजी भाषाप्रति आकर्षित र सांस्कृतिक नवजागरणका राष्ट्रिय लहरसँग सम्बन्धित हुँदै ई.सन्. बीसौं शताब्दीका अन्तर्राष्ट्रिय घटनाक्रम र सवालका साथै मानवता र मानव जीवनसम्बन्धी युगीन वृहत् प्रश्नहरुप्रति चनाखो रहनु जस्ता मुख्य अभिलक्षणहरु आधुनिक नेपाली कविताले क्रमश बहन गर्दै आएको छ ।[१०९]

यस कालको सूत्रपात गर्ने व्यक्ति लेखनाथ पौड्याललाई मानिन्छ । उनका कृतिहरु मध्ये 'ऋतु बिचार' र 'बुद्धि बिनोद' ले नैतिक सन्देश दिनुका साथै साहित्यिक स्वरलाई अघि सारेको छ भने 'पिजडाको सुँगा' र बसन्त कोकिल कविताहरुले नवीन

---

[१०८]. प्राथमिक कालिन कवि र काव्य प्रवृत्ति -केशवप्रसाद उपाध्याय ।

[१०९]. नेपाली कविता भाग ४ पूर्ववत् ।

काव्य मूल्यको स्थापना गरेको देखिन्छ । कवि पौड्यालले नै माध्यमिककालिन काव्य प्रवृत्तिबाट कवितालाई मुक्त गराउँदै आधुनिक कालतिर डोऱ्याउने काम गरेका हुनाले आधुनिक कालका थालनीकर्ताका रुपमा उनी परिचित छन् । कवि लेखनाथ पौड्यालबाट माध्यमिककालिन श्रृङगारिक धारालाई  त्याग्दै नेपाली कवितालाई नवीन दिशा नवीन भाषाशैली लय, सौन्दर्यसहित शिल्प सज्जाले सुसजित बनाउँदै सामाजिक नैतिक एवम् सांस्कृतिक बाटा तर्फ लैजाने काम गरेको हुनाले उनलाई आधुनिकता प्रदान गर्ने कविका रुपमा स्वीकार गरिन्छ ।[११०] यतिमात्र होइन यिनले नेपाली कवितालाई परिष्कृत परिमार्जित भाषशैलीमा श्रृङ्गारिकताबाट बौद्धिकतातर्फ अभिमुख गराई पूर्वीय शास्त्रीय छन्दका परिधिमा शास्त्रीय कविताको स्वरुप पनि प्रदान गरे । आधुनकि नेपाली कविताको यात्रालाई यदि पूर्वाद्ध र उत्तरार्द्धमा विभाजित गर्ने हो भने यी दुईको समय विन्दु छुट्याउन महाकवि लक्ष्मीप्रसाद देवकोटाको मृत्यु भएपछि अथवा देहावसन (वि.सं. २०१६) लाई साँधको रुपमा लिन सकिन्छ । वि.सं. २०१७ सालको राजनैतिक यात्रामा पनि प्रजातान्त्रिक प्रभावका परिप्रेक्ष्यमा एक महत्वपूर्ण वर्ष हो र आधुनकि नेपाली कविताको प्रयोगवादी भनिने सबभन्दा परिस्कृत धारा पनि यसै वर्ष थालिएको हो । तसर्थ वि.सं. १९७५ देखि २०१६ सालसम्म लगभग ४१ वर्षको समयलाई नेपाली कविताको आधुनिक कालको पूवार्द्धकाल मान्न सकिन्छ । वि.सं. २०१७ सालदेखि यत हालसम्मको समयावधीलाई चाँहि नेपाली कविताको आधुनिक कालको उत्तरार्द्धकाल मान्न सकिन्छ ।

यसरी वि.सं. १९७५ साल देखि कवि शिरोमणी लेखनाथ पौड्यालबाट थालनी भएको नेपाली कविताको आधुनिककालभित्र पनि अनेक धाराहरु देखिएका छन् । जसको चर्चा तल गरिएको छ ।

अ) परिष्कारवादी धारा १९७५-१९९०

आ) स्वच्छन्दतावादी प्रगतिवादी धारा १९९१-२०१६

इ) प्रयोगवादी धारा २०१७- २०२९

ई) समसामयिक धारा २०३० देखि हालसम्म

---

[११०]. नेपाली कविता भाग २ पूर्ववत् ।

३.२.५.१ परिष्कारवादी धारा (१९७५-१९९०)

नेपाली कविताको आधुनिक कालको पूर्वाद्धमा देखा परेका दुई धारा मध्ये परिष्कारवादी धारा पहिलो धारा हो । परिष्कारवादी धारालाई क्लासिकल वा शास्त्रीयतावादी धाराका नाममा पनि चिनिन्छ । लेख्य व्याकरणका अनुशासनमा कवितालाई हिंडाउने प्रयास भइरहेको अनि कविताको स्तरीकरणका साथै नवीन कविता पथको खोज र प्रयोग भइरहेको परिप्रेक्षमा वि.सं. १९७५-७६ तिर नेपाली कविताको आधुनिक काल भित्रको प्रथम धाराको रुपमा परिष्कारवादी धारा प्रकट हुन पुग्यो । कविताका लय भाषाशैली भाव र शिल्प संरचनामा संयमका साथै सन्तुलन एवम् परिष्कार परिमार्जन चाहने परिप्रेक्षकमा नै मुख्यत यस धारालाई परिष्कारवादी भनिएको हो ।[१११] यस धाराले अङ्गालेका सामाजिक परिष्कार वा सुधार परिवर्तनको चेतना र अझ आत्मिक स्तरमा अध्यात्मिक परिष्कारका सन्दर्भमा पनि यसलाई परिष्कारवादी धारा भन्न सकिन्छ ।

नेपाली कविताले माध्यमिक काललाई तोड्दै नेपाली कविताको आधुनिक काललाई निम्त्याउन मुख्य श्रेय कवि शिरोमणि लेखनाथ पौड्याललाई छ । उनी नेपाली कविताको आधुनिक कालभित्रको परिष्कारवादी धाराका प्रर्वतक एवम् केन्द्रीय प्रतिभा हुन् । कवि लेखनाथ पौड्यालले माधवी पत्रिकाले अँगालेको हलन्त बहिस्कारमा आधारित लेख व्याकरणको स्वीकार गर्दै र अति श्रृङगारिकताका विरुद्ध नैतिक एवम् धार्मिक अध्यामिक चेतनाको पुनः स्थापनामा प्रकृतिप्रति सहमति जनाउँदै कविता लेख्न शुरु गरे । वि.सं. १९६९ को संयुक्त कविता सङ्ग्रह लालित्य अन्तर्गत कविकवितालाप फुटकर कविताबाट उनले आफ्नो नयाँ कविता पथको घोषणा समेत गरे । उनले प्रकृतिको सौन्दर्य सामाजिकता नैतिक चेतना र अध्यात्मिकता जस्ता अपेक्षाकृत नयाँ विषय क्षेत्रतर्फ कवितालाई डोऱ्याउन खोजेका हुन् । साथमा कविताका भाषाशैली र शिल्पअलङकार एवम् कथन पद्धति र समष्टि संरचनाका साथै छन्द र भाव विधानलाई पनि परिपाक र परिस्कार प्रदान गरी उनले नवीन कविता सौन्दर्यलाई निम्त्याउन र कवित्वको स्तरीकरण समेत गर्न चाहेका हुन् । यसै सन्दर्भमा उनके ऋृतुविचार, सत्यकाली संवाद, तरुण तपसी, वुद्धिविनोद आदि प्रमुख रचना मानिन्छन् ।

---

१११. नेपाली कविता भाग ४ पूर्ववत् ।

यसरी नेपाली कवितामा परिष्कार परिमार्जनको क्रमलाई अघि बढाउने लेखनाथ पौड्यालका साथमा बालकृष्ण सम पनि लागि परेको देखिन्छ । यसै गरी यस परिष्कारवादी धारालाई गोडमेल गर्दै अघि बढाउने अन्य कविहरुमा सोमनाथ सिग्द्याल, महानन्द सापकोटा, कुलचन्द्र गौतम, धरणीधर कोइराला आदि उत्कृष्ट कविहरु पर्दछन् । यसै सन्दर्भमा बालकृष्ण समले बौद्धिकताका अतिरिक्त पाश्चात्य क्लासिकल शैली, शिल्प र संरचनालाई नेपाली कविता क्षेत्रमा भित्राउने काम गरेका छन् भने सोमनाथ सिग्द्याल तथा कुलचन्द्र गौतमले पूर्वीय काव्यतत्व तथा शास्त्रीयताको प्रवर्तन गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेलेका छन् ।[११२]

शास्त्रीय नियमको पूर्वरूपमा परिपालन गरी काव्य रचना गर्ने परिष्कारवादी कवि सोमनाथ सिग्द्यालको ‘आदर्श राधव’ सामाजिक काव्यले उनी भित्रको असाधारण काव्य शिल्पको प्रदर्शन गरेको छ भने पूर्वीय काव्यशास्त्रलाई आदर्श मानेर कविता रचना गर्ने कवि कुलचन्द्र गौतमको ‘अलङ्कार चन्द्रोदय’ पनि उत्तिकै उत्कृष्ट मानिन्छ । त्यस्तै गरी चक्रपाणि चालिसेका कविताले परिष्कारवादी काव्य धारालाई अगाडि बढाउन सहयोग पुऱ्याएको पाइन्छ । कवि महानन्द सापकोटा पनि यसै धाराका कवि मानिन्छन् । मूलतः यिनका कवितामा सामाजिक एवम् सांस्कृतिक सुधारका लागि आवाज उठाएको पाइन्छ । उनी नेपाली समाजमा व्याप्त अन्धविश्वासलाई हटाउने उद्देश्य राखी सामाजिक चेतना दिने महान् गुरुका रुपमा प्रतिष्ठित रहेका छन् । जसका कारण नेपाली कविताको परिष्कारवादी धारालाई धेरथोर सहयोग पुगेको नै छ ।[११३] उनका कृतिहरुमा मनलहरी, हाम्रो नेपाल अपुङ्गो आदि महत्वपूर्ण मानिन्छन् । सामाजिक चेतना जागरण र नैतिक विकासका लागि हुरुक्क हुने कवि धरणीधर कोइरालाका ‘नैवेद्य’ र ‘स्पन्दन’ कविता सङ्ग्रहका अतिरिक्त फुटकर कविताहरु पनि यसै कालमा देखा परेका छन् । यसै धारामा सम्बद्ध रहेर कविता रचना गर्ने अन्य कविहरुमा माधवप्रसाद देवकोटा दधिराम परासिनी, पारसमणि प्रधान, अगमसिंह, गिरी, गम्भीर राई आदि रहेका छन् ।

---

११२. पूर्ववत् ।

११३. नेपाली कविता काव्य र साहित्य तत्व-यादवप्रकाश लामिछाने ।

परिष्कारवादी काव्यधाराका मूलभूत उद्देश्य नै जातीय जागरणका साथै सामाजिक चेतना जगाउनु रहेको पाइन्छ । यस वाहेक शिष्ट शालीन र संयमित प्रस्तुततिकरण र वस्तुपरक कविता रचनामा केन्द्रिकृत रहनु अर्को विशेषता हो वि.सं. १९७५ देखि वि.सं. १९९० सम्मको करिब डेढ दशकको कविता यात्रा परिष्कारवादी धाराको उर्वरकाल मानिन्छ । यद्यपि परिष्कारवादी काव्यधारामा रहेर कविता रचना गर्ने कविहरु हुँदाहुँदै पनि वि.सं. १९९१ पछि यो धारा मत्थर हुन पुग्छ र नयाँ काव्यधाराको प्रवर्तनका साथ महाकवि लक्ष्मीप्रसाद देवकोटा काव्य जगतमा उदाउन पुग्दछन् ।

३.२.५.२ स्वच्छन्दतावादी प्रगतिवादीधारा (वि.सं. १९९१-२०१६)

स्वच्छन्दतावाद रोमान्स शब्दबाट विकसित रोमान्टिसिजम शब्दको समानार्थी नेपाली शब्द हो । रोमान्टिसिजम शब्द काव्य रोचक भावपूर्ण कल्पना प्रचुर रचनाका सन्दर्भमा प्रयोग भएको पाइन्छ ।

आधुनिक नेपाली कविता यात्राको सन्दर्भमा परिष्कारवाद पछिको अर्को महत्वपूर्ण मोडसँग सम्बन्धित रहेको धारा हो स्वच्छन्दतावादी धारा । यो धारा नेपाली साहित्यमा स्वच्छन्दतावादी प्रगतिवादी वि.सं. १९९१ सालमा शारदा पत्रिकाको प्रकाशनसँगै लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठका कविताबाट भएको हो । स्वच्छन्दतावादी धारा पाश्चात्य साहित्यमा प्रारम्भ भई अंग्रेजी हिन्दी साहित्यका माध्यमबाट नेपाली साहित्यमा प्रवेश गरेको हुनु अगाडिको समयलाई यस धाराको पृष्ठभूमि कालको रुपमा लिन सकिन्छ । वि.सं. १९४५ सालमा दरबार हाइस्कूल रानी पोखरीमा सर्नु र सर्वसाधरणका लागि खुल्ला हुनु १९७६ सालमा त्रिचन्द्र कलेज खुल्नु र पटना विश्व विद्यालयद्वारा निर्दिष्ट पठ्यक्रममा अंग्रेजी स्वच्छन्दतावादी कविका कविताहरु समावेश गरिनु तत्कालीन कविहरुलाई स्वच्छन्त्दतावादतिर आकर्षण गराउने प्रेरक तत्व मानिन्छ ।[११४] त्यस वखत नेपाली युवाहरु हिन्दी साहित्यको छायावाद र अंग्रेजी साहित्यको स्वच्छन्दतावादसँग परिचित भई नेपालीमा कविता लेख्न थालिनु नै अंग्रेजी र हिन्दी साहित्यमा प्रचलित छायाबाद स्वच्छन्दतावादको प्रेरणा र प्रभाव मान्न सकिन्छ । वि.सं. १९९१ सालमा प्रकाशित शारदा पत्रिकाबाट प्रस्फुटित स्वच्छन्दतावादी

---

[११४]. नेपाली कवि र कविता- खग्रेन्द्र लुइटेल ।

परम्परालाई १९९६ सालको सहीद काण्ड र २००४ सालको राजनैतिक घटनाले पनि तीव्र प्रभाव पारेको देखिन्छ । वि.सं. २००४ सालमा लक्ष्मीप्रसाद देवकोटा बनारसतिर स्वनिर्वासित भई युगवाणी पत्रिकाको सम्पादन गर्दछन् र यसै पत्रिकामा प्रकाशित उनका विभिन्न राजनैतिक क्रान्तिकारी कविता मार्फत नेपाली स्वच्छन्दतावाद भित्रै प्रगतिवादी चिन्तन थालिन्छ ।

यसै समय देखि स्वच्छन्दतावादी प्रगतिवादी काव्यधाराल प्रभाव पारेको देखिन्छ । यस धाराले लक्ष्मीप्रसाद देवकोटाको नेतृत्व तथा अन्य कविहरुको सक्रियतामा चरमोत्कर्षता प्राप्त गरेको हो । नेपाली कविताको स्वच्छन्दतावादी धारालाई वि.सं. १९९१ देखि २००३ सम्म पहिलो चरण र २००४ देखि २०१६ सम्म दोश्रो चरण गरी २ भागमा वर्गीकरण गरेको पाइन्छ । वि.सं. १९९१ सालमा थालिएको स्वच्छन्दतावादी धारा वि.सं. २००३/४ साल सम्म विशुद्ध स्वच्छन्दतावादी धाराका रुपमा विकसित भएको देखिन्छ । वि.सं. २००४ सालतिर लक्ष्मीप्रसाद देवकोटा बनारस गएर बस्दा उनले प्रगतिवादी क्रान्तिकारी अभिव्यक्ति गर्न थालेको पाइन्छ । वि.सं. २००४ सालमा आरम्भ भएको प्रगतिवादी प्रवृत्ति स्वच्छन्दतावादकै पूरकका रुपमा वि.सं. २०१६ सालसम्म देवकोटाकै केन्द्रियतामा विकसित सम्बन्धित र विस्तारित भएको देखिन्छ । वि.सं. २००४ सालतिर लक्ष्मीप्रसाद देवकोटा बनारस गएर बस्दा उनले प्रगतिवादी क्रान्तिकारी अभिव्यक्ति गर्न थालेको पाइन्छ । वि.सं. २००४ सालमा आरम्भ भएको प्रगतिवादी प्रवृत्ति स्वच्छन्दतावादकै पूरकका रुपमा वि.सं. २०१६ सालसम्म देवकोटाकै केन्द्रियतामा विकसित, सम्बन्धित र विस्तारित भएको देखिन्छ । वस्तुपरक कवितात्मक अभिव्यक्ति दिने परिष्कारवादी काव्य प्रवृतिबाट टाढा रहन चाहने स्वच्छन्दतावादी प्रगतिवादी काव्य धारालाई अँगाल्ने कविहरुले संयमित शालिन अभिव्यक्ति भन्दा कल्पनाको उडानमा बेग मार्न रुचि लिएको पाइन्छ ।[११५] नेपाली कविताको स्वच्छन्दतावादी धाराका प्रथम चरणमा क्रान्तिचेतलाई साङकेतिक रुपमा व्यक्त गरिएको पाइन्छ भने नेपालको राजनैतिक परिवर्तनका सन्दर्भमा वि.सं. १९९७ शहीदपर्व र त्यसपछिका प्रजातान्त्रिक राजनैतिक अभियानका क्रममा वि.सं. २००४ देखि भएको तीव्रता र क्रान्ति विद्रोहका तथा सामाजिक राजनैतिक व्यङ्ग्यका प्रवृतिहरुका

---

[११५]. नेपाली कविता काव्य र साहित्य तत्व यादवप्रकाश लामिछाने ।

श्रृङ्खलामा स्वच्छन्दतावादी नेपाली कविताले प्रखर रुपमा व्यङ्ग्य र विद्रोहसहित क्रान्तिचेतलाई बहन गर्न पुग्यो ।[११६] स्वस्फूर्त कविता कलाका पक्षपाति स्वच्छन्दतावादीहरु कवितामा बौद्धिकताको हस्तक्षेपलाई स्वीकार गर्दैनन् । यस धाराका कविहरु प्रकृतिप्रति आकर्षण ग्रामीण जनजीवन र लोक संस्कृति तथा मानव ईश्वर र प्रकृतिप्रति आस्था प्रकट गर्दै राष्ट्रिय संस्कृतिको संरक्षण तथा विकासका निम्ति कवितात्मक अभिव्यक्ति दिने यत्म धाराका बढी सक्रिय रहेको देखिन्छ । यस स्वच्छन्दतावादी धाराका नेतृत्वकर्ता लक्ष्मीप्रसाद देवकोटाको मुनामदन खण्डकाव्यले आधुनिक नेपाली कविताका फाँटमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । फुटकर कविताको अतिरिक्त सामाजिक काव्य एवम् खण्डकाव्य सिर्जना गरेर यस धाराको व्यापकतालाई अझ तीव्रता दिएको पाइन्छ । यस स्वच्छदतावादी धारामा पहिलो चरणमा कविता सिर्जना गर्ने कविहरुमा महाकवि लक्ष्मीप्रसाद देवकोटा सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे, युद्धप्रसाद मिश्र, केदारमान व्यथित पर्दछन् । वि.सं. २००४-२०१६ सालको बीचको समय स्वच्छन्दतावादी धाराको दोश्रो चरण हो । यो समय स्वच्छन्दतावादी प्रगतिवादी धाराको उर्वर समय रहेको भेटिन्छ । वि.सं. १९९१ सालदेखि वि.स. २०१६ साल सम्मको २४, २५ वर्षको अवधिमा कयौं फुटकर कविताका अतिरिक्त खण्डकाव्य सामाजिक काव्य समेत रचना भएकोले यस धाराको महत्वपूर्ण स्थान रहेको तथ्यलाई अस्वीकार गर्न सकिदैन ।[११७]

यस स्वच्छन्दतावादी प्रगतिवादी धाराले बेलाबखत सामाजिक आर्थिक तथा राजनैतिक धारालाई सठीक खरो रुपमा प्रकट गरे पनि यसको कलात्मक स्थिति चाहिं खासगरी स्वच्छन्दतावादी रुपमै सठीक र चहकिलो छ । स्वच्छन्दतावादी प्रगतिवादी कविहरुद्वारा सिर्जना गरिएका काव्यकृतिहरुमा देवकोटाको 'मुनामदन' खण्डकाव्य सिद्धिचरण श्रेष्ठको 'उर्वशी' खण्डकाव्य माधवप्रसाद घिमिरेको 'राजेश्वरी' राष्ट्र निर्माता तथा सामाजिक काव्यत्मक कृतिहरुमा देवकोटाको 'शाकुन्तल' र 'प्रेयसी' उल्लेखनीय कृतिका रूपमा रहेका छन् ।

---

११६. नेपाली कविता भाग १ बासुदेव त्रिपाटी ।

११७. नेपाली कविता भाग २ बासुदेव त्रिपाठी

नेपाली कविताका उपविधाहरुका विकासका दृष्टिले यो स्वच्छन्दतावादी प्रगतिवादी युग निकै उल्लेखनीय रहेको छ । यस धाराका केन्द्रीय प्रतिभा देवकोटाका काव्य प्रकृति नै स्वच्छन्दतावादी प्रगतिवादी धाराका मूलभूत प्रवृत्ति हुन् । नेपाली फुटकर कविताको उत्कर्ष कालकै रुपमा यो स्वच्छन्दतावादी प्रगतिवादी युग देखा पर्छ । यस स्वच्छन्दतावादी प्रगतिवादी धाराले परम्परागत वर्णमात्रिक छन्दमा आफ्ना पाराले नव माधुर्यको सञ्चार गर्दै मात्रिक छन्दमा उत्कृष्ट कविता सौन्दर्य सिर्जेको छ र लोकछन्दलाई गरिमा शिखर तर्फ उचाल्दै गद्य कविताको कलात्मक प्रयोग गरेको छ । यस धाराका केन्द्रिय प्रतिभा देवकोटाले कविताका लघु मध्यम र वृहत तीनवटै उपविधामा र लय विधानका वर्णमात्रिक मात्रिक लोकलयात्मक एवम् गद्य कवितात्मक चारै थरी प्रक्रियामा वैशिष्ट्य देखाई आफ्नो तीब्र कल्पनाशक्ति र आँशु कविताको वेगमा स्वच्छन्दतावादी प्राय सबै प्रवृत्तिलाई र प्रगतिवादी व्यङ्ग्यविद्रोह एवम् क्रान्तिको चेतलाई अभिव्यक्ति दिएका छन् । यस्तै सिद्धिचरण श्रेष्ठले मात्र छन्दमा रूचि लिएको पाइन्छ । आधुनिक नेपाली गद्यकविताका पिता मानिने गोपालप्रसाद रिमाल क्रान्तिकारी भावलाई ओकल्न सक्षम मानिन्छन् । माधवप्रसाद घिमिरे चाँहि लोक छन्द र वर्णमात्रिक छन्दलाई बढी रूचाउँछन् । क्रान्ति चेतनाको राँको हाल्ने अर्का विजय मल्लाका कविता अन्तर्राष्ट्रिय सन्दर्भ खासगरी मानवीय मूल्यप्रति सचेत रहेको पाइन्छ । मात्रा छन्दमा रचना गर्न रुचाउने केदारमान व्यथित क्रान्ति चेतका अर्का कवि हुन् । यस धारामा युद्धप्रसाद मिश्र तथा भूपि शेरचनको नाम अगाडि आउँछ । उनीहरूको कवितामा राजनीतिक आर्थिक सामाजिक विसङ्गतिका विरुद्धमा आवज उठेको पाइन्छ । यसै धाराका अन्य उल्लेख्य कविहरूमा लक्ष्मीनन्दन चालिसे, म.वि.वि. शाह, फणीन्द्रराज खेताला, देवीप्रसाद पौडयाल, भवदेव पन्त, भीमदर्शन रोका, लक्ष्मण लोहनी आदि हुन् । भारतको दार्जिलिङ्ग क्षेत्रमा अलि ढिलो प्रवेश गर्‍यो स्वच्छन्दतावादले । ढिलै भए पनि स्वच्छन्दतावादमा रहेर कविता सिर्जना गर्ने दार्जिलिङ्गे कविहरूमा नरेन्द्रकुमा, शिवकुमार राई, विरेन्द्र सुब्बा, ध्रुव दवाडी, अगमसिंह गिरी, सानुमति राई आदि हुन् ।[११८]

यसरी नेपाली कविताको आधुनिककालको स्वच्छन्दतावादी प्रगतिवादी धाराले नेपाली साहित्य क्षेत्रलाई निकै फराकिलो र उर्वर बनाएको पाइन्छ । यस कालमा नै

११८. नेपाली कविता भाग -४ ।

नेपाली कविता क्षेत्रले मौँलाउने र फस्टाउने मौका पाएको थियो । यस कालमा स्वदेशी र प्रवासी कविहरू निकै मात्रामा उदाएको भएतापनि यस धाराको केन्द्रीय प्रतिभा भने महाकवि लक्ष्मीप्रसाद देवकोटा नै हुन् । यस अवधिमा कविता लेखनमा दृढता राष्ट्रिय भावना साङ्गीतिकता क्रान्तिचेत अध्यात्मिक प्रवृत्ति र अतीतप्रति मोह विसङ्गतिप्रति विद्रोह साथै विभिन्न प्रकारका विम्व र अलङ्कारको प्रयोग गरिएको पाइन्छ ।

### ३.२.५.३ प्रयोगवादी धारा (वि.स. २०१७-२०२९ सम्म)

परम्परा भन्दा भिन्न प्रवृत्तिलाई अंगालेर विशिष्ट पाराले लेखिने रचनालाई प्रयोगवादी रचना भनिन्छ । प्रयोगवाद परम्पराका सम्पूर्णतालाई विखण्डन गर्ने प्रक्रिया नभई परम्परागत निर्जीव तत्वका सट्टामा नवीन तत्वको अन्वेषण गर्ने प्रक्रिया हो ।[११९]महाकवि लक्ष्मीप्रसाद देवकोटाको मृत्युपछि आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी प्रयोगवादी धारा पनि सेलाउँदै जान्छ । देवकोटाको नेतृत्वमा हुर्कने अवसर पाएको स्वच्छन्दतावादी प्रगतिवादी धारा पश्चात वि.सं. २०१७ सालदेखि मोहन कोइरालाको नेतृत्वमा प्रयोगवादी कविता धाराको जन्म भएको पाइन्छ । प्रयोगवादी धारालाई स्थापित गराउन रूपरेखा पत्रिकाले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । वि.सं. २०१७ सालको राजनैतिक परिवर्तनबाट उत्पन्न हीनता, कुष्ठा र उकुस मुकुसको भावलाई प्रयोगवादी कविहरूले आफ्ना कविता मार्फत असन्तुष्टि व्यक्त गरेका छन् । यस धाराका कविहरूले जीवनलाई बासनाको प्रतीकको रूपमा स्वीकार गरेका छन् । पश्चिममा इसाको उन्नाइसौं शताब्दीका अन्तिम चरणतिर स्वच्छन्दतावादी वा प्रतिकवादी यताका विभिन्न साहित्यिक धारा र प्रयोगहरूको नेपाली समष्टि संज्ञाका रूपमा प्रचलित यस प्रयोगवादी धाराले नेपाली कविता लेखनका परम्परा र पद्धतिमा निकै नै नयाँ मोड ल्यायो ।[१२०]

विसङ्गत र श्रृङ्खलाविहीन कविता लेखन परम्परालाई स्वीकार गरी कविता रचना गर्न रुचि लिने कविहरूले दुर्वोध्य तथा कठिन शब्दहरूको प्रयोग गरेकाले धेरै पाठकहरूको मन आकर्षित गर्न सकेनन् । नेपाली पाठकहरूका निम्ति यो प्रयोगवादी

---

[११९]. नेपाली कवि र कविता खगेन्द्रप्रसाद लुइटेल ।

[१२०]. नेपाली कविता भाग -४, वासुदेव त्रिपाठी ।

धारा निक दुर्बोध्य र क्लिष्ट रही विवादास्पद हुन पुग्यो । यस समयका कविहरू दुरुह तथा बौद्धिक पाराका कविता सिर्जना तर्फ प्रवृत्त भएकाले पाठक र कविताको दुरी अझ व्यापक बढ्दै गएको देखिन्छ । प्रयोगवादी लेखन प्रक्रियाले गर्दा कविता क्लिष्ट र दुर्वोध्य भएको पाइन्छ । यस धाराका कविहरूले कविता शब्द शब्दमा नअर्थिई समष्टिगत प्रभाव ग्रहण गरेर आस्वादन लिनु पर्ने खालका छन् । प्रयोगवादी कविताको संरचना पनि अस्तव्यस्त भएको अनेक विम्व र प्रतिकको प्रयोग भएको भाषालाई अवचेतना प्रवाहमा भाँचिकुची पारेर लामा गद्य कवितात्मक रूपमा प्रस्तुत गरेको पाइन्छ । यस परिप्रेक्षमा प्रयोगवादी नेपाली कविताले नेपाली समाजका विसङ्गति र नेपाली प्रवृत्तिका विविध सौन्दर्यक्षणलाई पनि प्रकट गरेको छ । प्रयोगवादी नेपाली कवितामा कविताकृतिको सिङ्गो संरचना प्राय अस्त व्यस्त रहे पनि अनेक सुन्दर विम्व प्रतीक र सङ्केतहरूको उपस्थिति चाहिँ फेला पर्दछ ।

यस प्रयोगवादी कविता धाराका केन्द्रिय कवि मोहन कोइराला हुन् । कोइरालाले यस धारामा रहेर अनेक फुटकर कविताका अतिरिक्त खण्डकाव्य, सामाजिक काव्य स्तरका लामा कविताहरू समेत नेपाली जगतलाई सुम्पेका छन् । उनका 'सूर्यदान' 'लेक' जस्ता कविताहरू सामान्य पाठकका लागि उपयुक्त ठहरिदैनन् तापनि कवितात्मक मूल्य भने यिनले प्राप्त गरेको पाइन्छ । प्रयोगवादी धाराका सशक्त प्रतिभा मोहन कोइराला स्वच्छन्दतावादी प्रगतिवादी अमूर्त प्रयोगवादी हुँदै मूत प्रयोगवाद तर्फ उन्मुख भएका कवि हुन् ।[१२१]मानिसका अर्थहीनता र निस्सताको बौद्धिक अभिव्यक्ति गरिएका उनका कविता जटिल दुरुह दूर्वोध्य र समष्टि प्रभाव ग्रहण गर्नु पर्ने खालका छन् । उनका सुरुसुरुका रचनामा बोधगम्यता र संप्रेषणीयता न्यून रहेको पाइन्छ । उत्तर्राद्धमा पुगेपछि चाहिं कविता अर्थिन सक्ने रहेका छन् । अनुप्रास विहीन भाषाशैलीको प्रयोग गरी गद्य कविताका माध्यमबाट प्रयोगवादी कविता धारालाई नेपाली कविता फाँटमा भित्र्याउने काममा उनी सफल देखिन्छन् । प्रयोगवादी धाराका अर्का कवि द्वारिका श्रेष्ठ हुन्। उनको 'द्वारिका श्रेष्ठका कविता' नामक कविता सङ्ग्रह प्रकाशित छ । यिनका कवितामा युगीन बिडम्बना र विसङ्गतिको अभिव्यक्ति पाइन्छ । यिनी स्पष्टता र अस्पष्टता तथा मूर्तता र अमूर्तता बीचको भाषाशैलीमा कविता लेख्ने कवि हुने ।

[१२१]. पूर्ववत् ।

प्रयोगवादी कविहरूकै प्रकृतिलाई आत्मसात गरेर कविता सिर्जना गर्ने कविहरूमा मदन रेग्मी, कृष्ण भक्त श्रेष्ठका रचनामा झै समाजका विसङ्गत र विकृत पक्षका विरूद्धमा प्रतिकात्मक रूपमा अभिव्यक्ति दिएको पाइन्छ । यसै धाराका अन्य प्रमुख कविहरूमा पारिजात, मोहन हिमांशु थापा, ईश्वर वल्लभ, बैरागी काइला, तुलसी दिवस, कुमार नेपाल आदि पर्दछन् । यी कवितहरूमा सम्प्रेषणीयता र अन्य प्रकृतिका दृष्टिले कतिपय भिन्नताका साथै निजत्व पनि पाइन्छ । उक्त प्रयोगवादी बृहत फेरो भित्र राख्न सकिने तर दार्जिलिङ्गबाट एक अलग अभिव्यक्तिका रूपमा तेस्रो आयाम अन्तर्गतको आयामिक कविता यस युगको अर्को महत्वपूर्ण कविता कित्ता हो ।[१२२]

वि.सं. २०१८ सालको फूलपात पतकर पत्रिका मार्फत प्रकाशित कविताले आयमेली आन्दोलनको सुरुवात गरेको देखिन्छ । त्यसपछि औपचारिक रूपमा घोषणा पत्र सहित वि.सं. २०२० सालदेखि तेस्रो आयाम अथवा आयमेली आन्दोलनको थालनी गरिन्छ ।[१२३]

यस आयामिक कविता धारामा ईश्वर वल्लभ र बैरागी काइँलाका कविताले पनि कवितामा नयाँ आयाम थपेको महसुस गर्न सकिन्छ । यी दुई कविहरू ईश्वर वल्लभ र बैरागी काइँला आयमेली आन्दोलनमा सक्रिय रहेको पाइन्छ । सङ्ख्यात्मक रूपमा कविताहरू कम भएपनि उनका कविताले कवितात्मक उचाई प्राप्त गरेका छन् । उनका कविताले मान्छेको जीवनको जटिलतालाई विभिन्न ढङ्गबाट हेर्ने काम गरेको पाइन्छ । जीवनको सम्पूर्णतालाई समेटी कविता रचना गर्ने प्रयत्नशील देखिन्छ । उनको ‘बैरागी काइँला कविताहरू’ नाम कविता सङ्ग्रह प्रकाशित छ । यसरी नै ईश्वर वल्लभका कविताहरूमा विभिन्न प्रकारका विम्वप्रतीक र मिथकहरूको प्रयोग भएको भेटिन्छ । यिनले सुरुसुरुमा सामाजिक विसङ्गतिप्रति रूचि लिएका भए तापनि वि.सं. २०२० पछिको आयमेली आन्दोलनको थालनी भएपछि भने जीवनलाई निस्सारताका साथ नभई सकारात्मक दृष्टिले हेर्न थालेको पाइन्छ । उनको कविता सङ्ग्रह ‘समानन्तर एउटा

---

१२२. पूर्ववत् ।

१२३.नेपाली कविता काव्य र साहित्य, पूर्ववत् ।

शहरको किनारमा' 'आगोका फूलहरू हुन आगोका फूलहरू होइनन्' आदि प्रकाशित भएका छन् ।[१२४]

यसरी आधुनिक नेपाली कविताको विकास प्रक्रियामा प्रयोगवादी धारा वि.सं. २०१७ देखि वि.सं. २०२९ सम्म लगभग १२ वर्षमा थुप्रै कविहरू उदाए र उनीहरूबाट नेपाली कविता क्षेत्रले मौलाउने मौका पाएको थियो । यही समयमा लामो कविताका खण्डकाव्य निकट अनेक प्रयोगका साथै लामो काव्यका माध्यमबाट सामाजिक काव्यात्मक विस्तार तर्फ पनि चासो राखिएको पाइन्छ ।[१२५]

### ३.२.५.४ समसामयिक धारा (वि.सं. २०३० देखि हालसम्म)

समसामयिक शब्दले सामान्यतया वर्तमानलाई बुझाउँछ । हिजोको वर्तमान आज भूतमा परिणत हुने हुँदा यस शब्दले चिरस्थाई भने दिन सक्तैन । नेपाली कविताको विकास क्रममा सन्दर्भमा खास गरी वि.सं. २०३० का दशकको मध्यदेखि हालसम्मको समय अवधिलाई मोटामोटी रूपमा समसामयिक धारा भनिन्छ । समसामयिक कविता लेखनका क्रममा कविहरूले कवितालाई सरल र सम्प्रेषणीय बनाउने तर्फ सचेतना अपनाएका छन् । प्रयोगवादी कविता धारामा रहेर कविता सिर्जना गर्ने प्रयोगवादी कविहरूका कविताले पाठकको मन जित्न नसकेको अवस्थामा विभिन्न कविहरूले नव प्रयोगको थालनीको फलस्वरुप आधुनिक नेपाली कविता यात्राको समसामयिक धाराको जन्म हुन्छ । यस समयमा तत्कालीन राजनैतिक अवस्था प्रयोगवादी दुर्वोध्यता र क्लिष्टताको चरम चुलोमा पुगिसकेपछि एक दशकको समयावधि भित्रै यस भन्दा इतरप्रवृत्ति कविता लेख्नेहरूको संख्या द्रुतगतिमा बढ्न गई प्रयोगवादी धारा क्रमशः पछि पर्न थाल्दछ । यस समयमा तत्कालीन राजनैतिक अव्यवस्था प्रयोगवादी दुर्वोध्यता र जटिलताका विरूद्धमा राल्फा, योङ्ग राइटर्स, बुटपालिस, अस्वीकृत जमात, भोको पिढी, अकविता मन्त्र जस्ता विभिन्न अभियानहरू चलाएको पाइन्छ ।

---

[१२४]. नेपाली कविता भाग -४, पूर्ववत् ।

[१२५]. नेपाली कविता भाग -१, वासुदेव त्रिपाठी ।

हवाइपत्र, लघुपत्रिका, मिनी मुक्तक, लघुकविता आदिका माध्यमबाट पनि कवितालाई पाठक समक्ष पुऱ्याउने काम समेत भएको पाइन्छ । यस सन्दर्भमा प्रयोगवाद र समसामयिक धाराको दोसाँधमा पनि अनेक प्रतिभाहरू प्रकट भएका र क्रमशः समसामयक धाराका निकटतामा हुर्किएको पाइन्छ । उनीहरुले विम्व प्रतिक भाषाशैली भाव आदि पक्षमा समेत विचार पुऱ्याउँदै नेपाली समाजमा विद्यमान विभिन्न विसङ्गति र विकृतिप्रति असन्तुष्टि व्यक्त गर्दै कविता प्रस्तुत गरेका छन् । यसका साथै संकटग्रस्त मानव अधिकार र ह्रासोन्मुख पनि खोजी गरेको पाइन्छ । मलतः गद्य लयको प्रयोग गरिएका यस अवधिका कवितामा अंशतः शास्त्रीय छन्दको पनि प्रयोग पाइन्छ ।[१२६]

यिनीहरूले कृत्रिम र आलंङकारिक भाषाको प्रयोग नगरेर कविको कथ्य र भावअनुरूपको भाषा प्रयोग गरिएको पाइन्छ । यी कविताहरूमा कविहरूले व्यक्तिगत नभएर समष्टिगत अभिव्यक्तिलाई प्रस्तुत गर्दै भावना कथ्य विचार र शिल्पलाई एकैसाथ अगाडि बढाएको पाइन्छ । यसै समयमा स्वदेश तथा विदेशबाट सडक कविता क्रान्तिको जनआन्दोलन तरलतावादी जस्ता कवितामै केन्द्रित भएका अभियानहरू पनि चलाएको पाइन्छ । यी अभियानका कारण नेपाली कविताले पाठक बीचबाट न्यानो माया पाउने अवसर प्राप्त गरेको देखिनछ । तत्कालीन सामाजिक राजनैतिक आर्थिक स्थितिबाट आक्रान्त बनेका नेपाली कविहरूले त्यसलाई कविताको विषय बनाएर प्रस्तुत गर्ने जमर्को गरेका छन् । समसामयिक कविता धाराका कविहरूले पूर्ववर्ती प्रयोगवादी कविताका प्रकृतिबाट मुक्त भई पाठकहरूसँग सुमधुर सम्बन्ध स्थापित गर्ने लघु पत्रिकाका साथै कवि गोष्ठी तथा मुक्तक कविता लेखनको कार्य सुरु गरेको पाइन्छ । यस धाराका कविहरू नेपाली समाजमा र नेपाली जीवनका विविध समस्या तथा विसङ्गति, विकृतिप्रति आक्रोशित बनेर व्यङ्ग्य प्रहार गर्न लागेको पाइन्छ । मानिसले भोग्नु परेको कटु यथार्थलाई वस्तुपरक ढङ्गले चित्रण गर्दै उनीहरूको खस्कँदो स्थिति पतनोन्मुख आर्थिक अवस्था, सामाजिक मूल्य र मान्यता अन्याय अत्याचार आदि विविध पक्षलाई कवितात्मक अभिव्यक्ति दिने क्रममा इमान्दारिता पनको प्रयोग गरेका छन् । सहज सरल र सरस कथन ढाँचाबाट अभिव्यक्ति दिने यस युगका स्रष्टाहरूले गद्य

[१२६]. नेपाली कविता काव्य र साहित्यतत्व- यादवप्रकास लामिछाने ।

लयका माध्यमले स्रष्टा र पाठकका बीचमा सम्बन्ध स्थापित गराउने र दुर्वोध्य स्थितिबाट सम्प्रेष्य वा वोधगम्य बनाउने जस्ता महत्वपूर्ण कार्य गरेका छन् ।[१२७]यसै वधिमा आसामबाट नेपाल आएका हरिभक्त कटुवालको योगदानपछि अविस्मरणीय रहेको छ । यिनले समसामयिक धारालाई प्रेरणा प्रदान गर्ने कार्य गरेका छन् । यस धारामा केन्द्रित रहेको कविता रचना गर्ने अन्य कविहरूमा मीन बहादुर विष्ट, विनोद अश्रुमाली, विमल कोइराला, तोया गुरुङ, दिनेश अधिकारी, अनिता तुलाधर, विश्वमोहन श्रेष्ठ, विष्णु घिमिरे, अशेष मल्ला, किशोर पहाडी, गगन विरही, सरुभक्त श्रेष्ठ, शिव अधिकारी आदि हुन् । समसामयिक कविता यात्राको क्रममा युवा कविहरू फणीन्द्रराज खेताला, तीर्थ श्रेष्ठ र विनय रावलले तरलतावादको अभियानको शुभारम्भ गरेका छन् । प्रयोगवादी कविता धारा समसामयिक कविता धाराबाट छुट्टै बसेर आफ्नो पहिचान देखाउँन चाहेपनि दुवैबाट पूर्णतः अलग रहन सकेको भने पाइदैन् ।[१२८]यस्तै गरी वि.सं. २०३६ पछिको नेपालको सामाजिक, राजनैतिक र आर्थिक स्थिति अनि प्रजातन्त्रप्रतिको बढ्दो आस्था तथा वि.सं. २०४६ सालको जनआन्दोलन आदि कुराले समेत समसामयिक नेपाली कवितालाई अघि बढाएको पाइन्छ । यस समसामयिक कविता धाराको पुगनपुग तीन दशक लामो कविता यात्रामा सरल, सरस र सहज अभिव्यक्ति तथा सम्प्रेषणीय भएकाले पूर्ववर्ती कविता धाराका कविहरू समेत पाठकका बीचमा घुलमिल हुन सक्ने स्थितिको सिर्जना गरी अगाडि बढ्दै गरेको पाइन्छ । यस समसामयिक धारामा केन्द्रित रहेर भारतको दार्जिलिङ्ग र सिक्किममा बसोबास गर्ने प्रवासी कविहरूमा असीत राई, मन बहादुर गुरुङ्ग, शरद क्षेत्री, आरती राई, पार्वती रुम्बा, राजेन्द्र भण्डारी, घनश्याम नेपाल, पवन चाम्लिङ्ग, गोपाल गाउँले आदि हुन् । यी कविहरूले नेपाली कविताको आधुनिककालको समसामयिक धाराकै समयवधिमा गीतिकवित्वका दृष्टिले कवयत्री चाँदनी शाहका गीतहरू उल्लेख्य रहेका छन् । गीति कवित्वका दृष्टिले समसामयिक धाराका समयावधिमा राजेन्द्र थापा, राजेन्द्र रिजाल, कृष्णहरि वराल, प्रेमप्रकाश मल्ल, विश्वम्भर प्यकुरेल, प्रल्हाद पोखरेर, भीम खरेल आदि पनि उल्लेख्य कविका रूपमा देखा पर्दछन् । यस धाराका कविहरू नेपाली समाज र नेपाली जीवनका विविध समस्या तथा विसङ्गति विकृतिप्रति आक्रोशित बनेर व्यङ्ग्य प्रहार गर्न लागेको पाइन्छन् । यस धाराका

[१२७]. नेपाली कविता भाग -४, वासुदेव त्रिपाठी ।

[१२८]. नेपाली कविता भाग -२, वासुदेव त्रिपाठी ।

कवितामा कविहरूले विम्व प्रतिक, भाव लयविधान कथन र पद्धतिप्रति चासो देखाएको पाइन्छ । यसरी आधुनिक नेपाली कविताको यात्राले वि.सं. १९७५ देखि थालेर आजसम्म आइपुग्दा विभिन्न मोड र घुम्तीहरू पार गरिसकेको छ । यस क्रममा परिष्कारवादी धारा स्वच्छन्दतावादी, प्रगतिवादीधारा प्रयोगवादी धाराले आफ्नो कवितात्मक पहिचान दिइसकेको परिवेशमा वि.सं. २०३० देखि पछिको समसामयिक धारा पनि नेपाली समाजको समसामयिक राजनीतिक र आर्थिक स्थितिको चापमा रहदै पाठकहरूको बीचमा नजिकिदै आएको छ ।[१२९]

वर्तमान युगीन विसङ्गतिप्रति आक्रोस व्यक्त गर्दै समाज सुधारका निम्ति समसामयिक कविहरूको कवितात्मक अभिव्यक्ति निरन्तर रहेको पाइन्छ । नेपाली कविताको विकासक्रममा शिलशिलामा आधुनिक नेपाली कविताका विभिन्न मोड र प्रवृत्तिहरूमा वि.सं. १९९१ देखि २०१६ सम्म चलेको स्वच्छन्दतावादी प्रगतिवादी काव्यधारा नै आजसम्मका नेपाली कविताको ऐतिहासिक विकास यात्रामा सबभन्दा बढी उर्भर देखिनछ । संख्यात्मक रूपले मात्र नभएर गुणात्मक दृष्टिले पनि त्यस धाराका अनेक फुटकर कविताका साथै प्रसस्तै खण्डकाव्य र सामाजिक काव्यको समेत रचना भएकाले नेपाली कविताआकाशमा तिनीहरूको विशेष महत्व रहेको छ । आधुनिक नेपाली कविताको विकासक्रममा उल्लेखित परिष्कारवादीधारा स्वच्छन्दवादी प्रगतिवादी धारा प्रयोगवादी धारा समसामयिक धारा सबैले बेग्लाबेग्लै कवितात्मक पहिचान वा विशेषता कायम गरेको पाइन्छ । परिष्कारवादी कविहरू बढी सम्यमित भएर शालीन अभिव्यक्ति दिनतिर रूचि लिन्छन् भने स्वच्छन्दतावादी प्रगतिवादी धाराका कविहरू सहज र स्वस्पूर्त रूपमा कविता ओकल्न मन पराउँछन् । प्रयोगवादी कविहरूचाहिं कवितालाई पाठकबाट टाँढा राख्ने सामान्य ढंगबाट अर्थ लगाउँन नसकिने बौद्धिकताको आवश्यकता पर्ने खानले कविता सिर्जनामा रमाउँछन् । यसरी पाठक र कविताका बीचमा सम्प्रेषणको अभाव भइरहेको समसामयिक सामाजिक, राजनीतिक र आर्थिक विसङ्गतिले छटपटाएर पाठकका बीचमा रहन सक्ने स्थितिको सिर्जना र समाज सुधारका आवाज घन्काउने उद्देश्य राखेर समसामयिक धारा स्थापित हुन जान्छ ।

[१२९].नेपाली कविता भाग -१ ।

जसमा कविहरूले आफ्ना जीवनका तिता मिठा अनुभवलाई कविता मार्फत व्यक्त गर्दै पाठकलाई आफूतिर ध्यानाकर्षण गरिएका छन् ।

## ३.३. कवि हृषीकेश उपाध्यायको आधुनिक कविता क्षेत्रमा स्थान निधार्रण

प्रकृतिको सौन्दर्यपूर्ण थलो महोत्तरीमा १९८८ सालमा जन्मिएका कवि हृषीकेश उपाध्यायको कर्मथलो झापाको भद्रपुरमा रहन पुग्यो । आफ्नो बाल्य अवस्थादेखि नै साहित्यमा रूचि राख्ने कवि उपाध्याय साहित्यिक फाँटमा आधुनिक नेपाली कविताको क्षेत्रमा उनको उल्लेख्य भूमिका रहेको पाइन्छ । पूर्वी जिल्ला झापामा बसेर खासगरी देवकोटाबाट प्रारम्भ भएको स्वच्छन्दतावादी प्रगतिवादी धारालाई अंगाल्दै आफ्ना प्रारम्भिककालका रचनाका माध्यमबाट यस धारालाई अगाडि बढाउन सहयोग गरेको पाइन्छ । कवि उपाध्यायका ७ वटा कृतिहरू प्रकाशन भएका छन् । भने ती मध्ये २ वटा कविता सङ्ग्रह र एउटा काव्य, यी उनका शुरुवातका रचनाहरू प्रायजसो स्वच्छन्दतावादी प्रगतिवादी धारामा नै प्रभावित छन् भने पछिल्ला रचनाहरू समसामयिक विषयवस्तुलाई उठान गरी सिर्जना गरिएका छन् । कवि उपाध्यायको केन्द्रीय विशेषता परिष्कृत स्वच्छन्दतावाद हो । परम्परिक सिद्धान्त र मान्यता भन्दा भिन्न स्वतन्त्र भावनाको प्रस्तुति हुनु यो वादको विशेषता हो । कल्पनाशीलता, मानवतावाद, अतीतको गायन प्राकृतिक सौन्दर्यको रागात्मक अभिव्यञ्जन रहस्यमय जीवनको चित्रण, भौतिकतावादी चिन्तनका मूलमन्त्र हुन् ।

यिनै विशेषता र मन्त्रलाई आत्मसात गरी कवि उपाध्यायले आफ्ना सिर्जनाहरू सिर्जित गरेको पाइन्छ । स्वच्छन्दतावादीहरूका सिर्जनामा जसरी भावनाप्रतिको आकर्षण प्राकृतिक सुन्दरता मानवतावाद शान्ति र सत्यप्रतिको आग्रह रहस्यमय जीवनको चित्रण अतिततर्फको उन्मुखता र नैतिकता तर्फको झुकाव हुन्छ त्यहीँ रूपमा तिनै विषयलाई उपाध्यायका कविताहरूले राम्ररी अँगालेका छन् ।

महाकवि लक्ष्मीप्रसाद देवकोटा, कवि शिरोमणि लेखनाथ पौड्याल, कवि बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठबाट विशेष प्रभावित कवि उपाध्याय छन्दोबद्ध र लयात्मक कविता सिर्जनामा विशेष रूपमा उन्मुख देखिन्छन् । देवकोटाको स्वच्छन्दतावादी भावउडान र क्रान्ति चेतना, बालकृष्ण समको संचय लेखनाथको छन्दोबद्ध आदर्श गायन र भौतिकता, सिद्धिचरणको युगचेतना आदि उनका प्रेरणाका स्रोत हुन तापनि प्रभावको चिन्तनमा चाहिँ देवकोटाको स्वच्छन्दतावादी प्रगतिवादी चेतनाको कवि उपाध्यायका कविताहरूले राष्ट्र र राष्ट्रियतालाई प्रतिपादन गर्ने सन्दर्भमा कृषकको खेत, वनस्पतिशास्त्रीले गरेको पौधाको चुनाव, कर्मव्यको कर्मठता र भावुकताका फूलहरू यिनै तीन तत्वहरूलाई समावेश गराउँदै बगैंचा कविता सङ्ग्रहको सिर्जना गरी प्रकाशन गराउन पुग्छन् । प्रगतिवादी कवि उपाध्यायले आफ्ना कवितामा प्रकृतिवादी चेतनालाई पनि साथमा समेट्दै लगेर सिर्जित गरेका कविताहरू उत्कृष्ट बन्न पुगेका छन् । यति मात्र नभएर कवि उपाध्यायमा व्याङ्ग्य विद्रोहचेत पनि साथ साथै रहेको देखिन्छ । यसर्थ उनका कविताहरूमा प्रगतिवादी चेत पनि मुखरित भएको पाउँन सकिन्छ । साथै सामाजिक र राजनीतिक लगायतका समाजका विविध विकृति विसङ्गति विरुद्ध उनको तीव्र असन्तोष पनि कैयन कविताहरूमा रहेको पाइन्छ ।

आधुनिक नेपाली कविताको फाँटमा देवकोटाको स्वच्छन्दतावादको प्रभाव पश्चात उपाध्याय मानवतावादी प्रगतिवादी कविका रूपमा प्रस्तुत भएका छन् । उनका अधिकांश कविताले समाजमा छरपष्ट भएर छिरोलिएका कविताहरूमा रतिरागात्मक प्रेमको अभिव्यक्ति दिँदै प्रेमभाव र प्रकृतिको सुन्दरतामा मोहित भएका छन् । गद्य-पद्य दुवै लय विधालाई अँगालेर लेखिएका उनका कवितामा अलङ्कार विम्वप्रतिकहरूको प्रचुर प्रयोग गरेका छन् । सर्वसाधारणले बुझ्न सक्ने सरल भाषाको प्रयोगले कविता सम्प्रेष्य बनेका छन् । सुरु सरुका कवितामा भन्दा पछिल्ला कविताहरूमा रतिरागात्मकताको न्युनिकरण हुँदै गएको छ । पछिल्लो समयमा लेखिएका कविताहरूमा मानवतावादी प्रगतिवादी विचारका साथै जातीय प्रेम राष्ट्रिय भावना घनिभूत भएर आएको छ । व्यंग्यवाणहरू झन् झन् धारिला र

चोटिला बन्दै गएका छन् । समाजमा रहेका दु:ख पीडा अभाव औडाहाहरूको यथार्थ शब्दचित्र जिउँदो भएर उभिएका छन् । भाषा शिल्प र विचारले खारिएका अनुभवजन्य अनुभूतिहरूले सिँगारिएका उपाध्यायका कविता राष्ट्रिय स्तरसम्मै उठेका छन् । त्यसैले उनी आधुनिक नेपाली कविताको क्षेत्रमा बढी योगदान पुऱ्याउन सफल भएका छन् । उनका दुई कविता सङ्ग्रहदेखि बाहेक महाकाब्य र पछिल्ला दिनहरूमा विभिन्न पत्रपत्रिकामा प्रकाशित कविताहरू अत्यन्त परिस्कृत छन् । गहिरा भाव स्पष्ट विचार बोकेका यी कविताको काव्यात्मक उचाइले चुली छोएका छन् । यसरी कवि उपाध्यायको आधुनिक नेपाली कविताको क्षेत्रमा स्थान निर्धारण गर्दा देवकोटाका लेख रचनाबाट प्रभावित एक स्वच्छन्दतावादी प्रगतिवादी कवि तथा पूर्वाञ्चलको साहित्य क्षेत्रमा एक नेतृत्वदायी भूमिका खेल्ने अग्रज प्रगतिवादी कविका रुपमा चिन्न सकिन्छ ।

***

# चौथो परिच्छेद

## ४.१ कवि हृषीकेश उपाध्यायका कविता कृतिहरूको अध्ययन र विश्लेषण

कवि हृषीश उपाध्यायका कविता कृतिहरूको जम्मा सङ्ख्या दुईमा रहेका र ती कृतिहरूको पाएसम्म कालक्रमिक रूपमा विषयगत आधारको शीर्षकहरू यथास्थानमा राखी अध्ययन र विश्लेषण गरिएको छ । यस क्रममा "क" देखि "ज" सम्म उपशीर्षक राखी छोटाछोटा मुक्तक कविता एवम् उनको सामाजिक काव्य सरलाको पनि काव्यतत्व समेतका आधारमा समीक्षात्मक विश्लेषण गरिएको हुँदा यस परिच्छेदको शीर्षक सामाजिक काव्यको अध्ययन राखिएको छ ।

## ४.२ बगैंचा कवितासङ्ग्रह भित्रका कविताहरूको अध्ययन र विश्लेषण

कवि हृषीकेश उपाध्यायले विद्यार्थीकाल देखि नै कविता लेख्न थाले पनि प्रकाशन चाहिँ २०१६ सालदेखि यता मात्र भएको देखिन्छ । उनको पहिलो कविताको रूपमा 'छानोमा कराएको काग' रहेको पाइन्छ । यस कविता पश्चात नेपाली कविता क्षेत्रमा सक्रिय रहेका उपाध्यायले साहित्यलाई सामाजिक चेतनाको उपजको रूपमा लिदै मानिस र प्रकृतिको अभेद सम्बन्धका अवस्थामा मानिसले प्रयोग गरेको भाषा लयात्मक ओजपूर्ण संघन रूपको वाणी मान्दै विद्वान्हरूको ओजपूर्ण लयात्मक बोलीलाई कविताको सर्व प्राचीन रूप मानेका छन् । कवि साहित्यकार हृषीकेश उपाध्यायको साहित्यिक योगदान प्रायशः कविता, कथा, निबन्ध, समालोचना आदि सबै विधामा विस्तारित भएको छ । उनको सर्वप्रथम प्रकाशित भएको रचना बगैंचा शीर्षकको कविता सङ्ग्रह हो । प्रथम प्रकाशित कृतिबाट जे जति आशा गर्न सकिन्छ, त्यो भन्दा बढी नै बगैंचा (कविता सङ्ग्रह २०२०) मा पाउँन सकिन्छ । वि.सं. २०२० मा पहिलो पटक प्रकाशित उक्त कविता सङ्ग्रहमा उपाध्यायका २०१६ साल पश्चात प्रकाशित कविताहरू सङ्कलित छन् । वि.सं. २०६१ मा दोस्रो संस्करण समेत प्रकाशित भई सकेको यस कविता संङ्ग्रहमा उपाध्यायको एक्काइस वटा कविताहरू सङ्कलित छन् । हल्का नीलो रङ्गको गाताबन्दी ?. गरिएको यस कविताको बाहिरी पृष्ठमा सुन्दर फूलहरूले सजिएको बगैंचा देखाइएको छ । यस सङ्ग्रहको भूमिका साहित्यकार चन्द्रेश्वर दुवे 'चन्द्र'ले लेखेका छन् । भने त्यस पश्चात लेखकको उद्‌गारमा उपाध्यायले आफ्ना कुराहरूलाई

समावेश गरेका छन् । यस सङ्ग्रह भित्र उनका अधिकांश कविताहरूले समाजमा छरपष्ट भएर छिरोलिएका रतिरागात्मक प्रेमको अभिव्यक्ति दिदैं प्रेमभाव र प्रकृतिको सुन्दरतामा मोहित भएका छन् । गद्य र पद्य दुवै लयविधानलाई अँगालेर लेखिएका उनका कवितामा अलङ्कार विम्व प्रतीकहरूको प्रचुर प्रयोग गरेका छन् । विषयवस्तुका आधारमा 'बगैंचा' कविता सङ्ग्रह भित्र विभिनन विषयवस्तुलाई आधार बनाएर कविताहरू रचना भएको पाइन्छ । यस सङ्ग्रहमा प्रगतिवादी रतिरागात्मक, मानवतावादी, सामाजिक विसङ्गति विकृति विचारात्मक मानवतावादी जस्ता विषयवस्तुमा आधारित भएर कविता रचना गरेको देखिन्छ । जसलाई निम्न अनुसार वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ ।

### क. सामाजिक विसङ्गति-विकृतिका कविताहरू

#### १. स्वार्थ कविता

स्वार्थ कवितामा कवि हृषीकेश उपाध्यायले समाजमा अनेक विकृति र विसङ्गतिले जरो गाडेको कारणले गर्दा निश्चल र निःस्वार्थी प्रवृत्ति भेट्न गाह्रो छ भन्ने भावना प्रस्तुत गरेका छन् । समाजमा रहेर समाजको नेतृत्व दायी भूमिका निर्वाह गर्छौ भन्ने व्यक्ति तथा समाजका अन्य प्रतिष्ठित व्यक्तिहरूको आफ्नो स्वार्थको कारणले गर्दा मानवीय मूल्य र मान्यताको ह्रास हुँदै गई दानवीय प्रवृत्ति हावी हुँदै गएको कुरा व्यक्त गरिएको छ । त्यस्तै गरी यस कवितामा मान्छेभित्र रहेको स्वार्थी प्रवृत्तिलाई हटाएर समाजमा सबै समान हुनु पर्ने क्रान्तिकारी चेत तीब्र रूपमा प्रकट भएको पाइन्छ । समाजमा रूढि अन्धविश्वास परम्पराले अनेक भेद भाव जन्माएको भए तापनि पूर्व दिशातिरबाट जागृति आएको हुँदा जनशक्तिलाई रोक्ने सामर्थ्य कसैको छैन भन्दै पाप, धर्म र भाग्यमा गर्व गर्नेहरूलाई सावधान गराउँदै कवि लेख्छन्-

> ................................
>
> मन्दिरमा गै भइस् पुजारी विचरा मानवलाई ठग्न
>
> ढुंगोलाई ईश्वर भन्ने भ्रान्ति फिजाइस घिच्रा छिल्न
>
> पूर्व जन्मको फल हो भन्दै कठै ! कतिको प्रतिभालाई
>
> कुण्ठित गर्ने छुरा चलाइस कतिको स्वर्ण भविष्य विगारिस ।

यसरी सरल तथा सरस भाषाशैलीलाई अपनाई लेखिएका कवितांशहरूमा समाजमा रहेका भिन्न भिन्न मानिसहरूको भिन्न भिन्न स्वार्थको कारणले समाज अघि बढ्न नसकेको कुरालाई व्यङ्ग्यात्मक रूपमा कविताका माध्यमबाट प्रकट गरिएको छ ।

२. दीपशिखा

दीपशिखा पनि समाजमा विद्यमान सत् र असत् पक्षको बीचको दुरीमा उभिएर लेखिएको प्रतीकात्मक कविता हो । यहाँ कविले समाजमा रहेका निमुखा, असहाय, गरिब शोषित पीडित आदिको पक्षमा उभिएर अत्यचाय, अत्यचार शोषण गर्नेहरूका विरूद्धमा आवाज उठाएको पाइन्छ । यस कवितामा कविले अट्टालिका-ठूलाठूला महलहरूमा देखिएको उज्यालो दीपशिखालाई झुप्राहरूमा उत्रने अनुरोध गर्दै प्रतीकात्मक रूपमा उपल्लो स्तरमा पुगेकाहरूलाई आकाश छोडेर धर्तीमा ओर्लन अर्थात नेपाली माटो चिन्न अनुरोध गरेका छन् । त्यस्तै गरी, अब यो युगलाई अस्वस्थ होड नगरी सहयोग तथा सहानुभूतिको खाँचो रहेको कुरा उल्लेख गर्दै समयलाई चिन्न नसके पश्चाताप गर्नुपर्ने कुरा प्रष्ट पार्दै कवि लेख्छन्-

.......................................

आज यो युगलाई अस्वस्थ होड होइन सहयोगको खाँचो छ ।

आज यो युगलाई अस्वस्थ प्रतिस्पर्धा होइन सहानुभूतिको चासो छ

त्यसैले म भन्छु समयलाई चिनेर हिडिनस भने

तैले धुरूधरू रूनु पर्ला पश्चाताप गर्नुपर्ला ।

यसरी परिष्कृत गद्यात्मक शैलीमा लेखिएको यस कवितामा कविले समाजमा रहेका हरेक मानिसहरूलाई आफ्नो स्तर अनुसार चल्न तथा निम्न स्तरकाहरूलाई पनि अघि बढ्न सहयोग गर्नु पर्ने धारणा व्यक्त गरेका छन् । सरल  भाषा शैलीका कारण कविता उत्कृष्ट बन्न गएको छ ।

## ख. प्रगतिवादी स्वरका कविताहरू

१. कलम चल्दैन कविता

कलम चल्दैन कवितामा कवि उपाध्यायले शोषित पीडित तथा अपाङ्ग जन जीवनसँग सहानुभूति देखाएका छन् र प्रगतिवादी स्वर प्रकट गरेका छन् । कविले आफ्नो जन्म गरिबको घरमा नभएकोमा आफूले शोषित र पीडित जनजीवनको बारेमा जान्न र बुझ्न नसकेको कुरा उल्लेख गरेका छन् । शोषक सामन्तको घरमा जन्मेकाले शोषित-पीडित जनजीवनको ज्ञान नभएको, साँचो प्रेमको उपासक पनि बन्न नसकेको र रूप र पैसामा बिकेको दुनियाँलाई चिन्न नसकी मुमुर्षु हृदयमा उद्‌वोधन नभएकाले केही लेख्न चाहँदा पनि कलम नचलेकाले लेख्न नसकेको सच्चाई मौखिक नै भएपनि कवि वास्तविक सहानुभूति दिनमा समर्थ रहेका छन् ।

शोषक सामन्तीको घरमा जन्म भयो

शोषित पीडित जनजीवनको ज्ञान भएन ।

चहलपहल रूप र वासनाको पूजारी बने

साँच्चो प्रेमको उपासक बन्न सकिनँ

त्यसैले त म लेख्न चाहन्छु, तर कलम चल्दैन ।

समग्रमा आफ्नै जीवन भोगाई तथा समाजमा देखिएका विकृतिहरूलाई कविले कविताका माध्यमबाट प्रकट गरेका छन् । कवितामा सरल दैनिक जीवनमा प्रयोगमा आउने शब्दहरूकै प्राचुर्य छ  सरल शब्दहरूको प्रयोगले कविता सरल र प्रष्ट छ कवितामा कवि बढी भावुक र कल्पनाशील भएको कारणले पनि अन्य प्रगतिवादी कविहरु भन्दा एक कदम अगाडि छन् भन्ने कुरा यस कविता मार्फत महसुस गर्न सकिन्छ ।

२. 'छानोमा कराएको कागप्रति'

'छानोमा कराएको कागप्रति' पनि प्रगतिवादी स्वर बोकेको मार्मिक सामाजिक व्यख्यात्मक कविता हो । यस कवितामा तत्कालीन भाव वा लयका कविता लेखेर आफूलाई महान् कविको रूपमा उभ्याउन खोज्नेहरूप्रति व्यङ्ग्य गरिएको छ । यस कवितामा काग र कोइलीलाई प्रतीकको रूपमा प्रस्तुत गरिएको छ । आजको युगमा काग र कोइलीको भेद छुट्याउन गाह्रो हुन्छ तर दुनियाँको सौभाग्यले यस संसारमा धेरै पारखीहरू पनि छन् भन्ने भाव प्रस्तुत कवितामा रहेको पाइन्छ । काग कहिले पनि कोइली हुन नसक्ने विचार व्यक्त गर्दै कोइलीका अगाडि भ्यागुतो, स्याल, गधा आदिको उपाय नहुने कुरा प्रस्तुत गरिएको छ ।

प्वाँख छ भन्दैमा हल्लाएर मात्र हुन्छ र ?

आँखा छ भन्दैमा नचाएर मात्र हुन्छ र ?

बल छ भन्दैमा जुर्मुराएर मात्र हुन्छ र ?

स्वर छ भन्दैमा कराएर मात्र हुन्छ र ?

प्रस्तुत कविता प्रश्नात्मक शैलीलाई अपनाई लेखिएको छ । कविताको भाषाशैली सरल तथा सरस छ । तत्सम तद्भव तथा आगन्तुक शब्दको पनि बाहुल्यता देखिन्छ । प्रथम तथा तृतीय पुरुष दृष्टिविन्दुमा कविता रचना भएको छ । अलङ्कारमा अन्त्यानुप्रास अलङ्कारको प्रयोग देखिन्छ ।

## ग. गरिबीका कविता

१. 'डोके' गरिबीलाई विषयवस्तु बनाएर लेखिएको यस बगैंचा कविता सङ्ग्रहको महत्वपूर्ण रचना हो र नेपाली संस्कृतिको प्रतीक । यो एउटा मार्मिक चित्र काव्य हो । डोके कविता पढ्ने वित्तिकै डोकेको वास्तविक तथा यथार्थ चित्रण सम्पूर्ण पाठकहरूका आँखा अगाडि एउटा स्पष्ट चित्र आउँछ । पसिना बगाएर कठिन परिश्रम गरी जीवन निर्वाह गर्ने श्रमजीवी डोकेको जीवन्त चित्रण पाइन्छ । यस कवितामा कविले डोकेको यथार्थ चित्रण मात्र नगरेर उसको मनभित्र पनि पस्ने काम गरेका छन् । गरिब, निमुखा

आदिले डोको बोकेर आफ्ना जहान-बच्चा पाल्नु पर्ने आफूले हरेक किसिमका सपनाहरू देखे पनि अन्त्यमा डोको नै बोक्नु पर्ने नेपालीहरूको विवशता र वाध्यताको चित्रण यस कवितामा गरिएको छ । यसमा समाजको कारूणिक यथार्थको मार्मिक वर्णन गरिएको छ ।

आँखा कोप्चो र सानो अतिशय गहिरो वेदनामा बुडेको
पिठ्यूँमा राखि डोको पढ-युग पथमा चालदै क्यै नुहेको
स्वाँ स्वाँ गर्दै उकालो अधिक कठिनले उक्लदै माथि जाँदो
भिन्दै धारा बगाई अविरल गतिले स्वेदको भार लाग्दो ।

सरल तथा सहज भाषाशैलीको प्रयोग गरी लेखिएको यस कवितामा भाषिक सरलता भित्र भावनात्मक गहनता भेट्टाउन सकिन्छ । प्रथम दृष्टिविन्दुमा रचना गरिएको यो कविता एक्काइस-अक्षरे स्रग्धरा छन्दमा रचना भएको पाइन्छ तत्सम शव्दहरु प्रयोग समेत राम्रारी भएकाछन् ।

## घ. रतिरागात्मक कविताहरू

मान्छेको जीवनको एउटा महत्वपूर्ण पक्ष यौन हो । फ्रायडका दृष्टिमा उसका हरेक क्रियाकलापहरू यसैद्वारा सञ्चालित हुन्छन् । यसको अभावमा मान्छेको जीवन अपुरो हुन्छ भन्ने फ्रायडीय मनोविज्ञानलाई अङ्गीकार गरी कविता लेखेको देखिन्छ । बगैंचा कविता सङ्ग्रह भित्रका केही कविताहरू फ्रायडीय मनोविज्ञानलाई अपनाई लेखेको पाइन्छ त्यस प्रकारका केही शीर्षकहरु तल राखी विश्लेषण गर्ने प्रयास गरिएको छ ।

१. 'स्मृति' कविता

'स्मृति' कवितामा कवि हृषीकेश उपाध्यायले फ्रायडीय मनोविज्ञानलाई अङ्गीकार गरी लेखेको देखिन्छ । यस कवितामा कविले कसैको सम्झनाको आकर्षण मनमा आएको र व्याकुल बनाएका आफ्ना आन्तरिक यथार्थ प्रस्तुत गरेका छन् । कविले प्रेमको पीडा पाएका छन् र अन्य पीडालाई मीठो गीतमा परिणत गर्ने सामथ्य कविको

कलममा छ । यस कवितामा कविको प्रेमानुभूतिमा सच्चाई गहिराई र अभिव्यक्तिमा उचाई छ । ती मानिस धन्य छन् जसले साँचो प्रेमको मिठास पाएका छन् । कविको प्रेम कवितामा सरल हृदयको निश्चल अभिव्यक्ति छ स्पष्टता मधुरता र सरसता छ ।

उनले प्रतीक्षा गरिरहेकी रहिछन् मैले ठानिनँ ।

मैले त उनलाई हृदयहीन सम्झन्थे ।

अनि उनकै अगाडि के के गुनासो पोखेथे ।

उनले केही पनि बोलिनन् केवल आँखाबाट आँसुमात्र झरेथे ।

सरल तथा सरस भाषा शैली अपनाई लेखिएको यो कवितामा पहिला आफूलाई मन नपराए जस्तो लाग्ने तर आफ्नै प्रतीक्षामा बसीरहेकी प्रमिकाको बारेमा कवितामा वर्णन गरिएको छ र यसको विषय प्रेम बनेको छ ।

२. आग्रह कविता

यस कवितामा कविले समाजमा हुर्के बढेका युवा युवतीहरूको बीचमा हुने प्रेमभावको प्रसङ्गलाई आफ्नो कविताको विषयवस्तु बनाएका छन् । उनले कवितामा प्रेमी प्रेमीकाहरूको बीचमा बढ्दै गएको माया प्रेमलाई आधुनिक समाजले स्वीकार नगर्ने कुरा बुझेपछि आफ्नी प्रेमिकालाई अन्तै जान आग्रह गरिएको पाइन्छ । समाजमा आफ्नो उपकार नहुने र एक अर्कामा तडपिएर भित्रभित्रै मन जलाई वस्नु भन्दा यो समाजलाई नै त्याग गरी आफ्नी प्रियालाई टाढा क्षितिजको कुनामा जान र आनन्ददायी जीवन व्यतित गर्न आग्रह गर्छन् । यसमा कवि उपाध्याय पलायनवादी देखिन्छन् ।

जाऊ न प्रिये, टाढा क्षितिजको कुनामा आजै

तिमीले मैले भेटेको यो दुनियाले देख्न सक्दैन

यसरी कवि उपाध्यायले यस कवितामा समाजमा भएका र हुन सक्ने सम्भावित घट्नाहरूलाई मनोवैज्ञानिक ढङ्गले यथार्थ रूपमा चित्रण गरेका छन् । यस कविताको भाषा शैली सरल र सरस छ । सम्पूर्ण पाठकहरूले सहज रूपमा बुझ्न सक्ने भएकाले कविता उत्कृष्ट बन्न गएको छ ।

३. 'पश्चाताप' कविता

पश्चाताप कवितामा कविले सहनशील सुशीला नारीप्रति आफूले गरेको कुकृत्यप्रति पश्चाताप गर्दै क्षमा मागेका छन् । किनभने कविले नारी जातिको यौवन, सौन्दर्य र युवती अवस्थाको लावव्यलाई नै प्रेम ठानेको हुन्छ । नारी भित्र लुकेर रहेको गरिमा र महिमालाई देखेको हुँदैन तर कविले अघि पाएको अटल विश्वास र सागरको जस्तो गाम्भीर्यले प्रेमको पवित्रता अनुभव गर्दछन् र आफ्नो गल्तीका लागि पश्चाताप गर्न पुग्छन् । त्यसै गरी कवि नारीप्रति लचिलो हुँदै तिम्रो जस्तो उत्सर्गको भावनामय अनुरक्ति छैन भनेर क्षमा माग्छन् ।

तिम्रो हिमाल जस्तो अटल विश्वास सागर जस्तो गाम्भीर्य भाव ।

गाम्भीर्य भाव

त्यसैले म क्षमा चाहन्छु देवी !

म तुच्छमा तिमी जस्तो भक्तिभाव कहाँ छ र ?

मेरो तुच्छ व्यवहारले तिमीमा दुःख पाएको भए क्षमा गर ।

पश्चाताप कवितामा कविले वासनात्मक परपूर्तिको साधनको रूपमा रहेको प्रेमिकाको मनमा कोमलता अटल विश्वास सहनशीलता रहेको जानकारी पाएपछि पश्चाताप व्यक्त गरेका छन् । गद्य लयलाई अपनाइएको यस कवितामा तत्सम तत्भव र आगन्तुक शब्दहरूको उल्लेख्य प्रयोग भएको पाइन्छ । ठाउँ ठाउँमा प्रयोग भएका अलङ्कारहरूले कविता उत्कृष्ट बनेको छ ।

४. अनुरोध कविता

यस कवितामा कविले आफ्नी प्रेमिकासँग आफूले गरेको गल्तीप्रति क्षमा दिन अनुरोध गरेका छन् । कवि अनुरोध गर्छन् र विन्ति गर्छन् विर्सिदिनु है विर्सिदिनु भन्छन् कविले तस्वीरहरू च्यातिएको, चिनोहरू फँयाकिसकेको हुन्छ वितेका दिनहरूको वास्ता नगर्नु भन्छन् र मेरा सबै आचारहरू एउटा मायावीका जाल मात्र थिएनन् र ? भनेर स्वीकार गर्छन् । कविको आत्मा निर्दोष र निश्चल छ भन्ने कुरा स्पष्ट छ उनको प्रेम अखण्ड विश्वासमा आधारित छ । दुनियाँको कुनै शक्तिशाली हावा हुण्डरीले सजिलै

हल्लाउन सक्दैन । अखण्ड विश्वास विना प्रेम टिक्न नसक्ने कुरा कविले बताउँदै विगतका सबै कुरा विर्सिदिन अनुरोध गर्छन् ।

मैले निःस्वार्थ भावले तिमीलाई कैले के पो गरेको थिएँ र ?

मेरा सबै आचारहरू एउटा मायावीका जाल मात्र थिएनन् र ?

मेरो मुटु व्यवहारलाई पनि व्वाँसोको चाल झैं सम्झिदिनू है

विन्ती छ मेरो मायालु ! तिमीले विर्सिदिनु है विर्सिदिनु ।

यसरी गद्यमा लेखिएको यस कवितामा कवि आफूले जे जे गरे पनि सबै विर्सिदिन अनुरोध गर्छन् । अबका दिनमा आफ्ना वस्तुहरू केही पनि नछुन र मेरा बारेमा जान्न नखोज्नु तिमीले कसैसँग संयोग हुन्छ कसैसँग वियोग हुन्छ भन्ने कुरा सम्झिदिनु अरू सबै विर्सिदिनु भनेर अनुरोध गरेका छन् । यस कविताको भाषाशैली सरल सहज तथा मिठासपूर्ण रहेको पाइन्छ ।

५. 'उनी गइन रे' कविता

यस कवितामा कविले आफ्नी प्रेमिकाले आफूलाई छोडेर गएको प्रसङ्गलाई उल्लेख गरेका छन् । उनले आफ्नी प्रेमिका फर्केर पुन आउने विश्वास समेत गरेका छन् । यस कविताका माध्यमबाट कवि व्यक्त गर्छन् आफ्नी प्रेमिका सधैंका लागि माया मारेर गइन भने अरू कसैले भन्लान तर कवि गइन् भन्ने कुरा मान्न तयार छैनन् । कविको छाँतीमा उनको तस्विर झल्किरहेको छ । उनको स्पर्शानुभूति, कोमलता, भावुकता र सरसतालाई देखेका छन् । संसारले भन्ने नै भए शरीरको बाध्य सम्बन्धलाई देखेका छन् तर प्रेमिकाको हृदय कति गहिरो हुन्छ र प्रेमको अमोघता र गाम्भीर्य कति हुन्छ ? अरू कसैले पनि बुझ्न सक्दैन भन्ने भाव प्रस्तुत गरेका छन् ।

संसारलाई के थाहा छ र ? प्रेमिकाको हृदय कति गहिरो हुन्छ ।

संसारलाई के थाहा छ र ? हृदयको आदानप्रदान कति बलियो हुन्छ ।

यसरी गद्यात्मक शैलीमा लेखिएको यस कवितामा कवि उपाध्यायले प्रेमिका गए पनि फर्केर आउने कुरामा विश्वास लिदै प्रेमी र प्रेमिकाको मनको भाव केवल दुई नहुने सङ्केत पनि गरेको देखिन्छ । उपाध्यायको यस कविताको भाषाशैली सरल सहस र सुबोध्य पाइन्छ । तद्भव तत्सम र आगन्तुक शब्दको प्रयोग तथा स्पष्ट अभिव्यक्तिका कारण उनको भाषा सम्प्रेषणीय बनेको छ ।

यसरी युवाकालीन अवस्थामा लेखिएका यी कविताहरूमा युवासुलभ रति वा प्रेमका मिलन र वियोगका भाव व्यक्त भएको पाइन्छ । यी भावनालाई व्यक्त गर्ने भाषा शैली पनि त्यही किसिमको रहेको छ । आभा, पराग जस्ता भित्री रूपमा रहने तर बाहिर नदेखिने तत्वसँग प्रेमलाई आरोप गरिएकाले रूपक अलङ्कारको प्रयोग पनि देखिन्छ । तत्सम तथा तद्भव शब्दको प्रयोग गरेर लेखिएका यी कविताहरूमा कुनैमा प्रथम र कुनैमा तृतीय पुरुष दृष्टि विन्दुको प्रयोग गरिएको छ ।

### ङ. मानवतावादी कविताहरू

१. 'धोको' कविता

'धोको' कवितामा कवि उपाध्यायको व्यक्तित्व झल्किएको पाइन्छ । बहुजन हिताय बहुजन सुखायको मानवतावादी दृष्टिकोणले यो कविता निकै महत्वपूर्ण छ, र कवि उपाध्यायको प्रारम्भिक व्यक्तित्व यसबाट अझ स्पष्ट सितले देख्न सकिन्छ । जुन मानिसमा कुनै धोको वा संसारका लागि केही गरौं भन्ने भावना हुँदैन त्यो वास्तवमा मानिस नै होइन । कविले आफ्नै मनसँग आफ्नो धोको लिएर लक्ष्यको चरम विन्दुसम्म पुग्ने इच्छा प्रकट गरेका छन् । समाजका निम्ति केही गरौं भन्ने भावनाको प्रेरणा दिने यो कविता कविको उदार र विशाल व्यक्तित्वको परिचायक देखिन्छ । कविको इच्छा शान्तदेखि अनन्तसम्म पुग्ने रहेको छ । आकाशमा मिल्न चाहन्छ । आफ्नो व्यावहारले मानवताको रक्षा हुन्छ भने कहिल्यै नमर्ने धोको प्रकट भएको देखिन्छ ।

मेरो आर्जन 'वहुजन हिताय वहुजन सुखाय' हुन सक्छ भने  
म नमरूँ कहिल्यै पनि नमरूँ बाँचिरहुँ  
यही छ मेरो धोको ।

यसरी गद्यमा नै सिर्जना गरिएको यो कवितामा कविले जुन मानिसमा केही धोको हुँदैन वास्तवमा त्यो मानिस मानिसै होइन भन्ने भाव प्रस्तुत गरेका छन् । संसारको निमित्त केही गरूँ भन्ने भावनाको प्रेरणा दिने यो कविता निश्चय नै विशाल हृदयद्वारा मानवकल्याण गर्ने भावनाले भरिएको छ ।

२. 'मानव कि दानव' कविता

'मानव कि दानव' यस कविता सङ्ग्रहको सबैभन्दा लामो कविताको रूपमा रहेको छ । यस कवितामा कविले अर्काको रगत पसिनालाई शोषण गरेर आफू मोटाउने प्रवृत्तिले देशमा शान्ति अमनचयन कायम हुन नसक्ने कुरा प्रस्तुत गरिएको छ । यस संसारमा मानवताका नाममा दानवताको अभिवृद्धि भइ रहेको छ । अनेक प्रकारका पापाचार पछि दान पुण्यको विडम्बना देखा पर्दै छ मानवताको अनुहारमा दानवको कर्म भइरहेको छ । मनु, बुद्ध, ईसा, गान्धी आदिको तुलनामा आजका कथा कथित मानिसहरूको कर्तव्य तौलनु पर्ने भएको छ । मानवताले आफ्नो कर्तव्य गर्नु पर्ने यो कसी हो, प्रत्येक मानिसले यस कसीमा आफूलाई जोखेर आत्मज्ञान प्राप्त गरेको भए बेग्लै हुने थियो, धनी गरिबको भेदभाव हुने थिएन भन्दै मानवीय प्रवृत्तिप्रति कविले व्यङ्ग्य गरेका छन् । त्यस्तै गरी मानव हुनुको नाताले आफूले जानेको कुरा मात्र अरूलाई सिकाउनु पर्छ नजानेको कुरा अरूलाई सिकाएर र्वबादमा पार्नु हुन्न भन्ने अभिमत पनि व्यक्त भएको छ ।

अन्त्यमा यस कविताले 'बाँच्न अनि बाँच्न देऊ' को भाइचारा र विश्ववन्धुत्वको मूल नारालाई आत्मसात गरेको देखिन्छ । यस कविताको भाषा शैली बोधगम्य रहेको छ तत्सम, तद्भव तथा आगन्तुक तीनै प्रकारका शब्दको प्रयोग भएको देखिन्छ । प्रतीकको रूपमा मन, त्रिभुवन जस्ता पौराणिक र ऐतिहासिक सन्दर्भका शब्दको प्रयोग भएको छ । गद्य लयमा लेखिएको यो कवितामा अन्त्यानुप्रास शब्दालङकार पाइन्छ ।

## च. विचारात्मक कविताहरू

१. 'नानी' कविता

'नानी' कवितामा कविको कल्पना भन्दा विचार ज्यादा देखिन्छ । वास्तवमा सार्दु आँखाको नानीमा नै विश्वको अस्तित्व हुन्छ, यहाँसम्म त शायद कसैको विरोध हुँदैन तर जव भूगोल, जीवाणु, शीतउष्ण, वर्षामापक यन्त्रहरू ऋतुदर्शक विभिन्न लोकहरू

इत्यादिको दर्शन हुन्छ तब यो कविता कविता हुँदैन विज्ञानको किताबको कुनै पृष्ठ जस्तो लाग्छ । कवि लेख्छन्-

हँसाउने र रूवाउने अमोधशक्तिको बास,
सुख र सन्तोष अनि दुःख र ताप पनि ।
टलपल टलपल सार्द्र आँखाका नानीमा नै
मैले देखे विश्वको अस्तित्व ।

यसरी यस कवितामा कविले विश्वको अस्तित्व नै अश्रुपूर्ण आँखाको नानीमा देखेका छन् । समस्त संसार सार्दु आँखाको नानीमा देख्न सकिन्छ भनेका छन् । सुख र सन्तोष दुःख र ताप पनि सार्द्र आँखामै देख्न पाइन्छ भन्ने विचार प्रस्तुत गरिएको छ । छन्दमुक्त गद्य भाषाशैलीको प्रयोग गरिएको यो कविता पाठक वर्गप्रति सरल र सहज बनेको छ ।

## २. दायित्व कविता

दायित्व कवितामा कविले साना, ठूला, बृद्ध, बालक जो सुकैले पनि आ-आफ्नो ठाउँबाट आफ्नो दायित्व पूरा गर्नु पर्ने धारणा व्यक्त गरेका छन् । कवितामा बुढापाकाले अचेल फेसन श्रृङ्गार र विलासिताको प्रदर्शन देखेर जेसुकै भने पनि त्यसको दायित्व उनीहरूमा नै रहेको कुरा उल्लेख छ । आधुनिक यवतीहरूप्रति कविको सहानुभूति पूर्ण दृष्टि रहेको देखिन्छ । यो स्वभाविक पनि हो तर आधुनिक फेसनलाई पाश्चात्य सभ्यताको प्रभाव हो भन्ने विचारै नगरी आमालाईसत्य र सीमित दृष्टिकोण भएपनि आमाहरूले नै संस्कृति सभ्यता सिकाउने हुँदा आफ्नो दायित्वप्रति सचेत हुनु पर्दछ भन्ने कविको भनाइ रहेको देखिन्छ ।

'सीतासँग खेल्न हुँदैन, ऊ गरिबकी छोरी हो' भनी
तपाइँले नै त भेदभाव गर्न बाध्य गराउनु भयो ।
फलानीकी आमा यस्ती, फलानीकी छोरी उस्ती
भन्ने बानी पनि त ममा त्यसै आएको होइन ।
आमा मेरो मात्र दोष छैन ।

यसरी यस कवितामा बालबालिकालाई सानैमा राम्रो परिवेश दिनका लागि उसमा कुनै किसिमको नकारात्मक भावनाको प्रवेश हुनु हुँदैन भन्ने विचार व्यक्त भएको देखिन्छ । यसमा आमाको दायित्व महत्वपूर्ण हुने सङ्केत पनि कविताले दिएको छ । प्रस्तुत कवितामा भाषा सहज हुनका साथै गद्य भाषाशैलीको प्रयोग गरिएको छ । तत्सम तथा तद्भव शब्दको पनि प्रयोग भएको देखिन्छ ।

**छ. प्रकृतिपरक कविताहरू**

१. 'अयि नीलगगनमा उदाइरहेकी' कविता

यो कविता प्रकृतिको वर्णन गरेर लेखिएको छ । यस कवितामा प्रकृतिसँग मानवतालाई तुलना गरिएको छ ।

अयि ! नील गगनमा उदाई रहेकी ? किन मेरो झ्यालमा च्याइ रहेकी ? भन्दै कवि स्मृति बोधमा डुब्न पुग्छन् । कविलाई पहिले त त्यसले व्यङ्ग्य गर्दैछ भन्ने लाग्छ तर चिन्तन अगाडि बढ्दै जाँदा आत्म व्यङ्ग्य र आत्म करुणाको भावना कर्तव्यबोधमा परिणत हुन जान्छ अनि कविको उद्विग्न मनले के के कल्पना गर्छ र अन्तमा पुरानो कुरा दोहोऱ्याइ रहेकी, विर्सेकी भनी सम्झाइरहेकी भन्ने निष्कर्षमा पुग्दछ । कविको दृष्टिमा प्रकृतिको अस्तित्व भन्दा अलग मानिसको अस्तित्व होइन दुवैमा शास्चत सम्बन्ध छ भन्ने कविलाई लाग्दछ । सृष्टिको कणकणमा एउटै आत्माको प्रतिच्छाया छ अनि प्रकृति भन्दा मानिस अलग नरहेकाले मानिसका निम्ति प्रकृति भित्र, सहायक र शिक्षक पनि रहेको छ भन्ने भाव प्रकट गरिएको छ ।

अयि नील गगनमा उदाई रहेकी ! किन मेरो झ्यालबाट च्याइ रहेकी ?

मानौ मलाई गज्याईरहेकी, मेरो मुटुको गति केलाई रहेकी ।

छन्दमुक्त गद्यलयको प्रयोग गरिएको प्रस्तुत कविता प्रथम तथा तृतीय पुरुष दृष्टिविन्दुमा रचना भएको छ । कविता सम्बोधनात्मक देखिन्छ । भाषाशैली सरल तथा सरस रहेको छ । यसमा तत्सम तथा तद्भव शब्दको प्रयोग भेटिन्छ ।

## ज. विविध खण्डका कविताहरू

### १. 'घर' कविता

'घर' कवितामा कवि हृषीकेश उपाध्यायले निर्जीव वस्तु घरलाई मानवीकरण गरेका छन् । 'घर' ले सबैको आधारभूत आवश्यकतालाई सङ्केत गरेको छ । कत्तिको प्यारो हुन्छ घर भन्ने शब्दः कविको घर प्रतिको जस्तो आत्मीयता सबैमा नहुन सक्छ । कविले घर प्रति स्वभाविक आत्मीयता देखाएको पाइन्छ । त्यस्तै गरी घर मानिसका लागि अत्यन्त प्यारो वस्तु हो । यसको अभावमा मान्छेले आफ्नो अस्तित्व जोगाउन सक्दैन यही कुरा व्यक्त गर्दै यसप्रति सबैको माया-ममता हुनु पर्ने कुरा यस कवितामा प्रस्तुत गरिएको छ ।

टाढा भए पनि त्यो घरलाई संझिरहेको हुन्छु ।
घर नदेखिए पनि उतैतिर फर्किरहेको हुन्छु ।
मलाई थाहा छ
त्यो घरको प्रत्येक निर्जीव पदार्थसम्मले पनि
मलाई हेरिरहेको हुन्छ ।

अभिधास्तरको रहेको प्रस्तुत कविता गद्यात्मक लयमा लेखिएको र यसको भाषाशैली सरल सहज तथा सरस रहेको छ ।

### २. 'जिज्ञासा' कविता

'जिज्ञासा' कवितामा कविले मान्छेका आवश्यकताहरू असीमित हुन्छन् भन्दै ती असीमित आवश्यकताहरू असीमित हुन्छन् भन्दै ती असीमित आवश्यकताहरू मध्ये कुन पहिला पूरा गर्ने भन्ने विषयमा खुलदुली हुने बताएका छन् । एउटा इच्छा-आकाङ्क्षा पूरा हुने वित्तिकै अर्को इच्छा-आकाङ्क्षा तुरुन्त पलाइहाल्छ । यसरी मान्छेले सीमित साधनबाट असीमित आवश्यकताहरू पूरा गर्नु पर्ने बाध्यता रहेको छ भन्ने भाव प्रस्तुत कवितामा देखिन्छ ।

टाढा अथवा कुनै सिन्धुतलमा, लक्ष्य के हो,
अझै कैलेसम्म उडिरहन्छस् अवसान कहाँ छ ?

यसरी यस कवितामा कवि उपाध्यायले आफ्नो जिज्ञासालाई प्रश्नमा परिणत गरेका छन् । त्यस्तै गरी सबै जिज्ञासाहरू सत्यम् शिवम् सुन्दरम्को मुहानसम्म पुग्ने अभिलाषामा परिणत भएको कुरा उल्लेख गरिएको छ । छन्दमुक्त गद्यलयमा लेखिएको यो कविता सरल तथा सहज भाषाशैलीमा रहेको पाइन्छ । कवितामा तत्सम तत्भव र आगन्तुक शब्दहरूको प्रयोग प्रचुर मात्रामा भएको छ ।

३. प्रतीक्षा कविता

प्रतीक्षा कवितामा कविले भावना तथा कल्पनामा डुबेर एउटा बालिकाको आन्तरिक तथा बाह्य पक्षलाई प्रस्तुत गरेका छन् । एउटी जुनका किरणहरूमा बाटो हेरिरहेकी कल्पना वा कुनै योजनामा डुबेकी, दत्तचित्त भएकी बालिकाको सुमधुर चित्रण भएको छ । यसलाई एउटा सानो आंशिक चित्र-काव्य भन्न सकिन्छ ।

गात्रमा कौशेय सारी, प्राची हावा शीतवाही

संभ्रमा वा विहवला हौ, सास लामो लिइरहेकी ।

बगैंचा कविता सङ्ग्रहकै छोटो कविताको रूपमा रहेको यो कविताको भाषाशैली सरल तथा सरस रहेको छ । प्रथम पुरुष दृष्टिविन्दुमा कविता संरचना गरिएको पाइन्छ ।

४. ‘अनुभूति’ कविता

‘अनुभूति’ कवितालाई कविको छोटो र मिठो रचना मानिएको छ । सुख र दुःखको भावना देखि पर कसैको चित्रले मनमा च्याए च्याए झैं लाग्ने कतै हराए झै लाग्ने निस्तब्ध पृथ्वी तथा चकमन्न रातको अनुभूति हो । यस्तो अनुभूति नगर्ने सायदै कोही होला । यस अनुभूतिले कवि र पाठकको हृदयमा तादात्म्य ल्याउँछ । सहृदयले अनुभव गर्छ यो अनुभूति कविको नभएर मेरो आफ्नै हो, यही हो साहित्यको साधारणीकरण भन्ने कुरा र साहित्यकारको सफलता । कवि काल्पनिक जगतको प्राणी मात्र होइन उसको अनुभूति जनसाधारणको अनुभूति हुन्छ भन्ने कुरा यस कविताबाट स्पष्ट पार्न खोजिएको छ ।

चकमन्न रात छ निस्तव्ध पृथ्वी छन् ।

हेर्छु चारैतिर सुनसान मात्र छ,

तर पनि कसैले बोलाएबोलाए झै लाग्छ'।

मुसुक्क हाँसेर समाएसमाए झैं लाग्छ ।

यसरी यस कवितामा सरल दैनिक जीवनमा प्रयोगमा आउने शब्दहरूकै प्राचुर्य छ । सरल शब्दहरूको प्रयोगले कविता सरल र प्रष्ट छ ।

५. विश्वास कविता

यस कवितामा कवि उपाध्यायले आफ्नी प्रेमिका अवश्य पनि फर्केर आउँने कुरामा विश्वास गरेका छन् । उनी आउँदा नयाँ कुरा वा नयाँ पन लिएर आउने त्यस्तै नयाँ वातावरण लिएर आउने कुरामा उनी विश्वस्त छन् । उनी यस कवितामा व्यक्त गर्छन् । उनी आउँछिन् आज नभए भोलि अवश्य आउँछिन् । केही नयाँ चीज, केही नयाँ भाव र नयाँ वातावरणका साथमा आँखामा आशु ओठमा हाँसो र घाँटीमा भक्कानो लिएर विस्तार विस्तार आउँछिन्, केही कल्पना संभ्रम, जिज्ञासा, आशा, केही सपना उत्तेजना, घृणा लिएर आउँछिन् । उनी वसन्त डाकेर ल्याउने छिन् । आफू अकिञ्जन भए पनि अर्काको शोभा बढाउन, भोक मेट्न र आँशु पुछ्न अवश्य आउँछिन् भन्ने भाव व्यक्त गरेका छन् ।

केही संभ्रम, केही डर, केही जिज्ञासा, केही आशा

केही कल्पना, केही मीठा सपना, केही उत्तेजना, केही घृणा -

अनि अरू के के धेरै कोसेली बोकेर आउछिन् ।

तर उनी आउँछिन उनी अवश्य आउँछिन् ।

यसरी सरल सरस र गद्यात्मक भाषामा लेखिएको यो कविता कविले आफ्नी प्रेमिकाको सम्झनामा र प्रेमिकाको अभावमा आफूमा उत्पन्न पीडाहरूलाई अभिव्यक्त

गरेका छन् । तत्सम तद्भव र आगन्तुक शब्दको प्रयोगले कविता उत्कृष्ट बन्न गएको छ ।

## ४.३ 'धरतीको वारिस भएर' कविता सङ्ग्रह भित्रका फुटकर कविताहरूको विश्लेषण

यो कविता सङ्ग्रह कवि हृषीकेश उपाध्यायको दोस्रो कविता सङ्ग्रहको रूपमा प्रकाशन भएको हो । पहिलो कविता सङ्ग्रहले सफलता प्राप्त गरिसकेपछि २०२० साल भन्दा पछाडिका विभिन्न विषयवस्तुहरूलाई आफ्ना रचनाहरूको शीर्षक बनाइ २०३५ सालमा प्रकाशन गराउन सफल भएका छन् २०६१ सालमा पुनः दोस्रो संस्करणको रूपमा निस्किएको यो सङ्ग्रहको भूमिका विवेचना साप्ताहिकका प्रधान सम्पादक नकुल काजीबाट लेखिएको छ भने त्यस पश्चात कविका निजी धारणाहरू व्यक्त छन् । जम्मा १९ वटा कविताहरू सङ्ग्रहित भएको यस सङ्ग्रहमा विभिन्न विषयवस्तुलाई आधार बनाएर कविता रचना गरिएको पाइन्छ । यस सङ्ग्रह भित्रका फुटकर कविताहरूलाई निम्न अनुसार अध्ययन र विश्लेषण गर्न सकिन्छ ।

### १. 'धरतीको वारिस भएर' कविता

धरतीको वारिस भएर' कविता सङ्ग्रहको पहिलो कविता नै शीर्षक भनेर रहेको छ । धरतीको वारिस हुनुको तात्पर्य यहाँ प्रकृतिको अमोध शक्तिलाई रचनात्मक काममा लगाउने प्रतिनिधि बन्नु हो भन्ने देखिन्छ । वर्षो वर्षदेखि पर्खेर बसेको तिमीहरूलाई नै हो । समर्थशाली तिमीहरू नै हौ । पृथ्वीका आवाजहरुलाई बुझेर काम गरको भए प्रगति हुने थियो पेट चाउरिएको देख्नु पर्दैनथ्यो र लाहुर जान बाध्य हुनु पर्दैनथ्यो । तर प्रकृतिको आवाज नसुन्नाले यो सबै व्यहोर्नु परेको छ । धेरै स्तुति गर्‍यो । अब स्तुति सुन्न चाहान्न । अब तिमीहरू सबैले निर्माण पथमा जुट्नु पर्छ विज्ञानको प्रयोगले मात्र हुँदैन, इतिहास बोध पनि हुनु आवश्यक छ । समयको स्वरलाई सुन र व्यवहारिक बन । तिमीहरू खुशी भएमा नै म प्रसन्न रहन्छु । युवाशक्ति नै परिवर्तनको संवाहक हुन्छ । यो युग परस्पर समझदारी र सहयोगको युग हो । यहाँ सपुतहरूको खाँचो भन्ने धरतीको सम्बोधनलाई प्रतिविम्वन गरिएको छ । प्रकृतिको मानवीकृत अभिव्यक्ति प्रत्याङ्कित भएको छ ।

छाँगोले सुसाएको सुस्केरालाई
तिमीहरूले बुझिदिएको भए
नदीको निदानबाट आएको आवाजलाई
तिमीहरूले सुनिदिएको भए,
खेर जाने थिएनन् यहाँ
ती अमोघ शक्ति
लाग्थे काममा

यसरी सरल भाषामा लेखिएको यस कवितामा कविले नेपालमा अनेक प्रकारका खनिज पदार्थ रहेको कुरा बताउँदै त्यसलाई सही रूपमा प्रयोग गर्न नसकेकोमा दुखेसो पोखेका छन् । सबै सामग्रीहरूलाई नेपाली युवाहरूले सहीरूपले प्रयोग गर्न सके नेपाल स्वर्ग बन्ने राष्ट्रिय चेतना अभिव्यक्त गरेका छन् ।

२. 'प्रश्न' कविता

यस प्रश्न कवितामा कवि उपाध्यायले प्राणेश्वरी भनेर सम्बोधन गरेर म पनि मानिस नै हुँ हृदयको प्रेमको प्रवल वेगलाई कतिञ्जेल साँचेर राख्ने ? आसै आसमा पर्खेर कतिञ्जेल बाँच्ने ? धैर्य राख्ने शक्ति पनि कति सङ्ग्रह गर्नु, आखिर म पनि एउटा प्राणी नै त हुँ भनेर आफ्ना भाव व्यक्त गरेका छन् त्यस्तै गरी मानिसमा भूल हुन्छ र यसलाई स्वभाविक ठान्नु पर्छ आफूले सामान्य भूल गरे पनि आफू त्यति कातर भएर नडराउने कुरा कवि व्यक्त गर्छन् । कविले आफूमा भएका कमी कमजोरीलाई नियन्त्रण गर्न प्रयास गर्दा गदै धैर्यको शक्ति पनि समाप्त भई सक्यो भनेर प्रश्नाकुलता पोखेका छन् ।

गर्न नियन्त्रण खोजेको छु
यत्न पनि मेरो कम छैन
प्राणेश्वरी, म के गरौं अब ?
मरुँ वा आशामै पर्खू ?

कवि उपाध्यायको यो कविता राजनीतिक व्यङ्ग्यमा पनि तत्पर रहेको पाइन्छ । २००७ सालमा नेपालमा प्रजातन्त्र आएपनि त्यसको सही सदुपयोग नगरी दुरूपयोग गरेकाले जनतामा निराशा छाएको कुरा व्यक्त भएको पाइन्छ । अब देशको उज्वल भविष्यका लागि कुन बाटो रोज्ने हो भन्ने कुरालाई प्रश्नात्मक रूपमा यस कवितामा व्यक्त गरिएको छ ।

३. लिडेढिपी कविता

यस लिडेढिपी कवितामा परिश्रमशील जीवनको यथार्थ प्रतिविम्वित छ । नवीन आविष्कृत कोलाहलपूर्ण राजपथ भन्दा उकाली ओरालीमा तीखा ढुङ्गा भएको वन जङ्गलको पहाडी बाटो नै राम्रो लाग्छ भन्ने लिँडेढिपी प्रस्तुत गरेका छन् । आफ्नै परिश्रमको आर्जनबाट बाँच्ने कसैको डाह नगर्ने धैर्य गर्ने, ठूलो आर्जन नभए पनि भयङ्कर जाडो र प्रखर घाम सहन्छु भन्दै यस्तै जीवन नै प्यारो र राम्रो छ भन्ने लिँडेढिपी कविले प्रस्तुत गरेका छन् । नवीन आविष्कृत नयाँ बाटोप्रति राम्रो व्यङ्ग्य पनि गरेका छन् ।

म रातदिन परिश्रम गर्छु

आफ्नो सानो आर्जनबाट

ढिडो र गुन्द्रुकमै खुशी छु ।

परि आएका सबै कामहरु आफैं गर्छु ।

सरल तथा सरस र गद्यात्मक भाषाशैलीमा लेखिएको यस कवितमा कविले अनेक किसिमबाट शोषण गरेर धन कमाउनु भन्दा आफ्नै परिश्रम गरेर धन कमाउनु नै उपयुक्त ठानेका छन् । सम्पत्तिमा लिप्त भएर बस्तु भन्दा सबैसँग मिलेर वस्नु नै मान्छेको महानता हो, यसैमा मान्छेको कल्याण हुन्छ भन्ने कुरा प्रस्तुत गरेको देखिन्छ ।

४. 'मासिँदैनन् कहिल्यै मानवीय आकाङ्क्षाहरु'

यस कवितामा कविले झिनो मक्किएको डोरी र भाँच्चिन लागेको लिङ्गे पिङ तथा ठूलो हावा हुरीमा फिरफिर काँपिरहेको पीपलको पात तथा धिपधिप गरेर तेल

बिना निभ्नै लागेको घिटिघिटि भएको दियोको पार्श्वपृष्ठमा अनेकन आकाङ्क्षा बोकेर ठूलो खडेरी पर्दा पनि बाँच्न बल गरिरहेछ म भन्ने एउटा वस्तु र त्यसको प्रतिध्वनि सर्वत्र वातावरणमा फैलिएको छ भन्ने भाव व्यक्त गरिएको छ । विभिन्न हाउभाउ देखाएर विडम्बभनापूर्ण वातावरणमा आफूलाई साँचो सावित गर्ने प्रयत्न गरिरहेछ । यो केवल फोविया हो मानिस आफैले मानवतालाई पङगु बनाउन खोजीरहेछ । यो केवल मृगतृष्णा हो भन्ने कविको भनाई छ ।

कोलाहलमय वातावरण

अशान्तमय वातावरण

अनि मुठ्ठीमठ्ठी रगतले

मरुभूमिलाई रूझाउने क्रीडा

यसरी कविले यस कवितामा अर्को तर्फ सामाजिक परिवेशप्रति व्यङ्ग्य गरेका छन् । आज समाजमा मानवीय मूल्य र मान्यताको ह्रास हुँदै गएको छ । मान्छेले मान्छेलाई प्रेम गर्नुको सट्टा घृणा गर्न थालिसकेको छ । मान्छेले आज आफ्ना न्यूनतम आवश्यकताहरूको अतिरिक्त शस्त्र-अस्त्रको किनमेलले समाजलाई बिग्रँदो अवस्थामा पुऱ्याएको छ । यसले गर्दा विश्व समाजमा रगतको खोलो बगिरहेको छ । यो अवस्था सधैंभरि रहन नसक्ने कुरा व्यक्त गर्दै यो चरमसीमामा पुगेपछि पुनः मानवताको बहाली हुने सङ्केत पनि प्रस्तुत कवितामा गरेको देखिन्छ ।

५.'तुषारोको ताप' कविता

तुषारोको ताप कवितामा कवि तुषारोको तापमा प्रचण्ड प्रकाश पनि तुवाँलो हराए जस्तो जीवनमा धमिलो माया ममताको प्रतिविम्व मुटुमा उकुस्मुकुसिएको भावना अनुभूत गर्छन् । यस कवितामा कवि र स्वार्थको बोली झुल्छ र अविश्वासको फुल फुल्छ, सत्यता भन्ने कतै छैन । कर्तव्य परायणता ध्वस्त भएको छ, सर्वत्र निष्पट्ट अध्यारो छ । विषमता छ मन धेरै घुमाउनु हुन्न, समस्यै समस्या छन् । बरू यी सबै विर्सन मधुशालामा बसेर मदिरा पान गरौ भन्छन् र जीवनका अँधेरा झ्याउलाहरू विर्सेर आनन्दित हौं अट्टहास गरौं भनेर सबैलाई आह्वन गर्छन् । यस्तो परिवेशमा एकले अर्कालाई भेट्न नहुने परिस्थितिमा अकर्मण्य हुने बाहेक के छ र ? सुतौ, निदाऔं ।

सदाका लागि होइन प्रभाव नहुञ्जेल । सूर्य रश्मि नदेखियुञ्जेल भन्छन् र उज्यालो भएपछि पृथ्वी पनि रमाउने छ, मान्छेले मान्छेलाई चिन्नेछ, मानिसको सुन्दर समाज हुनेछ, अरूलाई हँसाएर आफू हाँस्न सकिने छ, अरूलाई बचाएर आफू पनि बाँच्न पाइने छ, सत्यम, शिवम् सुन्दरम्को मुहान फुट्नेछ भन्ने आशा प्रकट गरेको पाइन्छ ।

एउटाले अर्कोको आँशु पुछ्नेछ

सत्यम् शिवम् सुन्दरम्को मुहान फुट्नेछ

मानिस अर्कालाई हँसाएर

मात्र आफू हाँस्नेछ ।

यसरी सरल सहज तथा गद्यात्मक शैली अपनाइ लेखिएको यस कवितामा कविले नियम परिधि आदिबाट विपरीत गइरहेको आजको समाजलाई विभिन्न प्रतीकहरूका माध्यमबाट सही मार्गमा ल्याउने सन्देश पनि दिएका छन् ।

६. 'केही मुक्तक' कविता

केही मुक्तक शीर्षक कवितामा आफ्नो साथीलाई आश्चार्य नमान्न आग्रह गर्दै तिमीलाई परेर पो त अरूलाई परेको भए तिमी पनि त्यसै भन्थ्यौ भन्ने भाव प्रकट गरिएको छ । चिनेर हेर्नु नत्र रोग सर्न सक्छ । सहन बाध्य छु नत्र म पनि त मानिस हुँ पत्थरको दिल त छैन म बाँचेको मेरा निम्ती हैन, अरू कसैका निमित्त बाँचेको छु । नत्र प्रत्येक आँसुमा हेरन त्यहाँ उसैको प्रतिविम्व देखिने छ । दिएर आफ्नो बनाउन बेठीक छ, धोका पाउन सकिन्छ । म त्यो चीज पाउँदिन थाहा छ तर यो भनेर पनि सन्तोष छैन । अनुभूतिको ज्वारभाटा हृदयमा उर्लेपछि स्मृतिका रेखाहरू कोरिन्छन् र बेजोड गतिले हृदय जकडिन्छ भन्ने भावहरू यस कवितामा प्रत्याङ्किकत भएका छन् ।

मैले बाँचेको मेरै निमित्त होइन
मैले साँचेको मेरै निमित्त होइन
मेरो आँशुलाई नियालेर त हेर
प्रत्येक थोपा थोपामा कसैको प्रतिविम्वछ

यसरी प्रस्तुत कवितामा कवि उपाध्यायले दैनिक व्यवहारमा देखिने कविको अनुभूति अभिव्यक्त गरेका छन् । सातवटा मुक्तकबाट यस कविताको संरचना बनेको छ । यी मुक्तकहरूको आफ्नो-आफ्नो विषय भए पनि समग्रमा आजको मान्छेको बोलाइ र गराइको भिन्नतालाई व्यक्त गरेको पाइन्छ । यस संसारमा शोषक वर्गले शोषित वर्गको आँशु चुसिरहेका छन् भन्ने कुरा देखाएका छन् । सरल भाषा शैलीको कारण कविता उत्कृष्ट बनेको छ ।

७. 'मान्छे उपहास' कविता

यस कवितामा आज मान्छे कसरी उपहास्य भएको छ भन्ने कुरालाई मार्मिक तरिकाले व्यक्त गरिएको छ । आजको परिवेशमा पाँच प्रतिशत जनताले पन्चानब्बे प्रतिशत जनतालाई बेकुब बनाएको पाइन्छ । केही मान्छेमा देशका लागि केही गरौं भन्ने भावना हुँदाहुँदै पनि तिनले केही गर्न सकिरहेका छैनन् । आज सत्य कुरो छोपिएको थाहा हुँदाहुँदै पनि व्यक्त गर्न सक्ने परिवेशको अभाव छ । यस्तो परिवेशलाई हटाएर सत्य कुरो व्यक्त गर्न सक्नुपर्छ भन्ने सङ्केत पनि यस कवितामा भएको पाइन्छ ।

हजारौ हजारौको श्रमलाई
केही प्रतिशतले किनेको र बेचेको देखेको छु
अफसोच !
अझै विचरा मानिसहरूको
उपहास गर्न जन्मिएको सद्बुद्धि आएन
कठै !!
अझै सेतो नकावभित्रको
कालो पनमा अलि कति पनि कमी भएन ?

यसरी कवि उपाध्यायले यस कवितामा मानवलाई विर्सेर आफू बाँच्ने प्रयत्नमा विकृति र विसङ्गतिहरू बीच बाँच्नु परेको तथ्यलाई उजागर गर्ने चेष्टा गरेका छन् । विवेकशील विचारवान तस्वीहरूको उपहास भएको छ । भन्ने कुरा प्रष्ट पार्दै हजारौंको श्रम शोषण गरिरहेका छन् । तिनको सद्बुद्धि आएन, नकाव भित्रको कालोपनामा

अलिकति पनि कमी आएकै छैन भनेर कविले मान्छेको उपहासप्रति अफसोच गरेका छन् ।

८. आज मान्छे

यस कवितामा कविले मानिसलाई अन्तर्निहित शक्ति भएरपनि बाध्यताले इच्छाहरू मारेर निस्सासिंदै दुब्लो ख्याउटे भएर खोक्रो पेटमा बाँचेको देख्छन् । पूर्खाले सन्तान फैलिउन् भन्दथे रे । अहिले निरोधको प्रयत्नमा अभिशप्त बन्दैछ मानिस भन्छन् । वाउन्ने भएर भएपनि शक्ति केन्द्रलाई केही गर्न सकेको छैन । मानिसले आफू बाँच्न आफ्नो मोल आफै गर्दै खुलेआम बीच बजारमा बेच्दै हिँडिरहेको छ भन्ने भाव कवितामा व्यक्त गरिएको छ ।

बेचिसकेको आफूलाई

सागपातको मोलमा

खुलेआम बीच बजारमा

कराउँदै आफ्नो मूल्य आफ्नै मुखले

यसरी यस कवितामा कविले हिजोको र आजको मान्छेको बीचमा तुलना गर्दै आजको मान्छेप्रति व्यङ्ग्य प्रहार गरेका छन् । आज सही वा राम्रो मान्छेले मानसम्मान पाउनुको सट्टा अपमान पाएको छ । मान्छे सागसब्जीसँग आफूलाई बेचिरहेको छ । यस्तै गरी यस कवितामा कविले आजको मान्छेको विसङ्गत व्यवहार र ढोंगी चरित्रप्रति व्यङ्ग्य गर्दै मूल्यहीन जीवन बिताईरहेको मान्छेलाई यस्तो हुनबाट जोगिन मार्गनिर्देशन पनि गरेको देखिन्छ ।

९. 'सम्झिदिए पुग्छ' कविता

यस कवितामा कविले विवशताले थिचिएको हृदयको स्पन्दन जब प्रतिध्वनित हुन्छ सूक्ष्म भावना जगतमा आँधी बेहरीका साथ भैंचालो आउँछ, परिकल्पना टुक्रिन्छ र आशाहरू विलुत्त हुन पुग्छन् । मानिसको मस्तिष्क भूत्ते भई सक्तछ । सृष्टिको उद्देश्य जे भए पनि प्रोत्साहनको प्रेरणाको उपेक्षा हुँदोरहेछ भन्दै सृष्टिकर्ताको अर्कै उद्देश्य होला, प्रत्युपकारको कामना नराख्नु नै वेश होला जस्तो लाग्छ । सारा नारी जगतले

शतरूपाको निर्वाह गरिरहेका छन् । त्यसैमा मानव समाज छ । नत्र हामी सबै व्यक्तिवादी र अवसरवादी बन्दथ्यौ । त्यसैले कवि नारी पुरुषकै यहाँ प्रतिनिधित्व भै रहेको छ । चित्त बुझ्दैन । तर जवाफ सुन्नु अघि नै सम्झिदिए पुग्छ भनेर विन्ती बिसाएका छन् । त्यस्तै गरी कविले यस कवितामा संसारमा भएका अन्याय, अत्याचार, शोषण उत्पीडन आदि एकैचोटि परिवर्तन हुन नसक्ने भएकाले क्रमैसँग परिवर्तन हुँदै जाने कुरा बताएका छन् यस्तो परिवर्तनको लागि विचार वा मान्यता एक पुस्ताबाट अर्को पुस्तामा रुपान्तरण गर्दै लानु पर्छ र यसो गरेको खण्डमा एक दिन अवश्य परिवर्तन हुन्छ भन्ने सङ्केत समेत यसमा कविले व्यक्त गरेका छन् । सरल तथा सहज भाषा शैलीमा लेखिएको यस कवितामा तत्सम तत्भव तथा आगन्तुक शब्दहरूको उल्लेख्य प्रयोगले कविता सर्वश्रेष्ठ बन्न पुगेको छ ।

१०. 'मेरो जीवन' कविता

मेरो जीवन कवितामा कविले के भन्छन् भने तिमीलाई अनेक तरिकाले बुझाउँदा वा उपकार गर्दा तिमीले बुझ्न सकेनौ, तिमी अझै पनि हत्या-हिंसा आदिको बाटोलाई निरन्तरता दिंदै छौं, जसलाई मान्छेले उपकार गऱ्यौ त्यसले नै प्रत्युपकार गरेपछि मान्छेको केही चल्दो रहेनछ भन्ने कुरा प्रस्तुत भएको देखिन्छ । मान्छेको कृतहन स्वभावलाई यसमा यसरी प्रकट गरिएको छ ।

निठुर छ, पाषाण छ,
कोलाहल नै कोलाहलले भरिएको मेरो जीवन छ
विदग्ध छ, वितृष्ण छ घातप्रतिघातको चोटले
ममाहित भएको मेरो जीवन छ ।

यसरी कवि उपाध्यायले यस कवितामा जीवन धान्न कठिन भएको यथार्थलाई जीवन्त प्रस्तुत गरेका छन् र सहानुभूति प्रकट गर्ने मान्छेहरूसँग संघर्षको पोको दिएर जाओ यी सबै उनका लागि अमर हुनेछन् भनेर तिख्खर अभिव्यञ्जनापूर्ण अभिव्यक्ति प्रस्तुत गरेका छन् ।

११. 'उच्छ्वास' कविता

उच्छ्वास कवितामा कवि हृषीकेश उपाध्यायले कसैको सम्झनामा आत्म विभोर भएर मधुरो स्मृति रेखा कोर्ने प्रचेष्टा गरेका छन् । पूर्व दीप्तिमा स्मृतिलाई जीवन्तता दिएका छन् । वेदनाका उच्छ्वासहरू प्रिये सम्बोधनका साथ पोखेका छन् र पीडाका मूर्त विम्व उत्तारेका छन् । विप्रलम्ब श्रृङ्गार छताछुल्ल भएर पोखिएको छ ।

यो क्रुर दुनियाँ छ प्रिये !

यहाँ धेरैको हृदय छैन

कसैको आग्रहले भरिएको अर्थ

कसैले बुझ्दैन

यसरी यस कवितामा एउटा प्रेमिकाले प्रेमीलाई प्रेमप्रस्ताव राख्छे तर प्रेमीले स्वीकार गर्दैन । तर पछि आफ्नै व्यवहारमा पछुताएर पुनः प्रेमिका समक्ष वेदना पोखेको पाइन्छ । यस्तै प्रस्तुत कविताले प्रेमी र प्रेमिकाको मन नमिलिकन कुनै पनि कार्य सम्पन्न हुन नसक्ने कुरा बताइएको पाइन्छ । सरल तथा सहज भाषाशैलीका कारण कविता उत्कृष्ट बनेको छ ।

१२. 'तीन टुक्रा' कविता

तीन टुक्रा कविता शीर्षक अनुसार नै तीन भागमा छुट्याइएको छ । यसको पहिलो टुक्रामा स्वार्थ परायणताको संकीर्ण जालोमा परेपछि अध्याँरोमा अल्मलिनु रुमल्लिनु पर्दछ भन्ने भाव व्यक्त छ । दोस्रो टुक्रामा देश निर्माणका निम्ति निस्वार्थ सेवा भावयुक्त अगुवाको प्रेरणा जस्तै, थकित श्रमिकलाई चौतारो चाहिए जस्तै भोकालाई खाजा र विरामीलाई औषधी चाहिए जस्तै केही भन्दा पनि केही चाहिन्छ भन्छन् कवि तर त्यो केही अमूर्त छ । तेस्रो टुक्रामा आकार विहीन कल्पनाले साकार हुन आधार चाहिन्छ । स्वार्थलाई त्यागेर जतिसुकै बाधा व्यवधान परे पनि सत्यको पक्षमा प्रयत्नशील रहे एक दिन देश आदर्श बन्न सक्छ भन्ने भाव व्यक्त छ ।

साकार हुनुभन्दा पहिले कल्पनाको आकार हुँदैन

कल्पनाको पनि कहिलेकाही आधार हुँदैन

तर ....... तर ........ सत्य प्रयत्नशीलको संयोग परेपछि

स्वार्थलाई आमूल मिल्काएर अगाडि बढेपछि

जतिसुकै विघ्नवाधा र संकटै किन नआइपरुन

एक दिन न एक दिन देशले आदर्श नवनी हुँदै हुँदैन ।

यसरी यस कविताको भाषाशैली सरल तथा सरस रहेको छ । तत्सम तद्भव तथा आगन्तुक शब्दको प्रयोग गरिएका छन्दमुक्त गद्यलयको प्रयोग गरिएको छ ।

१३. 'विवशता समाधान' कविता

यस कवितामा कविले आफू भित्रै विवशता पालेर बाँच्नु पर्दा कवि अप्ठेरो परेको अनुभव गर्छन् । हाँसेर बाँच्ने मन हुँदाहुँदै असत्यलाई स्वीकारेर अचेतन अवस्थामा नै रहनु पर्ने परिवेश छ । नैतिकता र आदर्शका फोस्रा अलापहरू सुन्नु पर्छ तर हामीले हाम्रो श्रम माथि विश्वास गरेर हामी सबैले मिलेर बाँच्न पाउनु पर्छ भन्ने भाव व्यक्त गरिएको छ ।

म पनि त धरतीको एउटा विरुवा हुँ

मलाई पनि त अरु विरुवा झैं सप्रेर

बाँच्न मन लाग्छ

कति सुन्नु पर्छ अझै मलाई

बहिरिसकेका कानका प्वालहरूबाट

विवशता बोकेर

यसरी सरल भाषाशैलीमा लेखिएको यस कवितामा कविले आफू मानव भएर पनि हाँसेर बाँच्न नसकेको विवशतालाई व्यक्त गरेका छन् । आफूलाई सबै ठाउँबाट अप्ठ्यारो मात्र भएको र सहज वातावरणको निर्माण गर्न श्रमका थोपाहरूलाई सँगालेर बाँच्नु परेको विवशताप्रति व्यङ्ग्य गरेका छन् ।

### ४.३.१ निष्कर्ष

कवि हृषीकेश उपाध्यायको कलम काव्य विधामा निक्कै उर्वर देखिन्छ । उपाध्यायका बगैंचा कविता सङ्ग्रह तथा धरतीको वारिस भएर कविता सङ्ग्रह भित्र सङ्कलित फुटकर कविताहरूको संक्षिप्त अवलोकन गर्दा साहित्यकार उपाध्यायले आफ्नो कथ्यलाई सरल ढङ्गले इमान्दारी पूर्वक प्रस्तुत गर्ने जमर्को गरेको पाइन्छ । यी कविताहरू २०१३ सालदेखि २०६५ साल सम्मका कविता खारिएका अनुभवहरू र सिद्ध विचारहरू सङ्कलित भएका छन् । उनका कवितारूले समाजमा छरपष्ट भएर छिरोलिएका रतिगात्मक प्रेमको अभिव्यक्ति दिंदै प्रेमभाव र प्रकृतिको सुन्दरतामा मोहित गराएका छन् । गद्य र पद्य दुवै लय विधानलाई अँगालेर लेखिएका उनका कवितामा अलङ्कार विम्व प्रतीकहरूको प्रचुर प्रयोग गरेका छन् । प्रकृति र जीवनको बीच कविले सहचार्य अनुभव गरेका छन् । विराट प्रकृतिको अवलोकनबाट जीवनलाई सुन्दर बनाउने चेतना धमिलो भेटाइन्छ । प्रणयमूलक देश भक्तिको केही झलक पनि झल्किएको पाइन्छ । कवि उपाध्यायको प्रथम चरणको काव्य साधनाको प्रवृत्ति प्रकृति प्रेम र नारी प्रेमको अति कोमल भाव सौन्दर्यमा रमाएको देखिन्छ । केही कवितामा धर्मभीरू नेपाली मानिसकताको सहज अभिव्यक्ति छ भन्न सकिन्छ । श्रमजिवी वर्गप्रति सहानुभूति प्रकट भएता पनि सर्वहारा वर्गीय दृष्टिकोण स्पष्ट छैन । भविष्यको जीवनप्रति आशा र आस्था वा भरोसाका भावनाहरू छन् भन्न सकिन्छ ।

## ४.४ 'सरला' (सामाजिक) काव्यको अध्ययन

### ४.४.१ काव्यको संरचना

यो सामाजिक काव्य २०१३ देखि २०१५ साल भित्रमा लेखिए पनि २०६० मा मात्र यसले प्रकाशित हुने सुअवसर पाएको देखिन्छ । यस काव्यमा दश सर्ग रहेका छन् । प्रत्येक सर्गमा समान श्लोक नरही कुनैमा लामा र कुनैमा छोटा रहेका छन् ।

सबै भन्दा लामो श्लोक संख्या एक सय एक र सबै भन्दा छोटो श्लोक संख्या सत्ताईस हो ।

यस काव्यले पूर्वीय सिद्धान्त अनुसार सर्गन्तिमा छन्द परिवर्तन गर्ने नियमलाई परिपालन गरेको देखिन्छ । छन्द परिवर्तन गर्दा कतै स्रग्धरा कतै मन्दाक्रान्ता र कतै शार्दूल विक्रीडित छन्द प्रयोग भएका छन् । प्राय सबैतिर दुई श्लोकको एक पंक्ति रहेको छ भने सर्गान्तमा चाहिँ चार पंक्तिको एक श्लोक रहेको छ । यस काव्यको श्लोक सङ्ख्यालाई निम्नानुसार देखाउन सकिन्छ ।

| सर्ग | श्लोक संख्या |
|---|---|
| पहिलो | ४९ |
| दोस्रो | १०१ |
| तेस्रो | ८९ |
| चौथो | ३९ |
| पाँचौ | ५७ |
| छैटौं | ४३ |
| सातौं | ४० |
| आठौ | ५० |
| नवौं | २७ |
| दशौं | ३७ |

### ४.४.२ काव्यको कथावस्तु

‘सरला’ काव्यको कथावस्तु प्रसिद्ध नभई उत्पाद्य कथावस्तु हो । यस काव्यमा नायकको रूपमा नरेन्द्र र नायिकाको रूपमा ‘सरला’ रहेका छन् । नायक निम्न वर्गको छ भने नायिका उच्च वर्गको छ ।

तारापतिको घरमा विष्णुपुराण लगाएको हुन्छ । यही मौकामा नरेन्द्र र सरलाको देखादेख हुन्छ । यो नै यस काव्यको आरम्भ भाग हो । यसपछि दुवैजना एक अर्कालाई

मन पराउन थाल्छन् । उनीहरूको सम्बन्ध नजिकिँदै जान्छ । अनुकूल वातावरण मिलाएर दुवैजना वाग्मतीको किनारमा भेट गर्छन् । आफ्ना-आफ्ना मनका कुराहरू साटा साट गर्छन् । उनीहरू एकको अभावमा अर्को बाँच्न नसक्ने अवस्थामा पुग्छन् । यहाँसम्म यस काव्यको विकास अवस्था हो ।

उनीहरूको प्रेमको कुरा बाबुआमाले थाहा पाएपछि सरलालाई नियन्त्रणमा राखिन्छ । उनलाई अर्कै उच्च वर्गको केटो खोजेर विवाह गरिदिने तयारी गरिन्छ । बाबुआमाको यो कुरा सरलाले थाहा पाएपछि अनेक अनुरोध गर्दा पनि केही उपाय चल्दैन । नरेन्द्रले पनि थाहा पाउँदा यसका विरुद्ध आवाज उठाउन सक्दैन । अन्तमा सरलाको अर्कै केटोसँग विवाह भएर काव्य वियोगमा टुङगिन्छ ।

### ४.४.३ काव्यको पात्रविधान

यस काव्यमा प्रस्तुत पात्रहरूलाई प्रमुख सहायक र गौण गरी छुट्याएर अध्ययन गर्न सकिन्छ । प्रमुख पात्रको रूपमा नरेन्द्र र सरला रहेका छन् । सहायक पात्रको रूपमा सरलाका बाबुआमा रहेका छन् भने गौण पात्रको रूपमा पुराणमा भेला भएका व्यक्ति, जन्तीहरू आदि रहेका छन् ।

नरेन्द्र र सरला यस काव्यका प्रमुख पात्र रहेका छन् । उनहिरूको अभावमा यो काव्य अपूरो देखिन्छ । यिनीहरू यस काव्यका अनुकूल पत्रको रूपमा रहेका छन् किन भने कसैको प्रतिकूल हुने काम गरेको देखिन्दैन । आसन्नताको आधारमा मञ्चनीय छन् । जीवन चेतनाको आधारमा व्यक्तिगत पात्रको रूपमा रहेका छन् । यिनीहरूले जति पनि क्रियाकलाप गरेका छन् ती सबै आफ्नो स्वार्थको लागि गरेका छन् ।

सरलाका बुबा र आमा यस काव्यका सहायक पात्रका रूपमा रहेका छन् । यिनीहरूले काव्यको कथा वस्तुलाई अघि बढाउने क्रममा सहयोग गरेका छन् । सरलाका बुबा र आमा प्रतिकूल पात्रका रूपमा रहेका छन् किन भने नरेन्द्र र सरला बीचको प्रेमलाई भत्काउने काम गरेका छन् । आसन्नताको आधारमा बद्ध पात्रको रूपमा रहेका यी पात्रहरू आवद्धताको आधारमा मञ्चनीय छन् । जीवन चेतनाको आधारमा व्यक्तिगत पात्रको रूपमा रहेका छन् । यिनीहरूले जति पनि कार्य गरेका छन् ती सबै आफ्नै स्वार्थको लागि मात्र गरेका छन् ।

पुराणमा भेला भएका व्यक्ति, जन्तीहरू आदि यस काव्यको गौण पात्रको रूपमा रहेका छन् । यी पात्रहरू नहुँदा पनि काव्यमा कुनै किसिमको असर पर्दैन् । यिनीहरू अस्थिर छन् । यस्ता अस्थिर पात्रहरू काव्यमा झुल्कदै-अस्ताउँदै गरेको देखिन्छ ।

### ४.४.४ काव्यको परिवेश

नेपालका विभिन्न नदी, नाला, ग्राम्य समाज सामाजिक-सांस्कृतिक परम्परा, जनताको आर्थिक स्थितिलाई समेत परिवेशको रूपमा यस काव्यले लिएको छ । यो काव्यको समय २०१३ साल देखि २०१५ सालसम्म रहेको छ । त्यो समयमा धनी र गरिव बीचको दूरी कति टाढा हुँदो रहेछ र धनीले गरिवलाई कस्तोसम्म चपेटामा पारेर उनीहरूको जीवनलाई नै चकनाचुर पार्दा रहेछन् भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।

कहिले रात नै वित्थ्यो हरियो फाँटमा बसी

कहिले वित्तथ्यो सारा नदीको तटमा दिन ।

### ४.४.५ काव्यको उद्देश्य

एउटा मानिसले अर्को मानिससँग प्रेम गर्न सक्छ, त्यो प्रेममा कुनै पनि किसिमको भेद्भाव रहँदैन भन्ने प्रगतिशील भावना यस काव्य मार्फत कविले व्यक्त गरेका छन् । त्यस्तै बाबु आमाले छोराछोरीको विषयमा निर्णय गर्दा उनीहरुको सल्लाहअनुसार गर्नु पर्छ भन्ने भावना पनि व्यक्त भएको पाइन्छ ।

### ४.४.६ काव्यमा द्वन्द्व प्रयोग

छन्दप्रयोगको आधारमा यस काव्यलाई विचार गर्दा अधिकांश अनुष्टुप छन्दमा रचना भएको छ भन्ने सर्गान्तिमा छन्द परिवर्तनको नियमलाई अङ्गीकार गरिएको छ । यसरी छन्द परिवर्तन गर्दा कतै मन्दाक्रान्ता कतै शार्दूलविक्रीडित आदि रहेको देखिन्छ । अनुष्टुप छन्दको उदाहरणको रूपमा निम्नश्लोकलाई लिन सकिन्छ ।

कालो धन सरी रात्री कृष्णा पाक्षिकको थियो

जूनकीरिहरू सारा तार जस्ता झलल्लल ।

४.४.७ काव्यको रसप्रयोग

करूणरस अङ्गीरस रहेको यस काव्यमा अङ्ग रसको रूपमा शृङ्गार रहेको छ । अङ्ग रसले अङ्गी रसलाई वा शृङ्गार रसले करुण रसलाई पारिपाकमा पुऱ्याउन महत्वपूर्ण योगदान गरेको छ । नरेन्द्र र सरलाको प्रेम हुनु वाग्मतीको किनारमा भेट हुनु, एकको अभावमा अर्को बाँच्न नसक्ने अवस्थामा पुग्नु जस्ता घट्ना शृङ्गार रसका उदाहरण हुन् । दुईजनाको प्रेमसम्बन्ध थाहा पाएपछि सरलाका बाबुआमाले अर्कै केटो खोज्ने तयारीमा लाग्नु, सरलाले थाहा पाएपछि अनेक आग्रह गर्नु नरेन्द्रले यो कुरा थाहा पाउँदा समेत यसको विरूद्धमा आवाज उठाउन नसक्नु जस्ता प्रसङ्ग करूण रस सिर्जना गर्न अग्रसर छन् ।

अन्तमा दुवैजनाको घनिष्ट प्रेम हुँदाहुँदै पनि सरलाको अर्कै केटासँग विवाह गरिएकाले यो सामाजिक काव्यमा करूण रसको परिपाक भएको देखिन्छ ।

घरी हाँस्नु घरी रूनू दिनचार्या नरेन्द्रको
हुँदै गयो हराएका मणि झैं सर्पको गति ।

४.४.८ काव्यको भाषाशैली

प्रस्तुत काव्यको भाषाशैली सरल तथा सहज रहेको छ । तत्सम, तद्भव तथा आगन्तुक शब्दको पनि प्रयोग देखिन्छ । यो काव्य सामान्य व्यक्तिदेखि लिएर उच्च वर्गका व्यक्तिसम्मका लागि उत्तिकै महत्वपूर्ण रहेको छ । यस काव्यमा जटिल शब्दका साथै नयाँ-नयाँ प्रतीक र विम्वको प्रयोग गरेको देखिदैन । त्यस कारण यो काव्य बुझ्नको लागि कुनै किसिमको कसरत गर्नु नपर्ने देखिन्छ ।

४.४.९ निष्कर्ष

सरला सामाजिक काव्य २०१३ देखि २०.१५ साल भित्रमा लेखिएको यो काव्यले २०६० सालमा मात्र प्रकाशित हुने अवसर प्राप्त गरेको देखिन्छ । यस काव्यमा पूर्वीय सामाजिक काव्यका केही पक्षलाई अङ्गीकार गरिएको देखिन्छ भने केही पक्षलाई अङ्गीकार गरेको देखिदैन । आख्यान र कवित्वको सन्तुलन नै यो काव्यको महत्वपूर्ण पक्षको रूपमा रहेको छ ।

यो काव्य सामाजिक घट्ना वृत्तमा आधारित सामाजिक चेतनाकै एक विशिष्ट उद्गार हो र सामान्ती संस्कारद्वारा प्रताडित आफ्नो स्वतन्त्रता र स्वयत्तता गुमाएकी नारीको कथा हो । कवि उपाध्यायले शोषित दमित समाजको मर्मलाई विवेकहीनता र विसमतालाई नङ्ग्याउने र व्याङ्ग्यात्मक प्रहार गर्ने सार्थक प्रयास गरेका छन् । सहज संवेध सरल भाषा शैलीमा परिष्कृत प्राञ्जल अभिव्यक्ति छ । दश सर्गको काव्यमा दश भन्दा बढी नै छन्दहरूको प्रयोग भएको छ । प्रेम प्रीतिका भावनाहरू अत्यन्त शिष्ट शालीन र मर्यादाका साथ प्रस्तुत भएका छन् । प्रकृतिको वर्णनमा राष्ट्रिय सौन्दर्यको अभिव्यञ्जना लयात्मक संवेदनाले मधुर लाग्दछ । विचार भन्दा कलाको सौन्दर्य प्रभावकारी रहेको पाइन्छ । कवि उपाध्यायको प्रस्तुत काव्यमा राष्ट्रियताको भावना र सामन्ती उत्पीडनका विरुद्ध मुक्तिको चाहना मुखरित छ भन्न सकिन्छ । अमानवीय व्यवहारका विरूद्ध सामाजिक न्याय र मानवीय मूल्यलाई अगाडि सारेको देखिन्छ । कविताहरूमा भन्दा काव्यात्मक अभिव्यक्ति र वस्तु सँगठनका साथै संरचनात्मक पक्षमा कवि निकै सफल छन् ।

यसरी एउटा मानवले अर्को मानवलाई प्रेम गर्न सक्छ, त्यसमा कुनै पनि किसिमको अङ्कुश लगाउन नहुने प्रगतिशील भावनालाई यसमा प्रस्तुत गरिएको देखिन्छ । सरला काव्य कवि हृषीकेश उपाध्यायको सफल काव्य हो भन्न सकिन्छ ।

***

# पाँचौ परिच्छेद

## उपसंहार

वि.सं. १९८८ सालमा स्व पिता दुर्गाप्रसाद उपाध्याय र स्व. माता बेदकुमारी उपाध्यायको तेस्रो सन्तानको रूपमा स्व. डाक्टर हृषीकेश उपाध्यायको जन्म भएको थियो । पाल्पामा जन्मिएर बाल्यकाल महोत्तरीमा वितासका डा.हृषीकेश उपाध्यायको कर्मथलो झापाको भद्रपुरमा रह्यो । संस्कृत शिक्षाबाट आफ्नो अध्ययन शुरु गरेका उपाध्यायले मध्यमाको परीक्षा उत्तीर्ण गरेपछि २००८ सालमा बनारस गएर आयुर्वेदको अध्ययन गरी २०१२ सालमा एम.बी. एम. एस. डाक्टरी उपाधि प्राप्त गरेका छन् । २०१३ साल देखि चिकित्सा पेशा अपनाएर भद्रपुरमा सेवा सुरु गरेका उपाध्याय अनेक मानसिक पीडाका बीचमा पनि उनका व्यक्तित्वका विभिन्न पाटाहरु फक्रिँदै गरेको पाइन्छ । हुर्किएर पखेटा लागेका छोराछोरी फर्किएर आएनन् साथैमा बसेका भाइ र श्रीमती सधैका दीर्घ रोगी, डाक्टरी जस्तो संवेदनशील पेशाका बीचमा पनि सामाजिक, राजनैतिक साहित्यिक पत्रकारिता आदि क्षेत्रमा व्यक्तित्वको विकास गर्नु समाज देश र साहित्यको निम्ति गहकिलो योगदान पुऱ्याउनु जो कोहीबाट सम्भव हुँदैन जुन कुरा डा उपाध्यायबाट भयो ।

२०१३ सालदेखि आफ्नो जीवनको अन्तिम अवस्थासम्म भद्रपुरको भानुनगरमा बसेर प्राइभेट रूपमा उनले रोगीहरुको सेवा पुऱ्याउँदै आएका थिए । जुनसुकै समयमा पनि रोगीको उपचारमा तत्पर रहनु रोगीहरुसँग मीठो बचन र असल व्यवहार गर्नु रोगीका रोग को सही पहिचान गरी निदान गर्नु उपचारको नाउँमा व्यापार नगर्नु कम भन्दा कम एनटिवाइटिक र पेनकीलर प्रयोग गर्नु आदि डा. उपाध्यायका पहिचान र विशेषता हुन् । डा. उपाध्यायलाई भद्रपुरका सम्भ्रान्त परिवारका पारिवारिक डाक्टर भनेर पनि मान्छेहरु भन्ने गर्थे । भद्रपुरका धेरै मान्छेहरुले उनलाई बच्चाहरुका डाक्टर थिए भनेर स्मरण गरेको पाइन्छ । अझ धेरै मानिसहरुले उनलाई आफूलाई पुनर्जन्म दिने व्यक्ति भनेर सम्मान गरेको पनि पाइन्छ ।

डा. उपाध्यायलाई राजनैतिक व्यक्तित्वका रुपमा पनि चिनिन्छ । मार्क्सवादी बिचार बोकेका उपाध्याय २०१७ सालको घटनापछि पञ्च बनेर २०२१ सालमा भद्रपुर नगर पञ्चायतका प्रधानपञ्च २०३६ सालमा युवक सँगठनका सचिव २०४० सालमा पञ्चायत नीति जाँजबुझ समितिका सदस्य गाउँफर्क समितिका सल्लाहाकार हुँदै २०४६ सालदेखि

पुनः नेपाल कम्युनिष्ट पार्टी संयुक्तका केन्द्रीय सदस्यका रुपमा पनि सक्रिय रहेको पाइन्छ । उनका राजनीति सम्बन्धी चिन्तन विचार परक लेखहरु पनि विभिन्न पत्रपत्रिकामा छरिएर पढ्न पाइन्छ ।

चिकित्सक पारिवारिक राजनैतिक व्यक्तित्वका अतिरिक्त डा. उपाध्याय जिल्लाका थुप्रै सामाजिक साहित्यिक संस्था शैक्षिक सरकारी तथा गैर सरकारी संस्थाहरुमा आवद्ध रहेर काम गरेको पाइन्छ । पञ्चायत, कस्तुरी सहयोग आदि जस्ता पत्रिकाहरुको सम्पादन गर्न समेत उपाध्यायले भ्याएका थिए । विभिन्न पुस्तकालयहरुको निर्माण अस्पताल निर्माण संचालन आदि जस्ता समितिमा बसेर सेवामूलक कार्य गर्न पनि उनीपछि परेका थिएनन् । उपाध्यायका विविध पाटामध्ये यस लेखमा विशेष गरी साहित्यिक पाटो उजागर गरिएको छ । उनले नेपाली साहित्यलाई आधा दर्जन भन्दा बढी कृतिहरु प्रदान गरेको पाइन्छ । उनका कृतिहरुको विधागत विविधतालाई हेर्दा उनी नेपाली साहित्यका बहुमुखी प्रतिभाकै रुपमा स्वीकार गर्न सकिन्छ । उनका प्रकाशित कृतिहरुमा 'बगैचा' (२०२०) धरतीको वारिस भएर (२०३५) कविता सङ्ग्रह सरला (२०६०) सामाजिक काव्य, केही श्रष्टा द्रष्टाको दृष्टिमा (२०५६) कृतिकारका अनुहारलाई कृतिभित्र पर्गेल्दा समालोचना सङ्ग्रह, प्रस्थान विन्दु (२०५९) निबन्ध सङ्ग्रह पुस्तककार कृति हुन् भने धेरै फुटकर रचना समालोचना र निबन्धात्मक लेखहरु विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् ।

साहित्यकार हृषीकेश उपाध्याय समाजमा रहेका अन्धविश्वास विकृति र विसङ्गत परिवेश माथि क्रान्तिकारी सुधार चाहन्थें । उनी आफ्नो पेशा र साहित्य लेखन वाहेक फुर्सदका क्षणहरुलाई समाज सेवाका विविध क्षेत्रमा लगाउँथे । उनको सामाजिक क्षेत्रमा नेतृत्वदायी भूमिका रहेको थियो । खासगरी उपाध्याय मार्क्सवादी बिचार धाराबाट प्रभावित भएर साहित्य लेख्ने गरेको पाइन्छ । यी बिचार वा मान्यता उनको साहित्यमा कुनै न कुनै माध्यमबाट प्रस्तुत भएका देखिन्छन् भने न्यून संख्यामा रहेका केही रचनामा फ्रायडीय मनोविज्ञानको पनि प्रभाव रहेको देखिन्छ ।

उच्च शिक्षाका लागि बनारस पुगेका हृषीकेश उपाध्याय हाम्रो स्वास्थको आधार नामक निबन्धात्मक लेख प्रकाशन गराउँदै साहित्य यात्रामा अघि बढेको पाइन्छ । लेखनाथ पौड्यालको 'पिंजडाको सुगा' बालकृष्ण समको आगो र पानी खण्डकाव्य र महाकवि

लक्ष्मीप्रसाद देवकोटाका रचनाहरुबाट अझ प्रभावित भई साहित्यका सबै विधाहरुमा कलम चलाउन थालेको र सक्षम भएको अनुभूति हुन्छ ।

यसरी साहित्यका विधाहरु कविता, कथा, निबन्ध हुँदै शुरु भएको उपाध्यायको साहित्य यात्राले उनलाई निवन्धकार, कवि, कथाकार समालोचक, सम्पादक प्रगतिवादी लेखक आदि विविध रूपमा उभ्याएको छ । समाजमा देखेका भोगेका घटेका र अनुभव गरेका यथार्थता नेपाली जनजीवनका सुखःदुःख र कथा व्यथालाई साहित्यमा उत्तार्ने उपाध्यायका लेखनमा मानवीय समाजमा घटेका घटनाहरु नै प्रतिविम्बित भएर आउाछन् । मानवीय पीडाका सजीव चित्रण आत्मपरक ढंगबाट अभिव्यक्त गरेको पाइन्छ ।

नेपाली साहित्यको सिर्जनामा क्रियाशील उपाध्यायको योगदानलाई कदर गर्दै विभिन्न सामाजिक सङ्घसंस्थाहरुले उनलाई विभिन्न पुरस्कार प्रशंसा-पत्र तथा कदर-पत्रहरुले सम्मान गरेको पाइन्छ । साहितयकार उपाध्यायका विविध व्यक्तित्व र उनका कृतिहरु हेर्दा साहित्यका सबै जसो विधाहरुमा कलम चलाएर उनले नेपाली साहित्यको श्रीवृद्धिका लागि महत्वपूर्ण कार्य गरेको पाइन्छ । मुक्त लेखनका माध्यमबाट सामाजिक यथार्थ प्रस्तुत गर्नु विकृति विसङ्गतिहरुप्रति व्यङ्ग्य विद्रोही दृष्टि राख्नु जीवन जगतलाई प्रगतिशील ढङ्गले नियाल्नु सरल र सहज भाषामा गम्भीर जीवनदर्शन प्रस्तुत गर्नु पूर्वीय र पाश्चात्य साहित्यमा देखा परेका जीवन्त धारा प्रवृत्तिहरूलाई आफ्नो लेखनमा प्रयोग गर्न खोज्नु त्यस्तै निष्पक्ष दृष्टिकोण, शोषण र समान्ती वर्गको भण्डाफोर, अध्ययन विश्लेषणको सूक्ष्मता अन्वेषणात्मक प्रवृत्ति आदि उनका कृतिहरुमा पाइने विशेषताहरु हुन् ।

त्यस्तै गरी देश र जनताप्रतिको दायित्वलाई साहित्यकारको प्रतिवद्धता मान्नु प्रगतिवादी स्वर सन्धानलाई उत्कृष्ट मान्नु साहित्य सरल सुबोध र ग्रामीण जनताले आत्मसात गर्न सक्ने साधारणीकृत हुनु पर्छ भन्ने कुरामा जोड दिनु उनको अर्को विशेषता देखिन्छ । सिद्धान्तः प्रगतिवादको आकाङक्षा देखिए पनि त्यसलाई व्यवहारमा लागू गर्न समर्थ देखिदैनन । ऐतिहासिक द्वन्द्वात्मक भौतिकतावादी बिचारको आंशिक समर्थन अर्न्तवस्तु र रूप एवम् प्रगतिवादी मान्यताको स्वीकार नदेखिनु परम्पराको मूल्याङ्कनमा मार्क्सवादी दृष्टिकोणको अभाव नवीनताप्रति र अध्यात्मिकताप्रतिको अस्पष्ट धारणा साहित्यको वर्गीय प्रकृतिप्रति ख्याल नराखी भाषा र साहित्यको प्रशंसा र सिद्धान्तप्रतिको वेवास्ताले गर्दा

उनलाई प्रगतिवादी समालोचक भनिहाल्न दिदैन तापनि प्रगतिवाद उन्मुख प्रगतिशील लेखका रूपमा लिनु उचित हुन्छ ।

साहित्यकार कवि हृषीकेश उपाध्यायका दुईवटा कविता सङ्ग्रहहरु एक सामाजिक काव्यवाहेक विभिन्न फुटकर कविताहरु विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको पाइन्छ । यी कविताहरुको अध्ययन गर्दा उपाध्याय २०१३ साल देखि जीवनको अन्तिम कालखण्डसम्म निरन्तर कलम चलाई राखेका मानवतावादी प्रगतिवादी कविका रुपमा प्रस्तुत भएका छन् । उनका अधिकांश कविताले समाजमा छरपष्ट भएर छिरोलिएका रतिरागात्मक प्रेमको अभिव्यक्ति दिदै प्रेमभाव र प्रकृतिको सुन्दरतामा मोहित भएका छन् । गद्य र पद्य दुवै लयविधानलाई अँगालेर लेखिएका उनका कवितामा अलङ्कार विम्व प्रतीकहरुको प्रचुर प्रयोग गरेका छन् । सर्वसाधारणले बुझ्न सक्ने सरल भाषाको प्रयोगले कविता सम्प्रेष्य बनेका छन् । उनको कवित्व भावुकता र बैचारिकताको दोभानमा उकुसमुकस बन्दै रुमल्लिरहेको र मूर्त बन्न नसकेको अनुभव हुन्छ । विषयवस्तुलाई भन्दा रुपतत्वलाई प्रमुखता दिने प्रणालीबाट कवि बढी प्रभावित रहेको देखिन्छन् । बौद्धिक आकर्षण भन्दा आवेगात्मक आकर्षणका निम्ति तिनको वर्गीकरण आवश्यक हुन्छ र यो काम निकै जटिल र कठिन पनि छ । कवि उपाध्यायका समग्र कवितात्मक अभिव्यक्ति र प्रवृत्तिलाई नियाल्दा कैयौं कविता यी सबै थरीका भाव चेतनाका सम्मिश्रण जस्ता लाग्छन् । तापनि स्वच्छन्दतावादी प्रवृत्तिका विपरित प्रकृतिलाई श्रेष्ठ देखाउने भन्दा मानवलाई उच्च आसनमा प्रतिष्ठित बनाउने चाहना नै प्रवल रहेको देखिन्छ । विश्वास, आग्रह, उच्छवास, मेरो जीवन केही मुक्त केही टुक्रा कविताहरुबाट एक अनुपस्थित नारी व्यक्तित्वप्रति अनुराग व्यक्त गरिएको छ र नारी विम्बका रुपमा उपास्य भएको भाव अभिव्यक्ति छ भन्न सकिन्छ । श्रमजिवी वर्गप्रति सहानुभूति प्रकट भएता पनि सर्वहारा वर्गीय दृष्टिकोण स्पष्ट छैन । भविष्यको जीवनप्रति आशा र आशय वा भरोसाका भावनाहरु छन् भन्न सकिन्छ ।

काव्य जगतमा बढी बिचलन गर्न रुचाउने कवि उपाध्याय फुटकर कवितामा मात्रै सीमित नरही उनले कविताको मझौला यात्रा ‘सरला’ सामाजिक काव्यबाट सुरु गरेका छन् । यस काव्यमा आख्यानको सवल थाङग्रो हालेर उनले अनुभूतिको विस्तार यात्रा गरेका छन् । आख्यान र अनुभूतिको सुन्दर सन्तुलनले खण्डकाव्य उत्कृष्ट बन्न पुगेको छ । सरला काव्यभित्र ठाउँ-ठाउँमा उपाध्यायले कविता लेखे भन्नुभन्दा पनि उनलाई कविताले टिपेर

लगेको प्रतीत हुन्छ । काव्यत्मक शैली परिष्कार र  परिमार्जनले मात्रै होइन यस काव्यमा प्रगतिवादी बिचारको तिखर अभिव्यक्तिले वजन बढाएको छ । वर्गीय द्वन्द्वमार्फत मार्क्सवादी चेतनाको अभिव्यक्ति पनि यस काव्यले गरेको छ । यस काव्यका ५५३ श्लोकलाई १० वटा सर्ग र ७१ पृष्ठको संरचनामा ढालेर अनुभूतिको विस्तार यात्रा उपाध्यायले पूरा गरेका छन् । यस काव्य भित्रको सीप प्रविधि, अनुभूतिको विस्तार, आख्यान र अनुभूतिको सन्तुलन काव्यात्मक उचाई विभिन्न छन्दको प्रयोग, करूण रसको परिपाक जस्ता कुरालाई नियाल्दा 'सरला' लाई लघु सामाजिक काव्यको रुपमा स्वीकार गर्न सकिन्छ । सम्पत्ति र कूलीनताको आडम्बर भन्दा स्वच्छ मानवीय मन नै ठूलो कुरो हो भन्ने निष्कर्ष काव्यले निकालेको छ । उपाध्यायको यो काव्य प्रगतिशील विचार भएको उच्च कोटिएको सामाजिक काव्यको रुपमा आएको छ ।

डाक्टर साहित्यकार, समाजसेवी, पत्रकार राजनीतिज्ञ आदि विविध व्यक्तित्वको विकास गरेका उपाध्यायको साहित्य एउटा पाटो हो । साहित्यमा पनि कथा कविता, निबन्ध, समालोचना आदि जस्ता विधामा कलम चलाउने उपाध्याय नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । आधुनिक नेपाली साहित्यका विभिन्न धाराहरुलाई अगाल्दै साहित्य साधना गर्ने उपाध्यायले सातवटा कृतिको प्रकाशन र त्यत्ति नै संख्यामा प्रकाशोन्मुख कृतिको सिर्जना गर्नु उनको साहित्यप्रतिको तपस्याको फल हो । उपाध्याय साहित्यका कविता तथा समालोचनाका क्षेत्रमा बढी सफल छन् । आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी प्रगतिवादी धारादेखि समसामयिक धारासम्म नै उनका कविताहरुले फस्टाउने अवसर पाएको देखिन्छ । उपाध्याय नेपाली साहित्यको राष्ट्रिय स्तरमै स्थापित प्रगतिवादी साहित्यकार हुन् भनेर भन्न सकिन्छ । यहीनै साहित्यकार डा. उपाध्ययको मूल्याङ्कन हो ।

कवि हृषीकेश उपाध्यायका बारेमा भविष्यमा अरु पनि अध्ययन अनुसन्धानका सम्भावनाहरु रहेका छन् । यस शोध पत्रमा सबै पक्षको विवेचना र विश्लेषण सम्भव छैन, अतः भविष्यमा यसको अरुशोध गर्ने शोद्यार्थीहरुका निम्ति विचारार्थ केही प्रस्ताव अघि सार्न उपयुक्त हुने ठानिएको छ । यिनको कृतित्वलाई हेर्दा भविष्यमा निम्न अनुसारको शीर्षकमा थप शोध कार्य गर्न  सकिने सम्भावना देखिन्छ ।

**सम्भाव्य शोध शीर्षकहरु**

१. उपाध्यायका कथाहरुको अध्ययन तथा मूल्याङ्कन

२. उपाध्यायका फुटकर कविताहरुको अध्ययन, विश्लेषण र मूल्याङ्कन

३. पत्रकारिताक्षेत्रमा डा. हृषीकेश उपाध्यायको योगदानको मूल्याङ्कन

***

# सन्दर्भग्रन्थसूची


१. अधिकारी, हेमाङ्गराज र अन्य (सम्पा), **प्रयोगात्मक नेपाली शब्दकोष**, काठमाण्डौः विद्यार्थी प्रकाशन, २०६१ ।

२. उपाध्याय, हृषीकेश, **प्रस्थानविन्दु (विविध रचनाहरूको सङ्ग्रह)**, काठमाण्डौः श्रीमती सुमित्रा उपाध्याय, २०५९ ।

३. उपाध्याय, केशवप्रसाद, **साहित्य प्रकाशन छै.स.** काठमाण्डौः साझा प्रकाशन, २०५८ ।

४. उपाध्याय, हृषीकेश, **बगैंचा (कविता सङ्ग्रह)**, झापाः श्रीमती सुमित्रा उपाध्याय, २०२० ।

५. चापागाई, नरेन्द्र, (सम्पा), **नेपाली शब्द भण्डार**, बिराटनगरः श्याम पुस्तक भण्डार, २०६२ ।

६. **धरतीको वारिस भएर (कविता सङग्रह)**, झापाः विवेचना प्रकाशन, २०३५ ।

७. पागल, उपेन्द्र र रेग्मी चूणामणि, **आँखा र मनका पाइलाहरु,** झापाः जुही प्रकाशन, २०६३ ।

८. पोखरेल, बालकृष्ण र अन्य, (सम्पा), **नेपाली वृहत शब्दकोष**, काठमाण्डौं: ने.रा.प्र.प्र., २०५२ ।

९. पाखरेल, भानुभक्त, **साहित्य र सिद्धान्त**, विराटनगरः श्याम पुस्तक भण्डार, २०४० ।

१०. शर्मा, मोहनराज, **दुईशब्द केही स्रष्टाः द्रष्टाको दृष्टिमा**, काठमाण्डौः सुमित्रा उपाध्याय, २०५६ ।

११. शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद, **शोध विधि दो.स.**, काठमाण्डौं: साझा प्रकाशन, २०५५ ।

१२. सुवेदी, होम, **लेखक चिनारी केही स्रष्टा द्रष्टाको दृष्टिमा** काठमाण्डौः सुमित्रा उपाध्याय, २०५६ ।

१३. **सरला (सामाजिक काव्य)** झापाः श्रमिती सुमित्रा उपाध्याय, २०६० ।

१४. त्रिपाठी ,वासुदेव र अन्य, **साझा कविता**, काठमाण्डौं: सा.प्र., २०४६ ।

१५. त्रिपाठी, बासुदेव, **नेपाली कविता भाग २,** काठमाण्डौः साझा प्रकाशन, २०४८ ।

१६.	त्रिपाठी, बासुदेव, **नेपाली कविता भाग ४**, काठमाण्डौंः साझा प्रकाशन ।

१७.	त्रिपाठी, बासुदेव र अन्य, **साझा कविता,** काठमाण्डौंः साझा प्रकाशन २०४६ ।


**पत्रपत्रिका सूची**

१.	उदासी, लीला, **स्वाधीन सम्वाद,** वर्ष-१० अङ्क-१, २०५७।

२.	उपाध्याय, हृषीकेश, क्रमसः **सन्दर्भहरूमा चहार्दा, यथार्थ कुरा,** वर्ष-१, अङ्क-७, २०५३ ।

३.	उपाध्याय, हृषीकेश **साहित्यिक सचेतना**, वर्ष २ अङ्क २, ३०६४ ।

४.	उपाध्याय, हृषीकेश **नौलो आवाज सान्तिाहिक**, वर्ष ५ अङ्क ३७, २०६५ ।

५.	उपाध्याय, हृषीकेश, नौलो आवाज वर्ष ७ अङ्क ७, २०६६ ।

६.	बराल, लोकराज, झापाको साहित्यिक उपलब्धि, युवक, वर्ष-३ अङ्क ५८, २०२१ ।

७.	रेग्मी, चूडामणि, प्रधान सम्पादक, जुही साहित्यिक त्रैमासिक, वर्ष २९ अङ्क १ डा. हृषीकेश उपाध्यायको विशेषाङ्क, २०६६ ।

८.	रेग्मी, चूडामणि, डा. हृषीकेश, उपाध्यायको साहित्यिक योगदानबारे दुईचार कुरा, स्वाधीन संवाद वर्ष-७, अङ्क -२१, २०५४ ।

९.	सुवेदी, राजेन्द्र, **आधुनिक नेपाली निबन्ध शिक्षण वाङमय,** वर्ष-१०, पूर्णाङ्क १०, २०५७/५८ ।


**अप्रकाशित शोधपत्रसूची**

(१)	सापकोटा, लक्ष्मीनारायण, हृषीकेश उपाध्यायको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन अ.प्र. स्नातकोत्तर शोध पत्र, (२०६३) त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली विभाग कीर्तिपुर ।

(२)	दहाल, कृष्णप्रसाद, डा. हृषीकेश उपाध्यायका निबन्धहरुको अध्ययन विश्लेषण र मूल्याङ्कन अ.प्र. स्नातकोत्तर शोध पत्र (२०६६) त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङकाय महेन्द्र रत्न बहुमुखी क्यामपस, इलाम ।

(३)	मुखिया, किरण, उपाध्यायका सामालोचना कृतिहरुको अध्ययन र मूल्याङ्कन अ. प्र. स्नातकोत्तर शोध पत्र (२०६६) त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय म.र.ब. क्याम्पस इलाम ।